

हाल साइप्रसमा कम्युनिष्टहरुको स्थिति कस्तो छ ?
साइप्रसका कम्युनिष्ट नेतासँगको विशेष कुराकानी

# मूल्याङ्कन


यस अंकदेखि मूल्य रु. १७/-
भारतमा भा.रु. १३/-

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क ६१
कार्तिक, २०५५






वैज्ञानिक संस्कार: तीखो बुद्धिको प्रतिफल हो कि दन्हो मुटुको ? - *दीपक ज्ञवाली*





भारतमा रहेका नेपालीहरुको स्थितिबारे एकता समाजका सभापति के भन्छन् ?

## रूस फेरि क्रान्तिको आँधीतिर !



नोबल पुरस्कार विजेता कम्युनिष्ट समर्थक साहित्यकार





कर्णाली योजना: सरकारले गर्न नसकेका कामहरु धेरै छन् -अजय दीक्षित


✦ माओवादी आन्दोलन फड्को र विद्रोह

✦ चाँडै चुनाव भएमा...?

# DUCKHAMS




अन्तरराष्ट्रिय
ISO-9002 को
उच्च गुणस्तरको
लुब्रिकेटिङ्ग आयल






**PRODUCTS OF ALEXANDER DUCKHAMS & CO. ENGLAND**



## विजयादशमी तथा शुभ दीपावली- २०५५ को सुखद उपलक्ष्यमा समस्त उद्यामी तथा व्यवसायीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

## नेपाल औद्योगिक विकास निगम परिवार

पोष्ट बक्स नं १०,
दरवार मार्ग, काठमाडौं ।
फोनः २२८३२२

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १६, पूर्णाङ्क ६१
कार्तिक/२०५५



**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ
**कार्यकारी सम्पादक**
हरिगोविन्द लुईंटेल
**सह-सम्पादक**
राजेन्द्र महर्जन
**सहायक-सम्पादक**
तुल्सीदास महर्जन
विष्णुदेवी श्रेष्ठ
**सम्पादन सहयोगी**
चन्द्र खाकी

**प्रमुख व्यवस्थापक**
श्याम खड्का
**लेखा व्यवस्थापक**
वीरप्रसाद भंसारी
**विज्ञापन व्यवस्थापक**
गुण श्रेष्ठ
**बजार व्यवस्थापक**
दुर्गा खड्का



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

**कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
ख-२/१९१, पुतलीसडक, काठमाडौं-३२
फोन: ४२२७६९, फ्याक्स: ४२३५४९
पो. ब. नं. ७०५०, काठमाडौं


एमाले र मालेले
चुनावी तालमेल गर्ने कि नगर्ने ?

## वाम तालमेलको तयारी हुनुपर्छ कि पर्दैन ?

*चाँडै नै आम चुनाव भएमा के होला ?*

**माओवादी पार्टीभित्रको विवादबारे क. प्रचण्ड के भन्नु हुन्छ ?**

## माओवादी 'जनयुद्ध' फड्को र विद्रोह!

के 'क. प्रचण्डको नेतृत्व स्थापना' र 'आधार इलाका निर्माण'बारे माओवादी पार्टीले लिएको निर्णय ठीक छ ?

## रूस फेरि क्रान्तिको आँधीबेरीतिर !

◆ वर्तमान रूसको भयावह स्थितिको चित्र
❑ कसरी रूसमा ऋणदाताहरू पनि तर्सिन थालेका छन् ?
◆ मुट्ठीभर धनाढ्यहरूको इशारामा कसरी सरकार चल्दैछ ?
❑ रूस टुक्रिने सम्भावना पनि बढ्दैछ !

# वैज्ञानिक संस्कार

## तीखो बुद्धिको प्रतिफल हो कि दरो मुटुको ?

### नेपालमा वैज्ञानिक संस्कृतिको विकास किन भएन ?

रोनाष्टका प्राज्ञ तथा जलस्रोतविद् दीपक ज्ञवालीको गहन विश्लेषण


**हाम्रो मूल्यांकन**
के अब नेपाली जनतालाई सार्वभौम मान्न छोडिएको हो ? ४
**आवरण कथा**
रुस: फेरि क्रान्तिको आँधीबेरीतिर ६
**घटना र प्रवृत्ति**
वाम तालमेलको तयारी हुनुपर्छ कि पर्दैन ? ४
माओवादी जनयुद्ध: फड्को र विद्रोह ५
कर्णाली योजनाबारे अजय दीक्षित १०
प्रसिद्ध भारतीय जनकवि नागार्जुनको मृत्यु १०
आठ वामले फेरि संघर्ष उठाउने ११
**विचारमञ्च**
वैज्ञानिक संस्कार: तीखो बुद्धिको प्रतिफल हो कि दह्रो मुटुको ?
-दीपक ज्ञवाली २२
**विश्व कम्युनिष्ट आन्दोलन**
हाल साइप्रसमा कम्युनिष्टहरुको स्थिति कस्तो छ ?
साइप्रसका कम्युनिष्ट नेतासँग हालै गरिएको कुराकानी १२
**प्रवास**
कस्तो छ भारतमा रहेका नेपालीहरुको स्थिति र समस्या ?
अभानेएसमाजका सभापति गिरधारीलाल


**कर्णाली योजना शुरू गर्नुअघि सरकारले गर्न नसकेका कामहरू धेरै छन्**
जलस्रोतविद्
अजय दीक्षितको विचार


न्यौपानेसँगको कुराकानी १६
**साहित्य**
कमरेडको भैंसी (हास्यव्यंग्य)
-विमल निभा २९
यसरी कविहरुले कविता र छन्दकै वेइज्जती गरे ३०
रामविनयका कविताहरु ३१
**अचेल**
नेताहरुले आन्दोलनमा रगत बगाएका जनताहरुको पीरमर्का बुझ्नु पऱ्यो
-नानीमाया नकर्मी १८
**नीति/संस्कृति**
गणेशवादको प्रसंग
भजनियाँ संस्कृति र द्वन्दात्मक भौतिकवादको साइनो के ?
-चन्द्रदेव नेपाली ३२
**दर्शन परिचय**
सही दर्शन र गलत दर्शन भनेको के हो ?
-प्रज्ञानरत्न २०
**जीवनको झाँकी**
यस वर्षको नोबेल पुरस्कार विजेता 'कम्युनिष्ट समर्थक' साहित्यकार ३४
**प्रेरक प्रसंग**
यसरी लेनिनले समय र साधन बचाउनु भयो ! २१
**पाठकको कुरो** ४२


**'मूल्यांकन'को सूचना**

उत्पादन खर्चमा भएको अत्यधिक बृद्धिका कारण 'मूल्यांकन' एक प्रतिको रू. १५।- बाट रू. १७।- गर्नुपर्ने बाध्यता खडा भएकोले यस अंकदेखि सोही अनुसार पत्रिकाको मूल्य कायम गरिएको कुरा हाम्रा पाठकहरूमा निवेदन गर्न चाहन्छौं ।

*-मूल्यांकन मासिक*


आवरणमा : रुसमा वर्तमान स्थितिको विरोधमा र समाजवादको स्थापनाको मागमा भएका विरोध प्रदर्शनहरु (फोटोहरु: Newsweek, रुसी भाषा संस्करण)
काँधमा : साइप्रसका कम्युनिष्ट नेता क. भेनेजेलोस- जानेतोस (फोटो: सुन्दर बस्नेत)
आवरण सज्जा: सुन्दर बस्नेत, बागबजार फोन: २५२६४५ /कलाकारहरु: लक्ष्मण भूजेल, जि.डि. सारु, यति आर्ट, पुतलीसडक। फोन: २४७१८२
कम्प्युटर सेटिङ्ग: सहदेव खाकी, माइक्रोचिप्स कम्प्युटर सर्भिस, पुतलीसडक, सम्पर्क फोन: ४२२७६९/मुद्रण: इन्द्रेणी अफसेट प्रेस, बागबजार

# के अब नेपाली जनतालाई सार्वभौम ठान्न छोडिएको हो ?

देशका प्रधानमन्त्री र नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाले हिजो आज ठाउँ ठाउँमा भनी हिँड्न थाल्नु भएको छ- 'म संवैधानिक राजतन्त्रलाई अब कुनै पनि हालतमा विरोध गर्न दिन्नँ । गर्नेहरूमाथि सख्त कार्यवाही गर्छु । अब कसैले पनि संवैधानिक राजतन्त्रको आलोचना वा विरोध गर्ने हिम्मत नगरून् ।'

प्रजातन्त्रको मुख्य विशेषता नै के हो भने, यसमा जनताभन्दा सर्वोच्च कोही हुन्नन् र जनताको आलोचनाभन्दा बाहिर कोही हुन्नन् । यही कारणले प्रजातन्त्रमा जनतालाई सार्वभौम भनिएको हो । जहाँ जनता सर्वोच्च हुँदैनन् र जनताभन्दा सर्वोच्च अरू कोही हुन्छन्, त्यो प्रजातन्त्र प्रजातन्त्र नै होइन । त्यो त प्रजातन्त्रको नाममा अरू केही हो । वास्तवमा, संवैधानिक राजतन्त्र भनेको पनि अब जनता र उसले बनाएको संविधानभन्दा माथि होइन, बरू जनताले सिर्जना गरेको संविधान र कानून मातहत हुन् भनिएको हो । राजतन्त्रलाई जनताको आलोचना वा विरोधभन्दा माथि बनाउने हो भने, प्रजातन्त्र वा संवैधानिक राजतन्त्रलाई ल्याउनको निम्ति यत्रो ठूलो संघर्ष गर्नुपर्ने, यति धेरै रगत बहाउनु पर्ने कामै के थियो ? यसका निम्ति त पंचायती निरंकुशतन्त्र नै उपयुक्त थियो नि ! पंचायती निरंकुशतन्त्रको मुख्य सार नै यही थियो कि- त्यहाँ जनता सर्वोच्च होइन, राजतन्त्र सर्वोच्च थियो । अतः राजतन्त्रलाई पंचायतमा जनताको विरोध वा आलोचनाभन्दा बाहिर र माथि बनाइएको थियो । पंचायतमा सर्वभौमसत्ता राजामा निहित छ भन्नुको तात्पर्य नै यही त थियो ।

**संवैधानिक राजतन्त्रको अब आलोचना गर्न नपाइने ?!**

जगजाहेर छ, पंचायती निरंकुशतन्त्र ढाल्न र प्रजातन्त्र ल्याउन नेपाली कांग्रेस पनि कम्मर कसेर लागेको थियो । गिरिजाप्रसाद कोइराला त्यही संघर्षका एक सहयात्री नेपाली कांग्रेसको तीन शीर्षस्थ नेतामध्ये एक हुनुहुन्थ्यो । तर आज किन तिनै गिरिजाप्रसाद कोइरालाले आफ्नै संघर्ष र शहीदको रगत बिर्सेर एकाएक नेपाली जनताको आलोचना वा विरोधभन्दा माथि राजतन्त्रलाई राख्ने कुरा गर्दै हुनुहुन्छ ? किन उहाँमा आम पंचायती भूत सवार भएको हो ? 'खोला तऱ्यो लौरो बिर्स्यो' भने जस्तो किन गर्दै हुनुहुन्छ कांग्रेसका सभापति जस्तो जिम्मेवार मान्छे आज ? के नेपाली कांग्रेसको सभापति अब व्यक्तिगत रूपमा यो देशमा फेरि नेपाली जनता सर्वोच्च वा सार्वभौम हुन छाड्नु पर्छ र राजा पुनः सार्वभौम हुनुपर्छ भन्ने निष्कर्षमा पुग्नु भएको हो ? कि यो सिंगै नेपाली कांग्रेसको संस्थागत मत हो ?

नेपाली कांग्रेसले यस सम्बन्धमा विचार सार्वजनिक गर्नु जरूरी भएको छ । र, सबै प्रजातन्त्रप्रेमी कांग्रेसी बन्धुहरूले आफ्नो सभापतिको बोलीमाथि गभीर हुनु र नियन्त्रण कायम गर्नु जरूरी भएको छ ।

सार्वभौम नेपाली जनताले चुनेर पठाउने सरकारको सर्वोच्च कार्यकारी पदमा गिरिजाप्रसाद कोइराला आसीन हुनुहुन्छ । नेपाली जनताको अधिकार र हितको रक्षा गर्न नै उहाँलाई जनताले यस पदमा चुनेर पठाएको हो । तीसौं वर्ष लडेर ल्याएको नेपाली जनताको सर्वोच्चताको अधिकार खोस्ने उहाँको मनसुवा हो भने, उहाँलाई त्यस कुर्सीमा एक मिनेट पनि बस्ने अधिकार छैन । उहाँले यसको निम्ति बहुदलीय प्रजातन्त्रको प्र.मं.को गरिमामय कुर्सीबाट तुरुन्त ओर्लनु पर्छ, निरंकुशतावादी भूपू पंचहरूको बगालमा मिसिनु पर्छ र पुनः नारा लाउनु थाल्नु पर्छ- 'पंचायती व्यवस्था जिन्दावाद ! सक्रिय राजतन्त्र- चाहिन्छ चाहिन्छ !! जनताको सर्वोच्चता- मूर्दाबाद !!'

प्रधानमन्त्री गिरिजाको बोलीको प्रवृति हेर्दा यस्तो प्रतीत हुन्छ- उहाँले या त राजतन्त्रसित केही गोप्य साँठगाँठ थाल्नु भएका छ ? या उहाँले खालि चुनावमा निरंकुशवादी पंचहरूको समेत भोट तान्न दरबारको चाकडी थाल्नु भएको हो ? ❑



# एमाले र मालेले चुनावी तालमेल गर्ने कि नगर्ने ?

# वाम तालमेलको तयारी हुनुपर्छ कि पर्दैन ?

प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले आगामी वैशाखमा चुनाव गर्ने संकेत दिँदै हिँड्नु भएको छ । कांग्रेसी वृत्तमा यस सोचले अब विस्तारै सर्वस्वीकृत रुप लिएको छ ।

सरकारमा सहभागी घटक नेकपा (माले) शुरुमा चाँडो चुनावको विरोधमा रहेको देखिए तापनि कांग्रेसले अठोट गरेमा ऊ पनि त्यसको विरुद्ध नजाने लक्षण माले नेताहरुका पछिल्ला भनाइहरुले प्रकट गरेका छन् । एमालेले भने पहिलेदेखि नै तत्काल चुनावको माग गरिरहेको छ ।

**चाँडै नै आम चुनाव भएमा के होला ?**

मालेले अन्कनाएमा तुरुन्त एमालेसँग तालमेल गर्न सकिने 'बार्गेनिङ्ग शक्ति' प्राप्त गरेको कांग्रेस यतिखेर आफ्ना योग्यताले हैन, एमालेको फूटले गर्दा निकै सुविधायुक्त अवस्थामा पुगेको देखिन्छ । फूटपछिका एमालेका घटकहरु - माधव-ओलीको एमाले र वामदेव-सिपीको माले एक अर्काप्रति शत्रुतापूर्ण द्वेषको मानसिकतामा रहेको कारण यसको व्यापक फाइदा उठाउने मौका कांग्रेसले छोपिरहेको देखिन्छ ।


गत दुई महिनाअघि मात्र मध्य पश्चिमी क्षेत्रका एघार जिल्लामा भएका जिल्लास्तरीय स्थानीय निकायको चुनावमा एमाले र मालेबीचको फूटको फाइदा उठाएर कांग्रेसले केही गतिलै सफलता हात लगाएको जगजाहेर छ । र, यही कार्तिकको अन्तमा आयोजित इलाम, गोरखा र अर्घाखाँचीका जिल्ला चुनावहरुमा पनि यही परिणति हुने लक्षण देखिएको छ ।

यी चुनावहरुमा माले र एमाले दुवै बरु प्रतिक्रियावादीसित पनि मिल्न तयार, तर आपसमा मित्रशक्तिबीच मिल्न भने पटक्कै बेतयार देखिएका छन् । सिद्धान्तहीनता र बेहोशीको योभन्दा उदांगो रुप अरु के होला ?

ढीलो चुनाव भएमा माले-एमाले बीचको यो असैद्धान्तिक 'पानी बाराबार'को स्थिति फेरिने दिशातिर जान सक्ने क्षीण संभावना समेतलाई ध्यानमा राखी कांग्रेस चाँडै नै चुनाव गराउन उद्यत छ । कारण, अहिले एमालेका नेताहरुले 'माले गुटसंग त चुनावी तालमेल गर्ने प्रश्नै उठ्दैन' भन्न छाडेका छैनन् र मालेका नेताहरु पनि एमालेप्रति यस्तै धारणा व्यक्त गरिहिँड्दैछन् ।

## चुनाव चाँडै भएमा के होला ?

वास्तवमा,- मुलुकमा हाल स्थिति कस्तो देखिएको छ भने, सबै चुनावी पार्टीहरु अहिले 'लोकप्रियताको स्थितिमा' छैनन् । तिनले आफ्नो भए बचेको पुरानो 'साख' पनि गुमाएका छन् । जनताको बाध्यताको फाइदा र विकल्पहीनताको फाइदा उठाउनुबाहेक तिनका सामु अर्को कुनै 'आकर्षण' बाँकी रहेको छैन । 'अर्कोको अयोग्यता नै आफ्नो योग्यता'



पत्रपत्रिकाहरूले यदाकदा प्रकाशित गर्ने गरेको नेकपा माओवादीका महामन्त्री क. प्रचण्ड र वरिष्ठ नेता क. किरणको फोटो ।
*फोटो साभार: 'घटना र विचार'*

# माओवादी 'जनयुद्ध' फड्को र विद्रोह !

करीब तीन महिनाअगाडि नेकपा माओवादीको चौथो विस्तारित बैठकले तय गरेका मध्ये दुई महत्वपूर्ण निर्णयहरु थिए- 'जनयुद्ध' को क्रममा अब 'आधार इलाका निर्माण'को चरणतर्फ अघि बढ्ने भन्ने निर्णय र महामन्त्री क. प्रचण्डको नेतृत्वलाई कार्यकर्ता र जनताबीच स्थापित गर्ने भन्ने निर्णय ।

यी निर्णयहरुको कार्यान्वयनको रुपमा क. प्रचण्डको जीवनीपक्ष, विचार एवं सांगठनिक योगदानहरुको चर्चालाई विस्तार गरिएको पाइएको छ । यसैगरी 'आधार इलाका निर्माण' को चरणमा जुट्ने संकल्प अन्तरगत यही कार्तिक १० गतेदेखि जनयुद्ध चौथो चरणमा प्रवेश गरेको घोषणा गरिएको छ ।

सोही दिन कार्तिक १० गते माओवादीहरुले देशव्यापी रुपमा आफ्नो आक्रमणलाई तेज बनाएर यो चौथो चरणमा आफू प्रवेश गरेको जनाउ व्यवहारिक स्तरमा दिएको देखिएको छ । रोल्पा, काभ्रे, तनहुँ, लम्जुङ र ज़ाजरकोट, रुकुम, सल्यान, प्यूठान, आदि क्षेत्रमा प्रहरी चौकीहरुमाथि माओवादीहरुले आक्रमण गरेको, देशभरिका विभिन्न स्थानहरुमा 'आधार इलाका निर्माणको महान दिशामा अघि बढौं' भन्ने नारा लेखन गरेको, पर्चा, पोस्टरिङ्ग र राँके जुलूसहरु निकालेको घटनाबाट शुरु भएको यो चौथो चरण आजसम्म आइपुग्दा अन्य धेरै ठाउँहरुमा प्रवेश गरिरहेको पाइन्छ ।

गत अढाई वर्ष अघिदेखि शुरु भएको माओवादी जनयुद्धका क्रममा ३०० जनाभन्दा बढी जनता र आफ्ना कार्यकर्ताहरु पुलीसको हातबाट मारिइसकेको कुराको स्मरण गर्दै एक वक्तव्य सार्वजनिक गरी नेकपा माओवादीले गत कार्तिक १० गते आधार इलाका निर्माणको दिशामा अघि बढ्न पार्टी, जनसेना र क्रान्तिकारी संयुक्त मोर्चाका संबन्धमा गुणात्मक नीति र कार्यक्रम तयार गरिएको' दावी पनि गरेको छ ।

गत कार्तिक १० गतेपछिका दुई हप्ताभित्रै माओवादी कार्यकर्ता र आम जनता गरी करीब ५० जना व्यक्तिहरुको हत्या सरकारले गरिसकेको छ । यसैबीच, आधा दर्जन जति प्रहरीहरु माओवादीद्वारा मारिएको र डेढ दर्जन जति प्रहरीहरु घाइते भएका छन् ।

प्रहरीले प्यूठानमा बस कुरिरहेका व्यक्तिलाई गोली हानेको, रोल्पामा गिरफ्तार व्यक्तिलाई जंगलमा लगेर

**के 'क. प्रचण्डको नेतृत्व स्थापना' र 'आधार इलाका निर्माण'बारे माओवादीले लिएको निर्णय ठीक छ ?**

हुने स्थितिमा उनीहरु पुगेका छन् ।

यस स्थितिमा जालझेल र टुटफुटका माध्यमबाट अर्काको 'भोट चोर्नु' बाहेक यिनले आफ्ना सामु अर्को बाटो देखेका छैनन् । एमाले-मालेको निरुद्देश्य, स्तरहीन र असैद्धान्तिक झगडा र द्वषले मुलुकमा अवसरवादको बाँधको ढोका खोलिदिएको छ । आफूलाई गूटगत फाइदा पुग्छ भने जुनकुनै पार्टी पनि अर्को प्रतिक्रियावादी पार्टीसंग पनि मिल्न तयार, नत्र भने मित्रसित पनि मिल्न बेतयार हुने प्रवृत्ति मौलाएको छ । यो प्रवृत्तिको झल्को हालैको १२ जिल्ला र पछि ३ जिल्लाका चुनावहरुले देखाएका छन् । त्यही कांग्रेस कहीं एमालेसंग मिलेको छ, कहीं मालेसंग, र कही राप्रपासंग पनि । ऊ त कांग्रेस भयो, गऱ्यो भनौं, तर यस्तै प्रवृत्ति माले-एमालेको पनि र अन्य पार्टीको पनि देखियो ।

यो प्रवृत्ति आगामी आम निर्वाचनमा झन् चर्को ढंगमा मुलुकमा बढ्ने देखिएको छ । यसले गर्दा कुनै पनि चुनावी पार्टीको 'सशक्त चुनावी मुद्दा' नहुने प्रष्ट नै छ । 'जसरी पनि कुर्सीमा पुग्ने' एक मात्र मूल मन्त्र बोकेर अघि बढ्ने आगामी चुनावी यात्राले जनतालाई 'अवसरवाद'को घिनलाग्दो ताण्डव नृत्य प्रस्तुत गर्ने निश्चित छ ।

## माओवादी

संसदीय मोर्चाका पार्टीहरुको निकृष्टताको माहौलमा उग्रवादी नै सही, एक मात्र विकल्पको रुपमा यतिखेर नेकपा (माओवादी) देखिएको छ । नेकपा (एकता केन्द्र) र नेकपा (मसाल) र नेमकिपा जस्ता तुलनात्मक रुपले मध्यम मार्ग बोकेका शक्तिहरुले विविध कारणले गर्दा आफूलाई आम जनतामा देशव्यापी विकल्पको रुपमा प्रस्तुत गर्न सकेका छैनन् । शक्तिका हिसाबले भौतिक अगुवा हुन नसके पनि वैचारिक सांस्कृतिक रुपले अगुवा हुन यी शक्तिहरुलाई संभव थियो, तर यस दिशामा पनि यी शक्तिहरु प्राथमिकताका साथ लागिपरेका देखिँदैनन् ।

छिट्टै हुने प्रबल संभावना भएको आगामी आम चुनावमा आफ्ना निश्चित संख्याका प्रतिनिधिहरु संसदमा पठाई संसदीय मोर्चाबाट पनि संघर्षलाई अघि बढाउने हो भने यी शक्तिहरुले आ-आफ्ना सक्षम उम्मेदवार छानी संभावित क्षेत्रमा चुनावी तयारीकै कोणबाट काम थालीहाल्नु जरुरी छ ।

नेकपा (माओवादी)ले आगामी आम चुनाव बहिष्कार गर्ने घोषणा र अपील गरेको छ । यसका महामन्त्री क. प्रचण्डले प्रतिक्रयावादी चुनाव बहिष्कार गरी आफ्नै जनवादी स्थानीय सत्ताको चुनावको तयारीमा लाग्ने आशयको अपील जनतामा गर्नु भएको छ । देशका १९ वटा जिल्लाहरुमा यस्ता 'जनसत्ताका चुनावहरुको तयारी गरिने' भन्ने प्रकारका समाचारहरु केही पत्रिकाहरुले छापिरहेका पनि छन् ।

तर 'स्थानीय जनसत्ता' को चुनाव भन्ने कुरा निकै अमूर्त र भावुकतापूर्ण प्रचारको रुपमा मात्र रहेको देखिन्छ । र, पनि के कुरा चाहिं प्रष्ट छ भने, केही वर्षको हतियारबन्द संघर्षको अनुभव बोकिसकेको नेकपा माओवादीले आगामी आम चुनावलाई विथोल्न 'उल्लेखनीय कोशिस' भने अवश्य नै गर्नेछ ।

## वाम तालमेलको संभावना

आगामी आम चुनावका सन्दर्भमा मुलुकका वामपन्थी पार्टीहरुबीच तालमेल हुनु र नहुनुको ठूलो अर्थ रहने प्रष्ट नै छ । त्यसकारण, चुनावमा भाग लिने नेपालका सबै वाम पार्टीहरुले विगतमा जस्तो गल्ती नगरीकनतालमेलका निम्ति आजैदेखि सामान्य मानसिक तयारी गर्नु जरुरी भएको छ । तर, यो जरुरतका बावजूद माले-एमालेको तानातानी र मनमुटावले गर्दा यो तालमेलमा ठूलो नकारात्मक असर पर्न जाने संभावना ज्यादा देखिएको छ ।

मसाल, एकता केन्द्र, नेमकिपा प्रवृत्तिका वामहरुबीच तालमेल गरी त्यसपछि उनीहरुले माले वा एमालेसंग तालमेल गर्ने वातावरण बनाउन जरुरी छ । नेकपा एमाले र नेकपा मालेले आज व्यक्त गर्ने गरेका चुनावमा 'आपसमा मिल्नै नसकिने' भन्ने भनाइ सैद्धान्तिक रुपले विल्कुलै बेठीक र कार्यनीतिक रुपले आत्मघाती भनाइ हो । यो बिल्कुलै व्यक्तिगत द्वेष, झोकफेराइ र रीसइबि साध्ने हदको प्रवृत्ति मात्र हो । एउटै सिद्धान्त 'बहुदलीय जनवाद' मान्ने दुई पार्टीहरुबीच चुनावी 'एकता' संभवै छैन भन्नु सरासर अदूरदर्शी र अराजनैतिक कुरा हो ।

अहिले मुलुकमा समस्त दक्षिणपन्थी शक्तिहरु एमाले र मालेलाई कुनै पनि तरीकाले 'मिल्न नदिन' सक्रिय छन् । एउटै पार्टीमा रहन नसकेकाहरुले थुप्रै 'कार्यगत एकता'हरु गरेका उदाहरणहरु नेपाल र अन्य देशका विगतहरुले देखाएका छन् । तर यिनबाट पाठ सिक्ने काम एमाले र मालेका नेताहरु, कार्यकर्ता र बुद्धिजीवीहरुले गरिरहेका छैनन् । 'तालमेल' को पक्षमा कुरा मात्रै उठेमा पनि त्यस कुरा उठाउनेलाई 'लौ अब केही सीप नलागेर हाम्रा सामु घुँडा टेक्न आयो ?' जस्ता प्रचार गरी 'फूट'लाई नै मलजल गर्न अघि बढ्ने तत्वहरुदेखि नेकपा एमाले र नेकपा मालेमा रहेका इमान्दार कार्यकर्ताहरुले सावधान हुनै पर्छ । हैन भने, उनीहरु सधैं अस्वस्थ र असैद्धान्तिक, अराजनीतिक गोटीचालको शिकार भइरहने छन् । यसले मुलुकलाई ठूलो घाटा पार्नेछ ।

**नेकपा एमाले र नेकपा मालेले आज व्यक्त गर्ने गरेका चुनावमा 'आपसमा मिल्नै नसकिने' भन्ने भनाइ सैद्धान्तिक रूपले विल्कुलै बेठीक र कार्यनीतिक रूपले आत्मघाती भनाइ हो ।**

◆ **हरिगोविन्द लुइँटेल**

# घटना र प्रवृत्ति



*नेकपा माओवादीका गुरिल्लाहरू*

**घटनाहरूले देखाएको छः -माओवादीहरूको सक्रियता बढ्दो छ, घटेको छैन । -र, सरकारले मान्छे मार्ने कामलाई पनि घटाएको छैन, अरू तेज गरेको छ ।**

गोली हानेको, लम्जुङमा घरबाट थुतेर लगी मारेको, सिन्धुली र धनुषा आदि जिल्लामा पनि यस्तै रवैया अप्नाई हत्या गर्ने कार्य जारी गरेको देखिएको छ ।

माओवादी छापामारहरुले पनि यसैबीच, स्याङ्जा बेनी बजारमा प्रहरी चौकीमा आक्रमण गरेको, दोलखा जिल्ला प्रहरी कार्यालयको कम्पाउण्डमा ३ सेल बम पड्काएको, प्रहरीसंग भीडन्त गरेको र सल्यान जिल्लाको थारमारेमा प्रहरी चौकीमा बम प्रहार गरेका छन् । यसैगरी, चितवन जिल्लाको चनौली र भोजाडमा प्रहरी चौकीनेर बम पड्काएको एवं हेटौडाको डि.एस.पी. कार्यालयमा, गोर्खाको ताकुकोट प्रहरी चौकीमा, बाग्लुङको छिस्ती बेलबगरको पुलीस चौकीमा, रसुवाको डिस्टीलरीमा, पर्साको निर्मल वस्ती प्रहरी चौकीमा, गुल्मीमा सिमलटारी प्रहरी चौकीमा, प्यूठानको पूजास्थित प्रहरी चौकी, कास्की, नवलपरासी कपिलवस्तु, अर्घाखाँची र तनहुँ जिल्लाका मालपोत कार्यालयहरुमा पनि उनीहरुले बम विस्फोट गराएका छन् ।

रुकुममा नेपाल बैंकको एक उपशाखाबाट बन्दूक, ३८ लाख रुपियाँ बराबरको सुन चाँदी कब्जा गरेको, रोल्पामा कृषि विकास बैंकमाथि बम विष्फोट गरेको, चितवन कुमरोजमा सहकारी संस्थामा पसी किसानहरुका जग्गाका कागजातहरु आफ्नो कब्जामा लिएको, जनकपुरमा जिल्ला कांग्रेसको सभापतिको घरमा बम विस्फोट गराएको, सुर्खेतमा रेडियो स्टेसनको गार्डको हतियार खोसेको, त्यहाँको मानपुरटपरा गाउँको दुर संचार भवन र टेलिफोन लाइनमा क्षति पुऱ्याएको, धादिङ्ग भैरबस्थानमा टेलिफोन रिपिटर ध्वस्त गरेको आदि घटनाहरु माओवादीहरुले गरेका छन् । ठाउँठाउँमा 'सूदखोरहरु र जासूसहरुलाई कारवाही गरेको' भनी मानिसहरुलाई घाइते बनाएका वा मारेका घटना पनि प्रकाशमा आएका छन् ।

यी घटनाहरुले देखाएको छः

-माओवादीहरुको सक्रियता बढ्दो छ, घटेको छैन ।

-र, सरकारले मान्छे मार्ने कामलाई पनि घटाएको छैन, अरु तेज गरेको छ ।

यस चरणमा आइपुग्दा सरकारले माओवादीका खास खास स्थानीय नेताहरु समेतलाई पक्रेर मार्ने वा भीडन्तमा मरेको भनी जहाँतही गोली हान्ने गरिरहेको छ । यसले यसबीच रुकुमका विश्वेश्वर पोखरेल, सिन्धुलीका महेन्द्र श्रेष्ठ र उदयपुरका सोमबहादुर माझी जस्ता प्रभावशाली युवा नेताहरुको समेत हत्या गरेको छ ।

नेकपा माओवादीले दावी गरेको जनयुद्धको क्रममा 'फड्को मार्ने' अभियान यसरी अहिले बडो जटील र प्रत्यक्ष मुठभेडको हदसम्म पुगेको छ । यसले आम जनतामा मिश्रित प्रतिकृया पैदा गरिरहेको पाइएको छ ।

पुलीस र माओवादीको मुठभेड र तानातानीबाट कतिपय जिल्लामा आम जनताहरुमा वितृष्णा पैदा हुन शुरु भएका उदाहरणहरु पनि भेटिन थालेका छन् । यद्यपि, माओवादी स्वयंको भने यतिखेर हौसला वृद्धि नै भइरहेको देखापरिरहेको छ ।

## विद्रोह

तर पनि माओवादी पार्टीभित्र मतभेद तीव्र हुन गएको संकेत प्राप्त भएको छ । खासगरी आधार इलाका निर्माणको चरण हाल भैनसकेको भन्ने र वैधानिक जनसंघर्षलाई पनि उत्तिकै महत्व दिनुपर्छ भन्ने 'भिन्न मत'को पार्टीमा सुनुवाई नभएको बुझिएको छ ।

नेपालको वर्तमान राज्य संरचना र स्थितिभित्र के आधार इलाका टिक्न सक्छ ? के चीनमा क. माओको समयको जस्तो अवस्था यहाँ छ र ? यस स्थितिमा चीनको ठाडो नक्कल के नेपालमा फिट हुन सक्छ र ?

थुप्रै वामपन्थीहरुले नेकपा माओवादीलाई यो प्रश्न सोधिरहेको वर्तमान समयमा यही प्रश्नले उक्त पार्टीभित्र पनि आकार ग्रहण गरेको बुझिएको छ ।

पार्टीभित्रको यो 'भिन्नमत'ले पार्टीको हालैको चौथो विस्तारित बैठकले 'नेतृत्व स्थापना'बारे लिएको निर्णयमाथि पनि आपत्ति जनाएको छ । क. प्रचण्डको निम्न पूँजीवादी व्यक्तिवादी महत्वाकांक्षाको रुपमा यस निर्णयलाई सो पक्षले बुझेको देखिन्छ ।

बाँके बर्दिया क्षेत्रमा नेकपा माओवादीमा क्रियाशील र सहयोगीको रुपमा सक्रिय अठार जना व्यक्तिहरुले हालै सार्वजनिक गरेको वक्तव्यले यही कुराको पुष्टि गरेको छ ।


वक्तव्य दिएर नेकपा माओवादी पार्टी समेत त्याग्ने सो पार्टीको बाँके जिल्ला पूर्व सेक्रेटरी र वर्तमान एरिया सदस्य आई.पी. खरेल, बाँके बर्दिया पार्टी जिल्ला सदस्य भरत दाहाल र पार्टी सदस्यहरु रमेश तिवारी, चुलुवा चौधरी, हुकुमदास चौधरी, कृष्णप्रसाद शर्मा, शान्ति चौधरी, दुर्गा प्रसाद थारु, राम दुलारु थारु, सूर्य ब. चौधरी, कालीप्रसाद थारु, प्रकाश पुन, रबिलाल गैरे, बसन्त गैरे र भुवन गैरेले हस्ताक्षर समेत गरी जारी गरेको सो वक्तव्यलाई नेकपा माओवादी पक्षधर अखबारहरुले 'पलायन' र 'गद्दारी' भनी निन्दा गरेका छन् । क. प्रचण्ड स्वयंले पनि 'जनादेश' पत्रिकालाई दिनु भएको पूरा पाँच पेज लामो विशेष अन्तरवार्तामा एक प्रसंगमा 'विद्रोही' हरुको आफूमाथिको आरोपलाई संशोधनवादी र अवसरवादीहरुको आरोपको अर्थमा संकेत गर्नु भएको छ ।


तर पनि विद्रोहीहरुले आधार इलाकाबारे र नेतृत्व स्थापनाबारे व्यक्त गरेका विचारहरुले जुन मूर्त विषयहरु प्रस्तुत गरेको छ, त्यसको संकेत र अभिप्रायलाई नकार्न भने मिल्दैन भन्ने हामीलाई लाग्छ ।

यसरी छापामार युद्ध घोषणाको अढाई वर्षपछि माओवादीहरुमा देखा परेका नयाँ परिघटनाहरुमध्ये एउटा, नेताको व्यक्तिपूजाको थालनी, दोस्रो आधार इलाका निर्माणको सार्वजनिक घोषणाका बारे स्पष्ट धारणा बनाइनु पर्छ भन्ने हामीलाई लाग्छ ।

कम्युनिष्ट पार्टीहरुमा नेतृत्व विकसित र स्थापित हुनुपर्छ । यसमा विवाद छैन । तर, कम्युनिष्ट नेतृत्वको विकास भनेको वास्तविक र स्वाभाविक हुनुपर्छ । र, त्यो लादिएको नेतृत्व हुनुहुँदैन । व्यक्तिगत जीवनको हरेक पक्षमा व्यवहारिक वर्ग संघर्षको प्रत्येक पक्षमा, र वैचारिक संघर्षको हरेक पक्षमा साम्यवादी आन्दोलन अघि बढाउँदा जुन व्यक्ति सर्वश्रेष्ठ साबित हुन्छ र उसमार्फत् सामूहिक ज्ञान र अनुभव सर्वश्रेष्ठ ढंगले अभिव्यक्त हुने गर्छ, त्यही व्यक्ति वास्तविक नेताको रुपमा संगठनभित्र र बाहिर पनि स्वभावतः स्थापित हुने गर्छ । त्यसलाई जोडबल गरेर स्थापित गरिराख्नु पर्दैन ।

तर माओवादी पार्टीभित्र नेतृत्व स्थापनाको नाममा जुन प्रक्रिया चलेको देखिएको छ, त्यो वास्तविक र स्वाभाविक देखिएन । यान्त्रिक ढंगले यसरी नेतृत्व थोपर्दा संगठनभित्र लादिएको नोकरशाही





*रूकुममा प्रहरीद्वारा मारिएका क. शान्तबहादुर पुनः र क. पूर्णप्रसाद शर्मा*

नेतृत्व मात्र विकास हुने हुन्छ । 'व्यक्ति पूजा' मात्र बढ्ने हुन्छ । नोकरशाही नेतृत्व र व्यक्ति पूजाबाट संगठनभित्र नेता नेताबीचको व्यक्तित्वको टक्कर पैदा हुन्छ । कार्यकर्ताहरुको मन मस्तिष्कमा आलोचनात्मकता र सिर्जनशीलता होइन, अन्धता मात्र पैदा हुन्छ । तसर्थ, यो परिघटना माओवादीभित्र विकास भएको सकारात्मक परिघटना देखिन्न । माओवादी नेतृत्वले यसबारे गंभीरतापूर्वक सोच्नु जरुरी छ ।

कुनै पनि मुलुकमा आधार इलाका जसले पनि एकचोटि त स्थापित गर्न सक्छ, तर त्यो टिक्छ कि टिक्दैन भन्ने कुरा हाम्रो मनोगत इच्छामा भर पर्दैन । त्यो कुरा त्यस देशको ठोस आर्थिक राजनीतिक स्थितिमा भर पर्छ । चीनमा माओले निर्माण गर्नु भएको आधार इलाका यस कारणले टिकेको थियो कि, चीनमा त्यतिखेर अधिकांश ग्रामीण इलाकामा आर्थिक हिसाबले आत्मनिर्भर चरित्रको प्राकृतिक अर्थतन्त्रको बाहुल्य थियो । त्यहाँ, राजनीतिक रुपले अलग अलग युद्ध सरदारहरुको अलग अलग ठाउँमा प्रभुत्व थियो र उनीहरुबीच अन्तरविरोध थियो । भौगोलिक रुपले चीनसित क्रान्तिकारी सेनाले अघि बढ्न र पछि हटनका लागि प्रशस्त भूमि विद्यमान थियो । माओले आफ्नो रचनाहरुमा चीनमा आधार इलाका किन टिक्न सक्छ र श्वेत इलाकाको घेराभित्र पनि लाल इलाका कसरी टिक्न सक्छ भन्ने सम्बन्धमा यी तथ्यहरु राम्ररी उल्लेख गर्नु भएको छ । तर के नेपालमा त्यो आर्थिक-राजनैतिक-भौगोलिक स्थिति विद्यमान छ ? त्यो त कतै देखिन्न । अनि कसरी यहाँ आधार इलाका टिक्न सक्छ ? यहाँ त, केही पर्वतीय, पहाडी क्षेत्रका सीमित इलाका बाहेक सबै क्षेत्रमा आत्मनिर्भर चरित्रको प्राकृतिक अर्थतन्त्र ध्वंश भइसकेको छ । त्यसैले, कुनै इलाकामा आधार इलाका बनाइहाले पनि चारैतिर प्रतिक्रियावादी सेनाले नाकाबन्दी गरेपछि आर्थिक हिसाबले नै त्यो इलाका जीवित रहन सक्दैन । अनि कसरी दिगो रहन्छ त आधार इलाका ?

त्यस्तै, राजनीतिक रुपले पनि यहाँ एकीकृत केन्द्रीय राजनीतिक प्रणाली र सेना र प्रहरीयन्त्रको प्रभुत्व भएको स्थिति छ । कुनै इलाका पनि केन्द्रबाट अलग्ग र राजनीतिक रुपमा आत्मनिर्भर छैन । दुई घण्टाभित्र केन्द्रीय सेना कुनै पनि भागमा उत्रन सक्छ । यो स्थितिमा कसरी टिक्छ आधार इलाका ?

भौगोलिक हिसाबले पनि लाल सेना अघि बढ्न र पछि हट्न हामीसित पर्याप्त भूक्षेत्र नै छैन । यी सबै कोणबाट हेर्दा माओवादी मित्रहरुले आधार इलाका निर्माणसम्म गर्न सक्नु होला । तर त्यो दिगो रहने वस्तुगत परिस्थिति नेपालमा विद्यमान देखिन्न । ❑

# यस कारण भयो माओवादीमा विद्रोह !

**१८ जना माओवादी विद्रोहीको सार्वजनिक वक्तव्यले के भनेको छ ?**




विचारधारात्मक रुपमा समाजको सबैभन्दा उन्नत वैज्ञानिक दृष्टिकोण हुनुका बावजुद संगठनात्मक दृष्टिले मार्क्सवादी आन्दोलन अहिले पनि अत्यन्त कमजोर छ । विशेषतः पूर्व सोभियत संघ र चीनमा सहज रुपमा भएका प्रतिक्रान्ति र त्यसका विरुद्ध हुनुपर्ने स्वाभाविक प्रतिरोधमा देखापरेको उदासिनताले कम्युनिष्ट आन्दोलनको संगठनात्मक चिन्तनमा महत्वपूर्ण खोटहरु भएको तथ्य पहिले नै उजागर भएको हो ।

मानव जाति व्यवहारिक रुपमा वैज्ञानिक विश्व दृष्टिकोणले सक्षम हुनुपर्ने र वैज्ञानिक विचारधारालाई सर्वोपरि राखी सामाजिक रुपान्तरणको दिशामा अग्रसर हुनुपर्ने ठाउँमा क्रान्तिकारी विचारधारा श्रमजीवी जनताबाट ओझेलमा पर्दै जाने र त्यसको ठाउँमा व्यक्तिको प्रभुत्व प्रभावी हुँदै आउने प्रतिगमनकारी प्रवृत्ति बेलगाम भएर आएको छ । फलतः अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा नोकरशाही व्यक्तिवादी चिन्तन, सामाज रुपान्तरणको निम्ति सबैभन्दा ठूलो चुनौति भएर देखापरेको छ । पार्टी वा आन्दोलनभित्र व्यक्तिको रुपमा प्रभावित हुँदै आएको निजत्व नै मार्क्सवादी आन्दोलनको भ्रष्टीकरण र पूँजीवादी पुनर्स्थापनाको मूलाधार बन्न पुगेको छ ।

साम्यवादी विचारधाराको लक्ष, भौतिक र मानसिक रुपमा कायम रहेको निजी स्वामित्वको उन्मूलन गर्नु हो । तसर्थ, कम्युनिष्ट हुनुको अर्थ आफ्नो जीवनलाई त्यसदिशातिर उन्मुख गराउनु हो । यही वैज्ञानिक जीवन दर्शनका आधारमा मार्क्सवादले व्यक्तिलाई वर्गको रुपमा र वर्गलाई साम्यवादी समाजको रुपमा रुपान्तरण गर्ने लक्ष राखेको हो तर यसका विपरीत दुनियाँका अधिकांश कम्युनिष्ट पार्टीहरुले साम्राज्यवादको राजनीतिक चरित्रको समरुप आफ्नो राजनीतिक संगठनात्मक रणनीति बनाउँदै आएका छन् । प्रतिस्पर्धात्मक पूँजीवाद जब एकाधिकारवादी बन्दै आयो, दुनियाँका कम्युनिष्ट पार्टीहरुको संगठनात्मक ढाँचा र राजनीतिक चिन्तनमा पनि नोकरशाही प्रवृत्ति मौलाउँदै आयो । र, पार्टीभित्रका राजनीतिक मतभेदहरुलाई प्रशासनिक कार्वाहीको रुपमा हल गर्ने भडुँवा समाधान प्रणालीको जन्म भयो । फलतः समाजको पछौटेपन र त्यसका सीमाहरुलाई सचेत प्रयत्नद्वारा तोडेर त्यसलाई आमूल सांस्कृतिक रुपान्तरणको दिशातिर बदल्नुको सट्टा समाजको त्यही पछौटेपन र सीमाहरुलाई उपयोग गरेर आफ्नो व्यक्तिगत महत्वाकांक्षाको पूर्ति गर्ने जस्ता घिनलाग्दा मनोवृत्तिहरु मौलाएर आए ।

यस प्रकारका विकृतिहरुको बाहकको रुपमा नेकपा (माओवादी) को 'शिर्ष' नेतृत्व देखापरेको छ । युद्धकालमा केन्द्रीयता प्रधान हुन्छ भन्ने निरपेक्ष अवसरवादी मान्यताभित्र त्यसले तुच्छ दर्जाको व्यक्तिवाद लादेको छ र जनवादी केन्द्रीयतालाई प्रदर्शनीमा राखिएको तमासा बनाएको छ । माथिदेखि तलसम्म कार्यकर्ताहरुको मूल्यांकन, पदोन्नति, कार्वाही, भर्ति गर्ने अधिकार एउटा व्यक्तिलाई दिएर कमिटी प्रणाली र सामूहिक नेतृत्वको मान्यता स्वाहा पारेको छ । यति मात्र होइन, सामूहिक कमिटी प्रणालीलाई 'बहुलवाद'को संज्ञा दिएर माओवादी 'शिर्ष' नेतृत्वले संसारमा आजसम्म कतै नदेखिएको कुरुप सामन्तवादी चेहराको प्रदर्शन गरेको छ ।

हालै चौथो विस्तारित बैठकको नाममा प्रकाशमा आएको प्रचण्डको 'क्लब सभा' ले इतिहास निर्माणमा लाखौं श्रमजीवी जनताले आजसम्म खर्च गर्दै

## विद्रोहीहरूले उठाएका सवालहरू के के हुन् ?

# माओवादी पार्टीभित्रको विवादबारे



फोटो साभार: जनआस्था

# क. प्रचण्ड के भन्नु हुन्छ ?

◆ चौथो विस्तारित बैठकको कुरा बाहिर आइसकेपछि नेतृत्वबारे पार्टीभित्र तीव्र विवाद छ भन्ने कुरा आइरहेको छ । यसको वास्तविकता के हो ?

**–जनयुद्धको ऐतिहासिक पहल भएदेखि नै प्रकृयावादी, संशोधनवादी संचारयन्त्रहरु हाम्रो पार्टीभित्र नेतृत्वको विवाद छ भन्ने कुरा लगातार रुपमा प्रचार गर्दै आएका छन् । कहिले कुन रुपमा, कहिले कुन रुपमा भइरहेको षड्यन्त्रलाई हामीले नजिकबाट हेरिरहेका छौं । पार्टीभित्र छलफल, बहस हुन्छ, त्यो अनिवार्य रुपमा हुन्छ, यसको महत्व, औचित्य के हो भन्ने कुरा पनि चर्चा गरिसकेका छौं । जहाँसम्म अहिले हाम्रो पार्टीमा नेतृत्वभित्र विवाद छ भन्ने कुरा हो: त्यो सत्य होइन, किनकि एउटै तथ्य जो सामान्य ज्ञान भएको मान्छेले पनि सजिलै बुझ्नसक्छ कि, हाम्रो केन्द्रीय समितिको विस्तारित बैठकमा नेतृत्व लगायत सम्पूर्ण योजनाहरु एकमतले पारित भएका हुन् । त्यहाँ कसैको विवाद छैन । यो सत्य, जुन दिनको घाम जत्तिकै छर्लङ्ग छ, यो देख्दादेख्दै विवादको परिकल्पना गर्नु प्रतिक्रियावादी र संशोधनवादीको षड्यन्त्र मात्रै हो र प्रतिक्रियावादी र संशोधनवादीको त्यस प्रकारको प्रचारवाजीबाट हाम्रो पार्टीका कोही साथीहरु प्रभावित भए भने त्यो विडम्बना हुनेछ । सच्चाइ के हो भने, हामी केन्द्रीय समिति मात्र होइन, विस्तारित बैठकमा देशभरिका कार्यकर्ताहरु समेत एक मतले, चाहे त्यो नेतृत्व सम्बन्धी प्रश्न होस्, चाहे त्यो आधार इलाका निर्माण सम्बन्धी प्रश्न होस्, चाहे अन्य संगठनात्मक सुद्धीकरण सम्बन्धी प्रश्न होस्, सबै विषयमा हामी एकमत भएका छौं । यो नै सच्चाइ हो । नेतृत्वको विवादका कुरा संशोधनवाद र प्रतिक्रियावादीहरुको कपोलकल्पित हल्ला हो र जनयुद्धलाई कमजोर पार्ने र हाम्रो पार्टीलाई बदनाम गर्ने षड्यन्त्र मात्र हो । यो कुरा पनि निश्चित हो कि, जनयुद्धको भीषणता र यसको विकासको प्रक्रियामा यसको बाइ प्रोडेक्ट भनौं अथवा एउटा ठूलो उद्योगबाट निस्कने कचरा भनौं, त्यस रुपमा केही निम्न पूँजीवादी कायरहरु, अवसरवादीहरु, अराजकतावादीहरु, दुश्मनको हातमा नाचिरहेका छन्, नाची राख्छन्, त्यो पनि जनयुद्ध र पार्टीको विकासको नियमभित्रै पर्छ भनेर हामीले बुझिरहेका छौं । त्यस खालका कचरा (By Product) निस्कने निरन्तर एउटा प्रक्रिया चालिराख्नु पर्दछ । माओले शरीरमा जीवित धमनी र नशाहरुका कुराहरु गर्दै फोहर फाल्नु र नयाँ ताजालाई ग्रहण गर्नुको महत्व जो बताउनु भएको थियो, त्यस्तै गरी हाम्रो जस्तो पार्टी, जो युद्धको नेतृत्व गरिरहेको छ, त्यस्तो खालको पार्टीबाट केही फोहर कचराहरु निस्कँदै जानु पर्छ र निकालिँदै जानु पर्छ भन्ने कुरामा हामी स्पष्ट छौं तर हाम्रो केन्द्रीय समितिमा र नेतृत्व तहमा विवाद छ भन्ने कुरा सत्य होइन । ❑**

*(जनादेश, २०५५ कार्तिक १७ गतेमा प्रकाशित क. प्रचण्डको लामो अन्तर्वार्ताबाट)*

आएको रगत र पसिनामाथि परेड खेल्दै, नेपालको कम्युनिष्ट आन्दोलनलाई यहाँसम्म ल्याउन प्रचण्डको प्रमुख भूमिका भएको ठहर गरी प्रचण्डलाई क्रान्तिकारी आन्दोलनको श्रष्टा घोषित गरेको छ । लाखौं जनताको श्रमद्वारा निर्मित ज्ञान र सम्पदालाई एउटा व्यक्तिको नाममा समर्पण गर्ने उक्त 'क्लब सभा' को निर्णयले उनीहरुले आजसम्म भन्दै र लेख्दै आएको 'श्रमजीवी जनता नै इतिहासका निर्माता हुन्', 'क्रान्तिको निम्ति आत्मबलिदान गर्नेहरु जनताका सर्वोत्तम छोराछोरी हुन्' भन्ने भनाइ कति पाखण्ड, कुटील षड्यन्त्रकारी कुनियतबाट आएका रहेछन् भन्ने तथ्य उजागर भएको छ । यो उनीहरुको नांगो वीरपूजावाद हो ।

प्रचण्ड पन्थीहरुको 'क्लब सभा' ले, अब उप्रान्त माओवादी पार्टीका कुनै पनि नेता वा कार्यकर्ताले कुनै लेख लेख्दा वा व्याख्यान गर्दा प्रचण्डका कोटेसनहरु अनिवार्य रुपमा उद्धृत गर्नु पर्ने निर्णय गरेको छ । यसको ठोस अर्थ हो- प्रचण्डका कोटेसनहरु उद्धृत नगर्ने कुनै पनि व्यक्ति माओवादी पार्टीको नेतृत्वमा जान सक्दैनन् । यसरी, कुनै व्यक्ति कम्युनिष्ट बन्न सक्यो कि सकेन वा त्यो क्रान्तिको नेतृत्वकर्ताको रुपमा योग्य छ कि छैन भन्ने कुरा जाँच्ने कसी, विचारधारा र व्यवहार नभएर प्रचण्डको महिमा हुन पुगेको छ । नेतृत्वलाई 'स्थापित' गर्ने बहानामा प्रकट भएको यो उग्र व्यक्तिवाद निम्न पूँजीवादी मनोग्रन्थीबाट ओकलिएको यस्तो निर्लज्जता हो, जसले आफैं महासचिव भएको पार्टीमा आफ्नै अध्यक्षतामा बैठक बोलाएर आफ्नै पहलमा आफैंलाई 'सर्वोच्च नेता' घोषित गरेको छ । अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा प्रचण्डपन्थीहरुको यो फोहरी चरित्र अभूतपूर्व लज्जाको कुरुप नमूना हो र यो नांगो भक्तिवाद हो ।

**उनीहरूले प्रचण्डको फोटो समेत सार्वजनिक गर्ने संकेत दिएका छन् । बाबुराम भट्टराईको फोटो प्रचारबाट अत्तालिएर भएको यो निर्णय आत्मप्रचारको दरिद्र चिन्तनको पराकाष्ठा हो ।**

व्यक्तिको सारतत्व कमिटीमा, कमिटीको सारतत्व वर्गमा, वर्गको सारतत्व समाजमा रुपान्तरण गर्दै जानुपर्ने ठाउँमा प्रचण्ड पन्थीहरुले समाजको सारतत्व वर्गमा, वर्गको सारतत्व कमिटीमा र कमिटीको सारतत्व व्यक्तिमा केन्द्रीकरण गर्दै लाने सामन्तवादी प्रतिगमनकारी निर्णय गरी मालेमावादको आवरणमा प्रचण्डपन्थको निर्माण गरेको छ । र, अब त्यो 'प्रचण्ड विचारधारा' निर्माण गर्ने आत्म महिमावादी दिशातिर अग्रसर भएको छ । प्रचण्डपन्थले समाजवादी भावनालाई निषेध गरेर मार्क्सवादी राजनीतिक-संगठनात्मक प्रणालीलाई अभिजात वर्गीय रुपमा ढालेको छ । यही प्रतिगामी सिद्धान्त अनुसार नेतृत्वको 'केन्द्रीकरण' को चटक देखाउँदै त्यसले पार्टी, सेना र संयुक्त मोर्चाको नेतृत्व एउटै व्यक्तिको हातमा हुनुपर्ने निर्णय पनि गरेको छ । बहुलवादको कथित विरोधको रुपमा आएको यो एकलवाद नेतृत्वको केन्द्रीकरण नभई 'शक्तिको व्यक्तीकरण हो र यो नांगो अभिमान वर्गवादको जीवन्त उदाहरण हो ।

अर्ध सामन्ती तथा अर्ध औपनिवेशिक समाजको प्रमुख लाक्षणिक विशेषता भनेको व्यक्ति परस्तता हो । विचारधारा र व्यवहारको सट्टा स्थूल व्यक्तिलाई महत्व दिनु, वर्ग समाजको सट्टा व्यक्तिलाई समाजको चालक शक्ति मान्नु आदि यसका दुर्बलताहरु हुन् । पूँजीवादको आधारशीलाको रुपमा रहेका यस्ता वस्तुगत एवं आत्मगत दुर्वलताहरुलाई चिरेर समाजवादी सांस्कृतिक रुपान्तरणतिर अगाडि बढ्नु त कता हो कता, प्रचण्डपन्थीहरुले समाजको यही दुर्वलतालाई उपयोग गरेर निजी प्रतिष्ठा र ख्यातीको व्यक्ति प्रचारवादी अभियानमा जुटेका छन् । यो उनीहरुमा मौलाएको लोगो उपयोगितावाद हो ।

आन्दोलनभित्र मालेमावादबारे आधारभूत ज्ञान प्राप्त गर्न सकिने प्रकाशनहरुको वितरणलाई पूरै उपेक्षा गरी प्रचण्डका छिपछिपे लेखहरुको संगालोलाई मार्क्सवादको आधारभूत पाठ्य सामग्रीभित्र समावेश गरी त्यसको प्रकाशन र वितरणमा मात्र ध्यान लगाइएको छ । प्रचण्डका काइते भाषा र पाँडेशैलीका लेखहरु मात्र पढेर नेपाली जनतामा साम्यवादी चेतनाको ज्योति बल्ने उराठलाग्दो निर्णयलाई 'भांग्राको टोपीलाई चमेलीको फूलले सिंगारेको' नभने के भन्ने ? यो नांगो प्रकारको आत्माविवाद (?-सं.) हो ।



जनवादी केन्द्रीयताको संगठनात्मक सिद्धान्तलाई प्रचण्ड पन्थीहरुले गुलामीको सिद्धान्तमा पतनै गराएका छन् । नेतृत्वमा रहेका चरम आत्मप्रशंसावादीहरुको आलोचनालाई 'नेतृत्वको अवमूल्यन गरेको' भन्ने दूराशययुक्त आरोपहरु लगाई नानाथरि यंत्रणा दिने काम गर्दै आएका छन् । नेतृत्वको आलोचना गर्नै हुन्न भन्ने उनीहरुको चिन्तनले, नेतृत्व कुनै हालतमा सुरक्षित हुनुपर्छ भन्ने उनीहरुको मान्यताले आफू नभए क्रान्तिको दिशा रोकिने र जनता तथा कार्यकर्ताहरुले आफ्नो ठाउँ लिन नसक्ने भन्ने



*जनयुद्धमा सक्रिय माओवादीहरू*

नेतृत्वको केन्द्रीकरणको आवरणमा अभिव्यक्त भएको शक्तिको व्यक्तिकरणलाई त्यो नेतृत्वले चीनको महान सर्वहारावादी सांस्कृतिक क्रान्तिको सारको रुपमा व्याख्या गरिरहेको छ। सांस्कृतिक क्रान्तिको सारतत्व विचारको केन्द्रीकरण थियो। यसको अर्थ हो- पार्टी नेतृत्वदेखि जनतासम्मलाई मार्क्सवादी लेनिनवादी विचाधाराले सुसज्जित पार्नु र त्यसको सैद्धान्तिक एवं व्यवहारिक बुझाइमा एकरुपता ल्याउनु। जुन सांस्कृतिक क्रान्तिले राजनीतिलाई सर्वोपरि राख भन्ने आदर्श अनुरुप दश वर्षसम्म व्यक्तिप्रति आशक्ति पैदा गर्ने घोर मालिकवादी चिन्तनको प्रतिनिधित्व गर्दछ। आलोचना जस्तो अधिकारको प्रश्नलाई अराजकता देख्ने, अनुशासन जस्तो स्वेच्छासंग जोडिएको प्रश्नलाई दण्डको रुपमा पतन गराउने र केन्द्रीयता जस्तो कर्तव्यसंग जोडिएको विषयलाई नोकरशाहीमा बदल्ने काम मात्र गरेका छैनन् कि, अब उनीहरु पार्टीमा केवल 'बँधुवा कामरेड' हरुको खोजी अभियानमा जुटेका छन्। यो नांगो प्रकारको गुलामीको सिद्धान्त हो।

## कम्युनिष्टको आवरणभित्रबाट लादिने हर प्रकारका गुलामी, शोषण र उत्पीडन सच्चा कम्युनिष्टको लागि ग्राह्य हुन सक्दैन।

पार्टीभित्र व्यक्ति-व्यक्तिका बीचमा हुने सामान्य भनाभन समेतलाई 'दुई लाइनको संघर्ष' मान्ने प्रचण्डको 'क्लब सभाको' निर्णय वस्तुतः आलोचकहरुलाई सफाया गर्ने कुत्साद्वारा अभिप्रेरित छ। 'दुई लाइन' सम्बन्धी उनीहरुको यो अपव्याख्या पार्टीलाई व्यक्तिको निजी दल बनाउने अभियानको एक हिस्सा हो र यो विघटनवाद हो।

प्रचण्डको शिविरभित्र आत्म प्रचारको भोकले यति भयावह रुप लिएको छ कि, अब उनीहरुले प्रचण्डको फोटो समेत सार्वजनिक गर्ने संकेत दिएका छन्। नेतालाई जनतामा स्थापित गर्नुपर्छ भन्ने अत्यन्त कुटील तर्कभित्र प्रकट भएको यो फोटो राजनीति वास्तवमा ईर्ष्याको उपज हो। बाबुराम भट्टराईको फोटो प्रचारबाट अत्तालिएर भएको यो निर्णय आत्मप्रचारको दरिद्र चिन्तनको पराकाष्ठा हो। फोटो बाहिर आउनुभन्दा अगाडि नै फोटो प्रदर्शनको देशव्यापी प्रचारले उनीहरुको नसानसामा व्याप्त रहेको प्रचारको छट्पटाहटलाई इंगीत गर्दछ। यो नांगो प्रकारको इर्ष्यावाद हो।

आधार र संरचनाको परिपक्वताबिना नै 'आधार इलाका निर्माण गर्ने दिशामा अघि बढौं' भन्ने उनीहरुद्वारा पारित निर्णयको सारतत्व वास्तवमा आधार इलाका निर्माणको दिशातिर अघि बढ्नु होइन। उनीहरुले गर्दै आएको ज्यादती र हालैको 'क्लब सभा' द्वारा निहित कुराहरुले आम पार्टी पंक्तिभित्र पैदा गरेको आक्रमण, घृणा र विद्रोहबाट सबैको ध्यान अन्यत्र मोड्न र आफ्ना विकृतिहरुमाथि ध्यान केन्द्रित हुन नदिनको लागि जालसाझीपूर्ण रुपमा आधार इलाका निर्माणको नारा लगाइएको छ। सबैले आफ्नो ध्यान नेतृत्वतिर केन्द्रित नगरेर आधार इलाकातिर केन्द्रित गर्नु पर्छ र बहसको विषय आधार इलाका बन्नु पर्छ भन्ने उनीहरुको बोली र लेखहरुले यस तथ्यलाई राम्रैसंग उजागर गरेको छ। तर, कथित नेतृत्वको केन्द्रीकरणको नाममा सिंगो आन्दोलनको मेरुदण्ड प्रचण्डलाई बनाइसकेपछि अन्य विषय प्रचण्डको मातहतमा मात्र रहेका छन्। तसर्थ, प्रचण्डको नाममा मौलाएको विकृतिमाथि बहसको आरम्भ नगरेर त्यसको पुरकको रुपमा मात्र रहेको आधार इलाकाबारे बहस शुरु गर्नु तुकबिनाको तर्क हो। आधार इलाकाले पनि प्रचण्डलाई स्थापित गर्नु पर्छ भन्नेसम्मको हदमा ओर्लनेहरुले कुन नैतिकताले आधार इलाकामा बहस केन्द्रित गर्नुपर्ने कुरा गर्दैछन्? यो नांगो प्रकारको चक्मावाद (?-सं.) हो।

हर प्रकारका विकारहरुका विरुद्ध लड्यो, त्यसको सारतत्वलाई व्यक्ति प्रचारसंग जोड्नु कहाँसम्मको निर्लज्जता हो? यो भँडुवा तर्कवाद हो।

उपरोक्त सैद्धान्तिक, राजनीतिक तथ्यहरुले के साबित गर्दछन् भने, प्रचण्डपन्थीहरुको क्लब सभामा मार्क्सवाद-लेनिनवाद-माओवाद पराजित भएको छ र निम्न पूँजीवादी व्यक्तिवाद विजयी भएको छ। त्यस शिविरमा पैदा भएका विकारहरु निम्न पूँजीवादी व्यक्तिवादका विविध अभिव्यक्तिहरु मात्र हुन्। यी तथ्यहरुले अर्को कुन कटु सत्य पनि प्रकट गरेको छ भने, निम्न पूँजीवादी तत्वहरुको नेतृत्वमा सामाजिक रुपान्तरण हुने कल्पना गर्नु र सुंगुरले घ्यू रुचाउँछ भन्ने सोचाइ राख्नु एकै कोटीका चिन्तन हुन्। प्रचण्डपन्थको नाममा देखापरेका निम्न पूँजीवादी व्यक्तिवाद एक व्याधा चरित्र हो, जो आवरणपछि लुकेर, इमान्दार र निष्ठावानहरुको शिकार गरी आफ्नो निजी भोक शान्त पार्न चाहन्छ। बर्दियामा हत्या गरिनु भएका विष्णु पोखेलको हत्यालाई महत्व दिएर प्रचार नगर्नु भनी प्रकाशन विभागलाई दिइएको निर्देशन र डोल्पाको त्रिवेणीमा हत्या गरिनुभएका रुकुमका दौलतराम घर्तीलाई शहीद मान्नु हुँदैन भनी लामो समयसम्म उहाँको हत्यालाई सार्वजनिक नगर्नुले उनीहरुमा व्याप्त व्याधा चरित्रलाई उदांगो पार्दछ। उनीहरुलाई मन नपर्ने व्यक्तिले मरेपछि पनि छुट्टी नपाउने संत्रासमय संस्कृति त्यो नेतृत्व पंक्तिको जीवन दर्शन बनेको छ। फरक मतलाई दण्डात्मक प्रशासनिक प्रकृयाद्वारा हल गर्न खोज्ने अराजनीतिक चिन्तन त त्यहाँभित्र निर्णायक रुपमा रहेको छ।

समाजमा प्रचलित हर प्रकारका गुलामी र शोषण, उत्पीडनको उन्मूलन गरी समानतामा आधारित संस्कृति निर्माण गर्नको लागि मानिस कम्युनिष्ट बन्दछ। तसर्थ, कम्युनिष्टको आवरणभित्रबाट लादिने हर प्रकारका गुलामी, शोषण र उत्पीडन सच्चा कम्युनिष्टको लागि ग्राह्य हुन सक्दैन। तसर्थ, निम्न पूँजीवादी व्यक्तिवादद्वारा मानसिक यन्त्रणा र धम्कीको संस्कार झेल्दै आएका तथा प्रत्यक्ष एवं परोक्ष रुपले उनीहरुसंग उत्पीडितको सम्बन्ध रहँदै आएका हामीहरुले अब उप्रान्त निम्न पूँजीवादी व्यक्तिवादी गुटसंग कुनै प्रकारको सम्बन्ध नरहेको घोषणा गर्दछौं र विद्रोहको मार्क्सवादी अधिकारलाई सुरक्षित राख्दै आफ्नो पद, सम्बन्धित संगठनको सदस्यता र सामान्य सम्बन्धसमेत परित्याग गर्दछौं। साथै, निम्न पूँजीवादी व्यक्तिवादसंग संगठित रुपमा राजनीतिक संघर्ष चलाउने प्रतिबद्धता समेत व्यक्त गर्दछौं। ❑

*साभार: जनधारणा, २०५५ कार्तिक १२ गते*


जनमुखी विकाससम्बन्धी अन्तर्क्रिया र सामुदायिक विकासमा उत्प्रेरणाका निम्ति प्रकाशित

चौमासिक

**विकास**

गरीबी सम्बन्धी विशेषांक

आफैं गरिबी भोगिरहेकाहरु के भन्छन्?
गरीबीबारे अध्ययन गरिरहेकाहरु के भन्छन्?

**यस अंकमा:** ◆ डा. देवेन्द्रराज पाण्डे ❑ डा. चैतन्य मिश्र ◆ दीपक ज्ञवाली ❑ दीपेन्द्र क्षेत्री ◆ डा. सुरेन्द्र के.सी. ❑ मधुकर उपाध्याय ◆ हेमबहादुर विष्ट ❑ डा. मीना आचार्य ❑ मीना पौडेल ◆ कपील श्रेष्ठ ❑ कृष्ण पहाडी ◆ स्टेफन मिक्सेल ❑ महेश पन्त ◆ शरद पौडेल ❑ राजेन्द्र महर्जन ◆ हरि बस्नेत ◆ तुलसी नेपाल ❑ सुवर्ण कपाली ◆ सन्तबहादुर दर्जी (नेपाली) ❑ वीरबहादुर वि.क. ◆ जुठी दमिनी

**भोकमरी र गरीबीसम्बन्धी नोबेल पुरस्कार विजेता अमर्त्य सेन**

साथमा, सिद्धिचरण श्रेष्ठ, मीनबहादुर विष्टका कविताहरु!



**नयाँ अंक मंसिर महिनाको दोस्रो हप्ता बजारमा आउँदैछ!**

◆ *आत्मनिर्भर विकास मञ्च*

# कर्णाली योजना शुरु गर्नुअघि सरकारले गर्न नसकेका कामहरु धेरै छन्

◆ अजय दीक्षित ◆

सन् १९८९ मा हिमालयन पावर कन्सलट्यान्टले सम्भाव्यता अध्ययन सम्पन्न गरेको कर्णाली चिसापानी बहुउद्देश्यीय आयोजना संसारकै ठूला आयोजनाहरुमध्ये एक हो। यस आयोजनालाई सफलतापूर्वक सम्पन्न गर्न गर्नुपर्ने काम थुप्रै छन्। उक्त सम्भाव्यता अध्ययनले महत्वपूर्ण मानी गर्नुपर्ने भनेर किटान गरेको तर हालसम्म पनि नगरिएका कार्यहरुमध्ये केही कामको चर्चा यहाँ गरिन्छ।

१. कर्णाली आयोजनाबाट पाइने बिजुली र तल्लो तटीय फाइदा अर्थात् वर्षामा जम्मा गरेर नियन्त्रित रुपमा वितरण गरिने पानीको फाइदा मुख्य रुपमा भारतलाई हुने हुँदा, आयोजना विकास गर्ने निर्णय हुनुअगावै यस्तो फाइदा कसरी बाँडफाँड गर्ने एवं बिजुली खरिद गर्नेबारे भारतसँग छलफल र सन्धि हुनु अववश्यक छ। एकीकृत महाकाली विकास सन्धिमा त बिजुली बेच्ने प्रावधानबारे कुरा अझै शुरु भएको छैन। डि.पी.आरमा संसदले पास गरेको राष्ट्रिय संकल्प कसरी समाहित गर्नेबारेको निर्णयको निक्यौंल निस्किएको छैन। 'पानी आधा आधा हुने' विवाद पनि अझै सुल्झिएको छैन।

२. आयोजनाबाट हुने तल्लो तटीय फाइदा २० प्रतिशत मानिएको छ। सिंचाई र बाढी नियन्त्रणको फाइदा भारत तथा बंगलादेशको मैदानी क्षेत्रमा पनि हुन सक्दछ। तथ्यांक उपलब्ध नभएको हुँदा यो फाइदा मोटामोटी रुपमा मात्रै निकालिएको हो। वास्तविक फाइदा कति हुन्छ, अध्ययन गर्नै बाँकी छ। हचुवाको भरमा गरिने निर्णयमा भर परेर अगाडि बढ्दा दुर्घटना हुने सम्भावना रहन्छ।

३. कर्णाली चिसापानी आयोजनाको खाका भारतको ग्रिडमा बिजुलीको आवश्यकता बढ्ने आधारमा तयार पारिएको हो। बिजुली प्रयोग गरेवापत तिर्नुपर्ने शुल्क, प्रविधि, सरकारी नीति आदिले बिजुलीको मागलाई कम पार्न वा घटाउन सक्दछ। भविष्यको माग प्रक्षेपण अत्यन्त जटील कार्य हो र ठूलो विचार पुर्‍याएर गर्नु पर्दछ। अनुमान तल माथि पर्‍यो भने अरबौंको लगानी गरी निर्माण भएको आयोजनाबाट लाभको सट्टा विलाप हात लाग्न सक्छ।

४. १९९१ देखि १९९६ सम्म नेपालको बिजुलीको भाउ २०० प्रतिशतले बढ्यो। १९९१ मा नेपाल विद्युत प्राधिकरणले प्रति ग्राहक ग्राहस्थ ८५८ युनिट बिजुली बेचेको थियो। पाँच वर्षपछि यो खपत १८ प्रतिशतले कम भएर ६९७ युनिटमा झर्‍यो। ग्राहकको संख्या बढेर प्रति ग्राहक खपत बढ्नु पर्नेमा कम हुन गयो। साह्रै ठूलो लगानी र एउटा मात्रै क्रेता भएको हुँदा बिजुलीको माग तल माथि हुन जाँदा आयोजनाको खाका र त्यसबाट हुने आम्दानीमा कस्तो परिवर्तन वा तलमाथि हुनसक्दछ, यस्तो स्थितिले राष्ट्रलाई कस्तो जोखिममा पार्दछ, केही अध्ययन भएको छैन। बिजुली मात्र सबै कुरा हो भन्ने सोचाइले कर्णाली आयोजनाबाट हुनुपर्ने फाइदा पाउन सकिँदैन। पानीको सदुपयोग, पर्यावरणको संरक्षण र कमभन्दा कम जनता विस्थापित गराएर योजना अगाडि बढाउन सके मात्र अपेक्षित लाभ हात पार्न सकिन्छ।

५. नेपालको आर्थिक ढाँचाको तुलनामा ज्यादै ठूलो लगानी गर्नुपर्ने अनुमानित ४.६९ अरब डलर भएको हुँदा यस्तो लगानीले राष्ट्रको अर्थ व्यवस्थामा के कस्तो असर पर्दछ भन्ने अध्ययन १९८९ मा गरिएन। अहिले पनि भएको छैन।

६ कर्णाली नदीमा बग्ने पानीको प्रवाह, माटो बगाउने दर, पानीको गुणस्तरबारे नियमित र निरन्तर तथ्यांक संकलन गर्नुपर्ने आवश्यकता १९८९ मा नै औंल्याइएको भए तापनि सो काम शुरु नै गरिएको छैन। त्यस क्षेत्रमा हुन सक्ने मौसमी दुर्घटनाको इतिहास के कस्तो छ भन्ने कुराको पनि राम्रो अध्ययन भएको छैन।

७. साह्रै ठूलो निर्माण आयोजना भएको हुनाले, कर्णाली चिसापानी बाँध निर्माण गर्दा हुने असर/प्रभाव न्यून गर्न, असर अध्ययन (Impact Assessment) गहन रुपमा गर्नु आवश्यक छ। पानी, रसायन, बन्य जन्तु, जलचर, बनजंगल, सामाजिक व्यवस्थाका बारेमा आधारभूत तथ्यांक अति नै कम भएको हुँदा सम्भाव्यता अध्ययन गर्दा सो असरको किटान मोटामोटी मात्रै भएको थियो। असर किटान नगरी निदानका सही उपायहरु अवलम्बन गर्न सकिँदैन। प्रभावित क्षेत्रका यी विवरणबारे आधारभूत तथ्यांक पहिलेदेखि नै संकलन गर्नुपर्ने सुझाव अझै कार्यान्वयन भएको छैन।

८. जलाशय निर्माणबाट विस्थापित हुने ६०००० जनसंख्याको सामाजिक पुर्नस्थापना गर्ने व्यवस्था शुरु गर्नुपर्ने आवश्यकता १० वर्षअघि नै औंल्याइएको थियो, अहिले यो संख्या बढेको हुन सक्छ। यति ठूलो संख्यामा जनमानसलाई पुर्नस्थापना गर्ने नेपालमा हाल न कुनै जिम्मेवार निकाय छ, न त अनुभव नै। डुबान क्षेत्रमा परेको जनसमुदायको पोषण, स्वास्थ्य र आयमूलक कार्यक्रम यो योजना बने पनि नबने पनि शुरु गरीहाल्नुपर्ने सुझावबारे केही गरिएको छैन।

९. आयोजनाबाट उपलब्ध हुने सिंचाई सुविधा विकास गर्न सिंचाई प्रणालीबारे अध्ययन गर्नुपर्ने छ। त्यस क्षेत्रमा गरिने सिंचाईका अरु व्यवस्था कर्णाली बृहद प्रणालीसँगको तालमेलमा हुनुपर्ने कुरा जरुरी मानिएको थियो। ६०००० जनसंख्या त्यही क्षेत्रमा पुर्नस्थापना गरिने प्रस्ताव भएको हुँदा, सिंचाई विकासको योजना गर्दा सो पनि ध्यानमा राख्नुपर्ने आवश्यकता औंल्याइएको थियो। यसको लागि केही पनि काम भएको छैन।


१०. पानी सँगै बग्ने थिग्रेनीले विस्तारै जलाशय भरिन जान्छ। जसले योजनाको आयु र त्यसबाट हुन सक्ने आर्थिक फाइदा वा नोक्सानी निर्धारण गर्दछ। जलाशयमा थिग्रेनीको कस्तो असर पर्दछ भन्नेबारे गहिरो अध्ययन र अनुसन्धान आवश्यक छ, जुन गरिएको छैन।

११. आयोजना कार्यान्वयन गर्ने निर्णयबाट देशलाई कति लाभ हुन्छ ? यो लाभ कहाँ, कसरी प्रयोग हुन्छ, सरकारलाई आउने राजश्वले बझांग, जाजरकोट, बर्दिया, दैलेख, सुर्खेत, इत्यादि क्षेत्रका नागरिकको जनजीवनमा सकारात्मक असर कसरी, कति पर्दछ भन्नेबारे कुनै चिन्तन हामीले गरेका छैनौं। यसमा लगानी गर्दा हुने भार अहिले र भविष्यका आम नेपाली नागरिकमाथि पर्ने हुँदा त्यसबाट जनतालाई के कति र कुन माध्यमबाट लाभ हुन्छ भन्ने कुराको किटान शुरुमै हुनु जरुरी छ।

यस्ता गहन विषयमा आफ्नो समय र मेहनत लगाउनुको सट्टा हाम्रो राष्ट्रको समय सतही रुपमा गरिने विकास कार्यक्रमकाबारे अनावश्यक बहसमा नष्ट हुन्छ। माथि उल्लेख गरिएका कार्यहरु राष्ट्र, यसको समाज र सरकारको दायित्व हो, लगानी गर्न आएको बहुराष्ट्रिय कम्पनीले फाइदा मात्रै हेर्दछ। यस्ता दायित्वबाट ऊ पर पन्छिन्छ। यसले यो काम गर्दैन।

हामीले बिर्सन नहुने कुरा के हो भने, अरबौं डलर खर्च लाग्ने यस्ता आयोजना शुरु भएपछि हेरफेर गर्न, गल्ती भएछ भने सच्याउन र पछि गर्ने भनेर टार्न सकिँदैन। यसो गर्न खोजियो भने ठूलो भार थपिन्छ, जुन राष्ट्रको लागि योजनाले ल्याउने एउटा आर्थिक दुर्घटना साबित हुन सक्छ। जे जति विचार र अध्ययन गर्ने हो, शुरुमै गर्नु आवश्यक छ, बहुराष्ट्रिय लगानीकर्तालाई निम्त्याउनु अगावै। ❑

## प्रसिद्ध भारतीय जनकवि नागार्जुनको मृत्यु !



गत कार्तिक १९ गते भारतका प्रसिद्ध जनपक्षीय कवि नागार्जुनको मृत्यु भयो। उहाँ ८७ वर्षका हुनुहुन्थ्यो। उहाँ दमको रोगले पीडित हुनुहुन्थ्यो र दरभंगा जिल्लाको खाजासराय भन्ने स्थानमा आफ्ना जेठा छोराको घरमा उपचाररत हुनुहुन्थ्यो।

भारतका प्रसिद्ध समालोचक तथा चर्चित विद्वान डा. रामविलास शर्माले कवि नागार्जुनको मृत्युको लगत्तैपछि भन्नुभएको छ- 'हिन्दीमा समकालीनतासंग यति ज्यादा जोडिएको अर्को क्रान्तिकारी लेखक कोही छैन।'

नवभारत टाइम्सका अनुसार, अर्का प्रसिद्ध भारतीय आलोचक डा. नामवर सिंहले भन्नुभएको छ- 'नागार्जुन हिन्दी साहित्यमा कबीरपछिका दोस्रा ठूला कवि हुन्।'

यस्तै, अर्का चर्चित समालोचक डा. मेनेजर पाँडेयको भनाइ रहेको छ- 'बाबा नागार्जुन आन्दोलनका कवि थिए। उनको कविता आन्दोलनबाट पैदा भएको थियो र उनको कविता स्वयं आन्दोलन पैदा गर्ने खालको हुने गर्थ्यो।'

कवि नागार्जुनका कविता संग्रह, कथा संग्रह, उपन्यास, निबन्ध, आदि गरी दर्जनौं पुस्तकहरु प्रकाशित भएका छन्। युवावस्थामा बौद्ध दर्शनतिर तानिएका कवि नागार्जुनले पछि बौद्ध मत छाडेका थिए। त्यसपछि उनी मार्क्सवादी बनेका थिए। जीवनको अन्तसम्म पनि उनले मार्क्सवादको समर्थन गरिरहे। उनले जीवनको एक कालखण्ड कम्युनिष्ट पार्टीमा रहेर पनि बिताएका थिए।

❑ हरिगोविन्द लुइँटेल

# 'आठ वामले पुनः संघर्ष उठाउने'




*आन्दोलनलाई मात्रात्मक विकासबाट गुणात्मक फड्कोतर्फ लानको लागि संघर्षका क्रमबद्ध रूपहरूलाई चनाखो ढंगले निर्धारण गर्नु जरूरी देखिन्छ ।*

तीन महिनासम्म संघर्ष गरेर गत भाद्र ६ गते सरकारसँग ६ बुँदे सम्झौता गरी संघर्ष स्थगित गर्न पुगेका आठ वाम घटकहरु अढाई महिनापछि आएर पुनः सडकमा ओर्लने तयारी गर्दैछन् ।

सम्झौतापछि सम्झौता कार्यान्वयनको मूल जिम्मेवारी सरकारको हुने कुरा सम्झौतामा स्पष्ट उल्लेख भएको छ र सम्झौताको दुई महिनासम्म पनि सम्झौता कार्यान्वयन गर्न सरकारले कुनै पहल नगरेकोले गत कार्तिक १३ गते १० दिनको अल्टिमेटम दिई आठ वामका नेताहरुले प्रधानमन्त्री समक्ष ज्ञापनपत्र पेश गरेका थिए । तर, कार्तिक २३ गतेसम्म पनि सम्झौताअनुसारको कार्य गर्न सरकारले कुनै पहल नगरेकोले आठ वाम समूह अब सडकमा ओर्लन तम्सेको छ ।

अघिल्लो संघर्षमा नौ वाम समूहको रुपमा अगाडि आएको यो संयुक्त वाम समूहमा भर्खरै मात्र यसको एक घटक 'राष्ट्रिय जन आन्दोलन संयोजन समिति' ले सम्झौताअघि र पछि पनि सरकारको रवैयामा परिवर्तन नआएको भन्ने कुरा बताउँदै नौ वामबाट आफू अलग भएको घोषणा गरेको हो । यसपश्चात् यो समूह आठ वाम समूहमा परिणत भएको हो ।

अर्को कुरा, नौ वाम (अहिले आठ वाम) भित्रको एक घटकको रुपमा रहेको नेकपा माले तत्कालीन गिरिजा सरकार र नौ वामबीच सम्झौता भएको लगत्तै सरकारमा सामेल हुन पुग्यो । त्यसैले, सम्झौतालाई सरकारको तर्फबाट कार्यान्वयन गराउने अभिभारा अहिले नेकपा मालेको काँधमा पनि रहिरहेको छ । तर, संयुक्त सरकार गठन भएको दुई महिना पछाडिसम्म पनि सम्झौतालाई कार्यान्वयन गर्न सरकारले कुनै चासो नदेखाएकोले हिजो सडकमा आफूले उठाएको नारा सरकारमा गएपछि नेकपा मालेले बिर्सन थालेको हो वा कुर्सीको मोहले सम्झौता कार्यान्वयन गराउन नेपाली कांग्रेसलाई दवाब दिन नसकेको हो, यसबारे ठम्याउनु जरुरी भएको छ ।

अहिले नेकपा माले सरकारमा पनि रहने र नौ वाम र सरकारबीच भएको सम्झौताको सरकारबाट कुनै कार्यान्वयन पनि नहुने स्थिति कायमै रहेमा नेकपा मालेले कि सरकार छोडेर सडक संघर्षमा आउनु पर्ने, कि त आठ वाम छोड्नु पर्ने कुरा आठ वामभित्रका अन्य घटकहरुले माग गरिरहेका छन् ।

ठीक कुरा के हुन सक्छ भने, यदि सम्झौतामा उठाइएका कुराहरुप्रति नेकपा माले प्रतिबद्ध छ भने, उसले त्यसलाई कार्यान्वयन गराउन सर्वप्रथम सरकारभित्रबाट नै सशक्त पहल गर्नुपर्छ र गर्न सक्छ पनि । तर, सम्झौतालाई कार्यान्वयन गर्न नेपाली कांग्रेस तयार भएन भने, नेकपा माले सरकारबाट हटेर सडकमा ओर्लनु पर्छ । यस्तो भएमा मात्र आन्दोलनले उठाएका कुराहरुमा ऊ प्रतिबद्ध भएको ठहरिन्छ । होइन भने, आन्दोलनमा हिजो उसको सहभागिता कुर्सी पाउनको निम्ति गरिएको चालबाजी मात्र भएको ठहरिने छ ।

अर्को स्मरणीय कुरा के छ भने, नौ वाम र सरकारबीच भाद्र ६ गते सम्पन्न सम्झौताका मूल मागहरु कमजोर र अस्पष्ट थियो । यसले सहायक मागहरुमा मात्र केही राम्रा उपलब्धिहरु हात पार्न सकेको थियो ।

सम्झौताले तत्कालीन गिरिजा सरकारलाई भारतसित 'कालापानी हाम्रो हो, त्यहाँबाट भारतीय पल्टन हट्नुपर्छ' भनेर बोल्न र अडान लिन बाध्य त पार्‍यो, यो राम्रो र उपलब्धिपूर्ण पनि भयो, तर यससँग जोडिएको मुख्य प्रश्न महाकालीको मुहानको सम्बन्धमा यसले केही बोलेन । प्रशस्त ऐतिहासिक सबूदहरुले लिम्पियाधुरालाई महाकालीको मुहान साबित गर्दागर्दै पनि सरकारी विशेषज्ञ र सरकारले लिपु लेकलाई महाकालीको उद्गम भनेर फलाक्न छोडेका छैनन् । यसले भारतद्वारा अतिक्रमित कालापानीदेखि लिम्पियाधुरासम्मका तीन गाउँ नाभी, कुटी र गुन्जी लगायत हज्जारौं हेक्टर जमीन नेपाललाई फिर्ता गराउने कार्यमा प्रतिकूल असर पारेको छ । वास्तवमा, यस समस्याको समाधानको लागि स्थापित सरकारी, गैर सरकारी नक्साविद्, इतिहासविद् र हाइड्रोलोजिष्टहरु भारत र नेपालको बराबरी अनुपातमा सामेल भएको सीमासम्बन्धी 'तथ्य निरुपण संयुक्त कार्यदल' गठन गर्नु सबभन्दा उत्तम उपाय हुन्थ्यो । यो कुरा 'मूल्यांकन' ले यसअघि पनि उठाइसकेको छ । तर, नौ वाम र सरकारबीचको सम्झौतामा यो काम समावेश हुन पाएन ।

नौ वाम र सरकाबीच सम्पन्न सम्झौतामा राज्य आतंकको अन्त गर्ने सम्बन्धमा केही कुराहरु उल्लेख भए पनि गाउँ गाउँबाट प्रहरी कमाण्डो फोर्स तत्काल फिर्ता बोलाउने कुरा उल्लेख भएन, जुन राज्य आतंकको मूल स्रोत रहँदै आएको छ । सम्झौताको एउटा मुख्य दोष यो पनि रहेको थियो । सरकारले के भन्दै आएको छ भने, सरकारको प्रहरी फोर्स दुई घण्टाभित्र देशको कुनै पनि ठाउँमा पुग्न सम्भव छ । यदि यसो हो भने, अहिले करोडौं रुपियाँ खर्च गरेर गाउँ गाउँमा कमाण्डो फोर्स सरकारले तैनाथ गर्नु कुनै जरुरी थिएन र छैन । र, अहिले गाउँ गाउँमा 'माओवादी' को नाममा निर्दोष सर्वसाधारण जनताको जुन क्रमिक हत्या भइरहेछ, त्यो सबै ती तैनाथ प्रहरी कमाण्डो फोर्सबाट नै भइरहेको छ । त्यसैले, देशमा राज्य आतंकलाई नियन्त्रण गर्न गाउँ गाउँमा तैनाथ प्रहरी फोर्सलाई फिर्ता गराउनै पर्छ । साथै, माओवादीहरुले पनि उनीहरुले जनयुद्धको नाममा लिइरहेको वर्तमान 'उग्र' कार्यदिशालाई त्याग्नु जरुरी छ ।

अहिले आठ वाम समूहले कालापानी, राज्य आतंक, भ्रष्टाचार, महंगी, असमान सन्धि जस्ता पुनः हिजोकै मुद्दाहरुलाई लिई सडक तताउन थाल्दैछ । यी सवालहरु अहिलेको सन्दर्भमा नेपाली जनताका ज्वलन्त समस्याहरु पक्कै हुन् । त्यसैले, यो संघर्ष जायज छ र यसलाई देशप्रति माया गर्ने देशभक्त तथा न्यायका पक्षपाती न्यायप्रेमी जोसुकैले सहयोग र साथ दिनु जरुरी छ ।

तर संघर्षलाई लक्ष्यमुखी गर्ने हो भने, संघर्षले उठाएका मुद्दाहरुमा सहमत सबै वाम तथा प्रजातान्त्रिक राजनैतिक शक्तिहरुलाई समेट्ने कार्यक्रम हुनु जरुरी छ । यसले एकातिर संघर्षको पक्षमा राजनीतिक शक्तिलाई मजबूत पार्नेछ भने अर्कोतिर, आम जनतामा संघर्षप्रति विश्वास बढ्न गई संघर्ष जनआन्दोलनको रुपमा विकसित हुने वातावरण पैदा हुन जान्छ ।

आन्दोलनलाई मात्रात्मक विकासबाट गुणात्मक फड्कोतर्फ लानको लागि संघर्षका क्रमबद्ध रुपहरुलाई चनाखो ढंगले निर्धारण गर्नु जरुरी देखिन्छ । त्यस्तै, संघर्षका रुपहरुको छनौट गर्दा कसरी तुलनात्मक रुपले थोरै समय र शक्तिमा पनि प्रभावकारी ढंगले बढी लक्ष्य हासिल हुन्छ भन्ने कुरामा पनि ध्यान दिनु पनि आवश्यक हुन्छ । संघर्षलाई उत्थान गर्दा साना र सरल रुपहरुबाट लामो ग्याप नगरी क्रमशः झन्पछि झन् ठूला र जटील कार्यक्रमहरु राखी जनव्यापी लहर पैदा गर्ने प्रयत्न गरिनु आवश्यक हुन्छ । विगत समयका आन्दोलनहरुमा झैं एकैचोटी ठूलो कार्यक्रम घोषणा गर्ने र त्यसपछि साना र सरल कार्यक्रमहरुतिर झर्ने जस्ता कमजोरीहरु पुनः नदोहोर्‍याउनु नै बुद्धिमानी हुनेछ । अन्यथा, फेरि आन्दोलन उपलब्धिहीन या अपेक्षित न्यून उपलब्धिमा टुङ्गिन बेर छैन ।

❑ तुल्सी महर्जन

# साइप्रसमा रहेको एक मात्र कम्युनिष्ट पार्टी के गरिरहेछ ?

**नेकपा मालेको निमन्त्रणामा नेपालमा हालै आएका साइप्रसका कम्युनिष्ट नेतासंग 'मूल्यांकन'ले लिएको विशेष अन्तर्वार्ता**

> हाम्रो यतिखेरको प्रमुख काम देशलाई बाह्य शत्रुको कब्जाबाट मुक्त गर्नु हो, त्यो मुक्त गरेपछि हामी बल्ल समाजवाद स्थापनाको लागि लड्न सक्छौं।



❑ **साइप्रसको आर्थिक र राज-नीतिक परिस्थिति कस्तो छ त्यसबारेमा नै सर्वप्रथम नेपाली जनतालाई परिचित गराउनु हुन्छ कि ?**

-सन् १९७४ मा टर्कीको सेनाले उत्तरी साइप्रसमाथि आक्रमण गर्‍यो र यसको एउटा ठूलो भूभागमाथि कब्जा जमायो। त्यसयता साइप्रस राष्ट्र विभाजित छ। ३७ प्रतिशत साइप्रसमाथि टर्कीको कब्जा छ। साइप्रसको यतिखेरको मुख्य राजनीतिक समस्या नै यही हो। २५ वर्ष अघिदेखि प्रारम्भ भएको यो राष्ट्र-विभाजनको समस्या अझै हल हुन सकेको छैन।

संयुक्त राष्ट्रसंघको साधारण सभा र सुरक्षा परिषदमा पटक पटक टर्कीको सेना साइप्रसबाट फिर्ता हुनुपर्छ भने प्रस्ताव पारित भएको छ। तर हरेक पटक टर्कीको सरकारले ती प्रस्तावहरु व्यवहारमा लागू गर्न अस्वीकार गरेको छ। हाम्रो विश्वास छ- साइप्रसको यतिखेरको प्रमुख समस्या यिनै प्रस्तावहरुको आधारमा नै समाधान हुनसक्छ।

तर दुःखको कुरो, अमेरिकी र ब्रिटिश साम्राज्यवाद टर्कीको पछाडि छन्। उनीहरुको समर्थनले गर्दा टर्की आफूलाई सारै बलवान सम्झिरहेछ। यही बलवूताका भरमा ऊ संयुक्त राष्ट्रसंघबाट पारित प्रस्तावहरु कार्यान्वयन गर्न नै मानिरहेको छैन।

देशको राजनीतिक परिस्थिति यस्तो भएको हुनाले हाम्रो यतिखेरको संघर्ष विभाजित साइप्रसलाई कसरी फेरि एकताबद्ध पार्ने भन्ने प्रश्नमाथि मुख्य रुपले केन्द्रित छ। हामी यथासंभव शान्तिपूर्ण ढंगबाट यो समस्याको समाधान होस् भन्ने खोजिरहेछौं। विभाजित दुवै क्षेत्रका जनताको आधारभूत मानव अधिकारको सम्मानसहित यो समस्याको समाधान हुनुपर्छ भन्ने हाम्रो ठम्याइ छ। संयुक्त राष्ट्रसंघकै प्रस्तावका आधारमा यो समस्या समाधान हुन सक्छ र पर्छ भन्ने हाम्रो विश्वास छ।

❑ **टर्कीमा के गणतन्त्र छ ?**

-हो, त्यहाँ पूँजीवादी गणतन्त्र छ।

❑ **कुन हो त्यहाँको सबैभन्दा ठूलो राजनीतिक शक्ति ?**

-'डेमोक्रेटिक र्‍याली' नाम गरेको पार्टी छ एउटा, त्यो नै साइप्रसको सबैभन्दा ठूलो राजनीतिक पार्टी हो। यो दक्षिणपन्थी पूँजीवादी पार्टी हो र यसको चरित्र प्रतिक्रियावादी छ।

साइप्रसमा दोस्रो ठूलो पार्टी हाम्रै पार्टी- अकिल (AKEL) हो। AKEL को मतलब हो- साइप्रसका श्रमिक जनताको प्रगतिशील पार्टी (Progressive Party of Working People of Cyprus)। गएको संसदीय चुनावमा हामीले कुल मतमध्ये ३३ प्रतिशत मत हासिल गरेका थियौं। कुल ५६ सिट भएको संसदमा हामीले १८ सिट प्राप्त गरेका थियौं।

तेस्रो ठूलो पार्टी - डेमोक्रेटिक पार्टी हो। यो प्रजातान्त्रिक मध्यपन्थी पार्टी हो।

चौथो पार्टी- डेमोक्र्याट सोसलिष्ट पार्टी हो। यो सामाजिक जनवादी दक्षिणपन्थी पार्टी हो।

संसदमा अर्को एउटा सानो पार्टी पनि छ- यूनाइटेड डेमोक्र्याट नाम गरेको। यो पनि दक्षिणपन्थी पार्टी नै हो।

संसदमा अरु दुईटा स-साना समूहहरु पनि छन्, जसलाई पार्टी भन्नुभन्दा समूह भन्नु उपयुक्त हुन्छ।

❑ **सरकार कुन पार्टीले चलाईरहेछ त साइप्रसमा ?**

-तीनवटा पार्टीको संयुक्त सरकार छ- डेमोक्रेटिक र्‍याली, डेमोक्रेट सोसलिष्ट र युनाइटेड डेमोक्रेटको। उनीहरु तीनवटा पार्टी मिलाएर संसदमा ३६ सिट ओगटेको छन्।

❑ **राष्ट्रपति पनि छन् कि तपाईंको देशमा ?**

- राष्ट्रपति पनि छ हाम्रो गणतन्त्रमा। सरकार चाहिं संसदमा जसको बहुमत छ, उसले गठन गर्छ, राष्ट्रपति चाहिं सिधै निर्वाचित हुन्छ जनताबाट। संसदमा बहुमत उनीहरुको भए जस्तै जनतामा पनि उनीहरुकै बहुमत छ। त्यसैले, राष्ट्रपति पनि उनीहरुकै छ। उनीहरुको भन्नुको मतलब हो- तीनवटा पार्टीको, जसको सरकार छ।

❑ **सरकारप्रतिको तपाईंहरुको आलोचना चाहिं के छ नि ?**

-पहिलो आलोचना केमा छ भने, राष्ट्रको एकीकरणको लागि उनीहरुले जे गर्नु पर्थ्यो, त्यो गरिरहेका छैनन्। उनीहरु भन्छन्- संयुक्त राष्ट्रसंघबाट साइप्रस राष्ट्रको एकीकरणको निम्ति जे प्रस्ताव पारित भएको छ, सरकार त्यसको पक्षमा छ। तर व्यवहारमा उनीहरु त्यो प्रस्तावको कार्यान्वयनको लागि प्रतिबद्धताका साथ जोड गरिरहेका छैनन्। उनीहरु उल्टो, आफ्नो सत्ता थाम्न अमेरिकी साम्राज्यवाद र ब्रिटिश साम्राज्यवादसित साँगगाँठ गरिरहेका छन्। यसबाट के देखिन्छ भने, उनीहरुले समाधान त निकाल्ने छन्, तर त्यो समाधान साइप्रसको हितमा हुने छैन,

**साइप्रस !**

साइप्रस ग्रिस र टर्कीको नजिकै यूरोप र एशियाको सँधमा रहेको एउटा सारै सानो टापू देश हो । केवल ५ लाख जनसंख्या भएको यो विकसित पूँजीवादी मुलुकमा पनि निकै लामो समयदेखि कम्युनिष्ट आन्दोलन जारी छ भन्ने कुरा हामीमध्ये धेरैलाई थाहा छैन । तर गतः असोज महिनामा नेकपा (माले) को निमन्त्रणामा साईप्रसको कम्युनिष्ट पार्टी- 'आकेलकन'का एकजना वरिष्ठ पोलिटब्यूरो सदस्य क. भेनेजेलोस- जानेतोस नेपाल भ्रमणमा आउनु भएको थियो । त्यस बेला व्यस्तताका बावजूद **मूल्यांकन**सित कुराकानी गर्नका लागि उहाँले एक घण्टा समय छुट्याउनु भयो र त्यस कुराकानीको दौरानमा उहाँले साइप्रसको कम्युनिष्ट आन्दोलनको इतिहासबारे प्रकाश पार्नुभयो । प्रस्तुत छ- मूल्यांकनका प्रधान सम्पादक श्याम श्रेष्ठसित भएको त्यही कुराकानीका मुख्य मुख्य अंशहरूः

स्मरणीय छ, कमरेड भेनेजेलोस जानेतोस साइप्रसको कम्युनिष्ट पार्टीको केन्द्रीय समितिको आर्थिक मामिलासम्बन्धी फाँटका सचिव हुनुहुन्छ । उहाँ पार्टीको केन्द्रीय सचिवालयका सदस्य समेत हुनुहुन्छ ।

-मूल्यांकन



## ३७ प्रतिशत साइप्रसमाथि टर्कीको कब्जा छ । साइप्रसको यतिखेरको मुख्य राजनीतिक समस्या नै यही हो ।

त्यो जायज समाधान हुने छैन । हामी सरकारलाई सर्वप्रथम यही सवालमा आलोचना गरिरहेछौं । सरकारले संयुक्त राष्ट्रसंघको साधारण सभाको बेला अधिकतम दवाब दिनु पर्छ- जिम्मेवार राष्ट्रहरुलाई टर्कीको सेना साइप्रसबाट फिर्ता हुनको लागि । तर त्यो दवाब उसले दिइरहेको देखिन्न । साइप्रसमा वास्तवमा के भएको हो- विश्वका धेरै राष्ट्रलाई थाहा छैन । त्यो थाहादिने काम समेत सरकारले गरिरहेको छैन । यहीं नेपालमा भन्नुहोस् न, कति जनताले थाहा पाएका छन्: साइप्रस टर्कीबाट कस्तो खालको उत्पीडनमा परेको छ भनेर ? भारत, चीन, पाकिस्तान, बांग्लादेशका अधिकांश जनतालाई कति थाहा छ- साइप्रसमा टर्कीले कस्तो खालको अन्याय गरेको छ भनेर ? थाहै नभइकन समर्थन पाउने कुरै आउँदैन । हाम्रो सरकार यति नाकाम छ कि, उसले टर्कीबाट आफ्नो देशको ठूलो भूभाग हड्पिएको कुरासमेत विश्वलाई ठीकसित बताउन सकिरहेको छैन । अनि कसरी हुन्छ साइप्रस समस्याको समाधान ?

त्यसैले, हामी भनिरहेछौं, साइप्रसको ठूलो भूभाग टर्कीबाट बलपूर्वक हड्पिएको कुरा सारा विश्वलाई बताऊ, विश्वका सारा मुलुकहरुबाट समर्थन प्राप्त गर, उनीहरुबाट संयुक्त राष्ट्रसंघमा सशक्त दवाब दिन लगाऊ- टर्की र उसका मतियारहरुमाथि । अनि मात्र साइप्रस समस्याको शान्तिपूर्वक समाधान हुन सक्छ ।

हाम्रो अर्को आलोचना छ साइप्रसको बिग्रँदो आर्थिक स्थितिका बारेमा । यद्यपि, साइप्रसको आर्थिक स्थिति नेपालको तुलनामा धेरै राम्रो छ र साइप्रस विकसित पूँजीवादी राष्ट्र हो, तथापि, हाम्रो देशमा सरकारले ठूला पूँजीपतिवर्गलाई झन् ज्यादा सम्पन्न बन्न मात्र सघाइरहेको छ, श्रमिक वर्गलाई उसको विपन्नताबाट माथि उठाउन सघाइरहेको छैन । पूँजीपति वर्ग र श्रमिक वर्गको जीवनस्तरको खाडल झन् झन् ज्यादा चौडा र गहिरो बन्दैछ । हाम्रो सरकारप्रतिको अर्को आलोचना यही सवालमा छ ।

यिनै मुख्य बुँदा हुन्, जसलाईसरकारको आलोचनाका रुपमा हामी उठाइरहेछौं ।

❑ **वर्गको हिसाबले भन्नुपर्दा साइप्रसको वर्ग संरचना कस्तो छ ? कति प्रतिशत छन् त्यहाँ ठूला पूँजीपति वर्गहरु ? कति मध्यम वर्ग छन् ? कति निम्न पूँजीपति र श्रमिक वर्गहरु छन् ? र, शासनमा कुन वर्ग छ ?**

-साइप्रसको शासक वर्ग हो- पूँजीपति वर्ग । अझ यसलाई ठूलो पूँजीपति वर्ग भन्नु बढी बेस होला । वर्ग संरचनाको कुरा गर्दा साइप्रसमा श्रमिक वर्ग ३० देखि ३५ प्रतिशत छन्, निम्न पूँजीपति वर्ग करिब २० प्रतिशत र मध्यम वर्ग १० प्रतिशत । साइप्रसको सामाजिक संरचनाको विशेषता के हो भने, त्यहाँ श्रमिक वर्गको तुलनामा पूँजीपति वर्गको बाहु-ल्य छ ।

❑ **साइप्रसमा क्रान्तिप्रति मध्यम वर्गको रबैया कस्तो छ ?**

-उनीहरु ठूला पूँजीपति वर्गबाट किचिएका छन् । त्यसैले, उनीहरुध्ये धेरैजसो क्रान्तिको पक्षमा छन् । हामीलाई उनीहरु समर्थन गरिरहेका छन् । प्रगतिकामी वर्गका रुपमा छन्, मध्यमवर्ग । साइप्रसमा हामीहरु विभिन्न कार्यक्रममार्फत् उनीहरुलाई परिचालन गरिरहेछौं । यस कार्यमा हामी सफल पनि छौं । संसदमा हाम्रो त्यति धेरै सिट आउनुका पछाडि उनीहरुको समर्थन पनि एउटा कारण हो ।

❑ **तपाईंको पार्टी देशको कतिवटा एरियामा कार्यरत छ ?**

-हामी सम्पूर्ण देशभरि क्रियाशील छौं । त्यस्तो कुनै एरिया छैन, जहाँ हामी छैनौं । शहर गाउँ सबैतिर हाम्रो पार्टीको संगठनको जालो फिँजिएको छ । सानोभन्दा सानो गाउँमा समेत हाम्रो पार्टी-संगठन पुगेको छ । हरेक हप्ताजसो, नियमित रुपमा हाम्रा पार्टीका कार्यकर्ताहरु हरेक गाउँमा पुग्छन् । त्यहाँ जनताको समस्या हल गर्छन् र पार्टीको नीतिको व्याख्या गर्छन् ।

हामी किसान वर्गमा पनि काम गरिरहेछौं र त्यहाँ हाम्रो प्रभाव निकै राम्रो छ । तर हामी सबभन्दा ज्यादा मजदूर वर्गमा बलिया छौं । साइप्रसको सबैभन्दा ठूलो मज्दूर वर्गीय शक्ति हामी नै हौं । साइप्रसमा अर्को कुनै कम्युनिष्ट पार्टी छैन ।

❑ **तपाईंको पार्टीको क्रान्तिको कार्यक्रम के हो, बताइदिनु हुन्छ कि ?**

-हाम्रो देश जुन विशिष्ट राजनीतिक परिस्थिति भएर गुज्रिरहेछ, बाह्य आक्रमणको कारणले, त्यो परिस्थितिको कारणले हामी अहिलेको पूँजीवादी व्यवस्था भत्काएर नयाँ समाजवादी व्यवस्था र समाज स्थापना गर्छौं भन्न सकिरहेका छैनौं ।

हाम्रो पार्टीको क्रान्तिको कार्यक्रम चाहिं समाजवाद हो । हामी यसलाई 'सही र नयाँ समाज' भन्छौं । अर्थात् समाजवादी समाज ।

तर जब देशको एउटा ठूलो भूभाग नै विदेशीले आक्रमण गरेर हड्पेको छ- हाम्रो सामुको प्रमुख काम देशमा समाजवाद स्थापना गर्नु हुन सक्दैन, किनकि, यसो गर्नासाथ साइप्रसको जनता विभाजित हुन्छ र विभाजित जनताले बाह्य आक्रमणकारीलाई लखेट्न सक्दैन । तसर्थ, हाम्रो यतिखेरको प्रमुख काम देशलाई बाह्य शत्रुको कब्जाबाट मुक्त गर्नु हो, त्यो मुक्त गरेपछि हामी बल्ल समाजवाद स्थापनाको लागि लड्न सक्छौं । यतिखेर हामी समाजवादी कार्यक्रम लिएर जनतामा गयौं भने जनता यसलाई ग्रहण गर्न नै तयार हुने छैनन् । उनीहरु ठान्नेछन्- हामीहरु

**साइप्रसको सबैभन्दा ठूलो मजदूर वर्गीय शक्ति हामी नै हौं । साइप्रसमा अर्को कुनै कम्युनिष्ट पार्टी छैन ।**

राष्ट्रिय एकीकरण प्रक्रियामा बाधा खडा गरिरहेछौं ।

त्यसैले, विदेशी आक्रमणकारीलाई कसरी साइप्रसबाट लखेट्ने र नयाँ सार्वभौम र एकताबद्ध साइप्रस राष्ट्र बनाउने, जसमा सम्पूर्ण जनताको आधारभूत मानव अधिकारको सम्मान हुनेछ भन्ने नै हाम्रो यतिखेरको प्रमुख राजनीतिक कार्यक्रम भएको छ । यो कार्यक्रम पूरा गरेपछि नै हामी जनताबीच जानेछौं र भन्नेछौं- अब देशमा पूँजीवाद फाल्नु पर्छ र समाजवाद स्थापना गर्नु पर्छ ।

**❑ के हो तपाईंको पार्टीको दिग्दर्शक सिद्धान्त ?**

-मार्क्सवाद-लेनिनवाद ।

**❑ तपाईंको पार्टीको कार्यक्रमलाई अरु पार्टीहरुले कसरी लिइरहेका छन् ?**

-साइप्रसका सबैजसो प्रजातन्त्रप्रेमी मानिसहरुले हामीलाई समर्थन गरिरहेछन् । हामी अन्य पार्टीको ध्यान तान्न केही हदसम्म सफल पनि भइरहेका छौं । सबै पार्टीभित्रका देशभक्त तप्काहरुमा हाम्रो अपील संचार भएको छ । हामी साइप्रसको एकीकरण र मुक्तिका लागि गंभीरतापूर्वक लागेका छौं र हामीले यो समस्या हल गरी छोड्छौं भन्ने उनीहरुलाई परेको छ । हामी यसरी सबै पार्टीका देशभक्तहरुलाई सँगेट्ने प्रयत्न गरिरहेका छौं । हामीलाई थाहा छ, अझै जनताको बहुसंख्या हाम्रो समर्थनमा आइसकेको छैन । तर हामी त्यही दिशामा प्रयत्नरत छौं ।

**❑ तपाईंको क्रान्तिको साधन के हो ? क्रान्ति के तपाईंकहाँ शान्तिपूर्ण ढंगबाट हुन सक्छ भन्ठान्नु हुन्छ ?**

-हो, हामी शान्तिपूर्ण र प्रजातान्त्रिक ढंगबाट नै सत्ता हाम्रो हातमा आउन सक्छ भन्ने सोचिरहेछौं । यतिखेर सशस्त्र संघर्ष उठाएर जनताले हामीलाई साथ देलान् भन्ने हामीलाई लागेको छैन । हामीले संसदमा बहुमत ल्याउनु पर्छ, सरकार गठन गर्नुपर्छ र राष्ट्रपतिको पदमा पनि हाम्रै मान्छे जिताउनु पर्छ भन्ने हाम्रो सोचाइ रहेको छ । यही उपायबाट सत्तामा पुगेपछि हामी साइप्रसको यतिखेरको प्रमुख समस्या हल गर्न सक्छौं र यसलाई समाजवादतिर उन्मुख गराउन सक्छौं भन्ने हामीलाई लागेको छ ।

**❑ किन तपाईंहरु चिनियाँ, कोरियाली, भियतनामी कम्युनिष्ट पार्टीले गरेजस्तो एकताबद्ध राष्ट्रिय मुक्ति युद्ध छेड्न सक्नु हुन्न ? किन जनताको व्यापक संयुक्त मोर्चा बनाउन सक्नु हुन्न, जस्तो माओले गर्नु भएको थियो ? किन गुरिल्ला युद्ध शुरु गर्न सक्नु हुन्न ? तपाईंहरु संसदमा बहुमत आउँदैमा संसदको आवाजबाटै के हतियारबद्ध विदेशी सेना सुरुक्क जान्छन् र ?**

-हाम्रो देशको सरकारको सशस्त्र सेना छ- नेशनल गार्डका नाममा, सन् १९६४ मा गठन भएको । देशको ३७ प्रतिशत भूभाग टर्कीको कब्जामा भएको मैले अघि नै भनें । तर टर्की NATO को सदस्य राष्ट्र हो । त्यसमाथि थप, टर्कीको जनसंख्या ५ करोडको छ, जबकि साइप्रसको वर्तमान जनसंख्या ५ लाख छ । हाम्रो सेनाभन्दा टर्कीको सेना २० गुणा ठूलो छ । र, यो सेना निकै बलवान् र साधनसम्पन्न छ । अझ उनीहरुका पछाडि सिंगै NATO छ । अर्थात् अमेरिका, बेलायत, जर्मनी, फ्रान्स उनीहरुका पछाडि छन् । हाम्रो सिंगै जनसंख्या नै सशस्त्र भएर उत्रे पनि हाम्रो क्षमताले टर्कीलाई धपाउन संभव देखिन्न । हामीले हतियार समात्ने बित्तिकै केही घण्टामै उनीहरु संपूर्ण साइप्रसलाई आफ्नो कब्जामा लिन सक्छन् । यस्तो स्थितिमा के हामीले चिनियाँहरुले जस्तो सशस्त्र युद्ध छेड्नु बुद्धिमानी हुन्छ ?

यही कारण हो, जसले गर्दा हामी संयुक्त राष्ट्रसंघमार्फत् शान्तिपूर्वक यो समस्याको राजनीतिक समाधान निकाल्न खोजिरहेछौं ।

**❑ तर संयुक्त राष्ट्रसंघ अमेरिकाको रबर स्टैम्प जस्तो भइरहेछ त !**

-संयुक्त राष्ट्रसंघमा अमेरिका मात्रै त छैन नि ! अरु पनि सार्वभौम र स्वतन्त्रताप्रेमी राष्ट्रहरु छन् । हाम्रो देशको सरकारले उनीहरुलाई वास्तविकताको जानकारी दिनुपर्‍यो, उनीहरुलाई घटनाको व्याख्या गर्नुपर्‍यो र उनीहरुको समर्थन जित्नुपर्‍यो । अरु के उपाय छ ?

**❑ अब जाऔं- साइप्रसको कम्युनिष्ट आन्दोलनको इतिहासतिर । कहिले र कसरी स्थापना भयो तपाईंको कम्युनिष्ट पार्टी ? को थिए यसका संस्थापकहरु ?**


-हाम्रो कम्युनिष्ट पार्टी सन् १९२६ मा स्थापना भएको हो । सन् १९१७ मा रुसमा अक्टोबर समाजवादी क्रान्ति सम्पन्न भएपछि त्यसैको सफलताको प्रभावबाट हाम्रो देशमा कम्युनिष्ट पार्टीको स्थापना गरिएको थियो ।

१९२६ अघि पनि साइप्रसका विभिन्न ठाउँमा मार्क्सवादी समूहहरु थिए । ती त्यतिखेर छरपष्ट रुपमा थिए । सोभियत संघको क्रान्तिको सफलताबाट उत्साहित यी समूहहरुले श्रमिक वर्गमा गएर सोभियत संघमा के के भयो र कसरी भयो ? त्यो व्याख्या गर्ने काम थाले । यो कार्य सन् १९२१ देखि १९२३ सम्म भयो । सन् १९२५ सम्ममा यी समूहहरु झन् झन् ठूला हुँदै गए । श्रमिक वर्गबीच यिनीहरुको लोकप्रियता काफी बढ्यो । किनकि, श्रमिक वर्गको जीवनस्तर असाध्यै खराब थियो त्यतिखेर । स्थिति यस्तो भएपछि जब शोषण उत्पीडन नभएको, बेरोजगारी नभएको नयाँ समाजको बारे व्याख्या गरिन्थ्यो- उनीहरु निकै आकर्षित हुन्थे- समाजवादप्रति ।

अन्ततः सन् १९२६ मा सबै मार्क्सवादी समूहहरुले मिलेर "साइप्रसको कम्युनिष्ट पार्टी" (Communist Party of Cyprus) को नाममा एउटा पार्टी खोले । यही थियो, हाम्रो शुरुको कम्युनिष्ट पार्टी । चाँडै नै यो पार्टी काफी लोकप्रिय भयो र श्रमिक जनताबीच फैलियो । सन् १९४१ सम्म यही पार्टीको नामबाट हामीले काम गर्‍यौं । त्यतिखेरसम्म हाम्रो देश उपनिवेश थियो- ब्रिटिश साम्राज्यवादको । ब्रिटिश साम्राज्यवादले देख्यो कि, साइप्रसमा कम्युनिष्ट पार्टी काफी लोकप्रिय र संगठित हुँदैछ र देशको कुना कुनामा फैलिंदैछ, ब्रिटिश उपनिवेशवादविरुद्ध जनतालाई एकगठ गर्दैछ । त्यतिखेरको देशको एक मात्र संगठित शक्ति हाम्रै पार्टी थियो । यो देखेर क्रुद्ध भएको ब्रिटिश साम्राज्यवादले हाम्रो पार्टीमाथि प्रतिबन्ध लगायो । हाम्रो पार्टीले अब भूमिगत रुपमा काम गर्नुपर्ने भयो । एक वर्ष यसरी काम गरेपछि हाम्रो तात्कालीन पार्टी नेतृत्वले महसूस गर्‍यो कि, पार्टी जनताबाट विस्तारै टाढिँदैछ । आम जनतासम्म जान काफी गाह्रो पर्दैछ । यस्तो महसूस गरेपछि सन् १९४२ मा हाम्रो पार्टी नेतृत्वले पार्टीको नाम बदल्यो । AKEL नाम यसैको परिणाम हो । AKEL को मतलब मैले माथि नै भनिसकें- साइप्रसको श्रमिक जनताको प्रगतिशील पार्टी ।

म एकचोटी दोहोर्‍याएर भन्छु-

**गएको संसदीय चुनावमा हामीले कुल मतमध्ये ३३ प्रतिशत मत हासिल गरेका थियौं । कुल ५६ सिट भएको संसदमा हामीले १८ सिट प्राप्त गरेका थियौं ।**



*साइप्रसको राजधानी निकोसियाको टर्कीले कब्जा गरेको भागमा अवस्थित सेलिमिये मस्जिदको फोटो । १३२५ मा क्रिश्चियन चर्चको रुपमा निर्माण गरिएको यो स्थललाई सोह्रौं शताब्दीको अन्ततिर टर्कीस सेनाले कब्जा गरेपछि मस्जिदको रुपमा उपयोग गरिन थालियो ।*

## अरु देशमा सोभियत संघमा र पूर्वी यूरोपमा समाजवाद धराशायी भएपछि कम्युनिष्टहरु सारै खुम्चिए, जनतामा अलोकप्रिय भए । हाम्रो देशमा उल्टो भयो ।

हामीले पार्टीको नाम मात्र बदल्यौं, सिद्धान्त बदलेनौं । यो हामीले ब्रिटिश उपनिवेशवादीहरुलाई मूर्ख बनाउनको निम्ति गर्‍यौं । पार्टीलाई नयाँ नाममा खुलेआम जनताबीच लान संभव बनाउनको निम्ति गर्‍यौं । अहिलेसम्म हामी त्यही नामले हाम्रो पार्टी चलाइरहेछौं ।

❑ **तपाईंको पार्टीका संस्थापहरुको नाम त तपाईंले बताउनु भएन नि ! केही नाम संझनु हुन्छ ?**

-संझन्छु । वादीस ओस्वानो नै पार्टीको प्रमुख संस्थापक हुनुहुन्थ्यो । उहाँपछिको अर्को प्रशिद्ध नाम हो- पापायुवानो । पापायुवानो सम्पूर्ण साइप्रसभरि निकै लोकप्रिय नाम हो । उहाँले आफ्नो सम्पूर्ण जीवन नै पार्टी र आन्दोलनको निम्ति सुम्पिनु भयो । उहाँले धार्मिक परिवारकी एउटी महिलासित विवाह गर्नुभएको थियो । उनीसित निकै ठूलो धन सम्पत्ति थियो । पापायुवानोले आफ्नो र परिवारको सम्पूर्ण सम्पत्ति पार्टीलाई सुम्पनु भयो । उहाँ पार्टीको महासचिव पनि हुनुहुन्थ्यो । साइप्रसको अहिलेको सम्पूर्ण नयाँ नेतृत्व र पुस्ताहरु पापायुवानोप्रति गौरव गर्छन् । हामी उहाँलाई सबैभन्दा महान नेताहरुमध्ये एक सम्झन्छौं ।

❑ **पार्टी स्थापनापछि तपाईंको पार्टीले संचालन गरेका प्रमुख संघर्षहरु उल्लेख गर्न सक्नु होला ?**

-जनताबीच पार्टीका आवाजहरु लैजान गरिएका संघर्षहरु र जनताको जीवनका ज्वलन्त समस्या हल गर्न उठाइएका संघर्षहरु नै हाम्रा प्रारम्भिक संघर्षहरु थिए । बेरोजगारीविरोधी संघर्ष, ज्याला वृद्धिका लागि भएका संघर्ष, जनताको जीवनस्तर माथि उठाउने नियतले गरेका संघर्ष, आवासको लागि भएका संघर्ष यस सन्दर्भमा उल्लेखनीय छन् । पार्टीलाई जनताबीच कसरी छिटोभन्दा छिटो परिचित गराउने र स्थापित गर्ने भन्ने सन्दर्भमा नै आम जनताका आधारभूत ज्वलन्त समस्यालाई लिएर सडकमा गयौं । हामीले यस क्रममा ट्रेड यूनियन, युवा संगठन, महिला संगठन र किसान संगठनलाई व्यापक जनताबीच जाने प्रभावकारी पुलका रुपमा प्रयोग गर्‍यौं । जनताले जब देखे कि, जनताको ज्वलन्त समस्यालाई लिएर अरु कुनै पार्टी जनताबीच आइरहेको छैन, हाम्रो पार्टी मात्रै आउँदैछ, र हाम्रो पार्टीकै अगुवाइमा भएका संघर्षहरुले गर्दा उनीहरुको जीवनका समस्या हल हुँदैछ । उनीहरुको जीवतस्तर माथि उठ्दैछ- हाम्रो पार्टी जनताबीच काफी लोकप्रिय भयो र फैलियो ।

अरु देशमा सोभियत संघमा र पूर्वी यूरोपमा समाजवाद धराशायी भएपछि कम्युनिष्टहरु सारै खुम्चिए, जनतामा अलोकप्रिय भए । हाम्रो देशमा उल्टो भयो: सोभियत संघको र पूर्वी यूरोपको दुर्घटनापछि हाम्रो पार्टी झन् ज्यादा बलियो भयो । हामीले संसदमा अरु ज्यादा सिट ल्यायौं, निर्वाचनमा अरु ज्यादा मत प्राप्त गर्‍यौं । सोभियत संघ विघटन हुनु र समाजवाद ढल्नुको प्रभाव साइप्रसमा पर्दै परेन भने पनि हुन्छ ।

❑ **तपाईंका यतिखेरका प्रमुख जनवर्गीय संगठनहरु कुन कुन हुन् ?**

-प्रमुख संगठन ट्रेड यूनियन हो । त्यसबाहेक, युवा र विद्यार्थी संगठन हाम्रा दोस्रो प्रमुख जनसंगठनहरु हुन् । महिला संगठन हामीसित बलवान र सर्वव्यापी संगठनका रुपमा छन् । सांस्कृतिक र पेशागत संगठनहरु पनि छन् हाम्रा ।

❑ **मजदूरहरुबीच पार्टीले के मागमा कस्तो प्रकारको संघर्ष उठाउने गरिरहेको छ अहिले ?**

-सरकार अहिले मजदूरहरुले पहिलेदेखिका संघर्षका कारणले पाउँदै गरिआएका अधिकार र सुविधामा कटौती गर्न खोज्दैछ, ता कि, पूँजीपतिहरु बढी नाफा कुम्ल्याउन समर्थ होउन् । हामी तिनै मुद्दालाई समात्छौं, मजदूरहरुलाई संझाउँछौं र संघर्षमा उताछौं । मजदूरहरुको हड्ताल, विरोध प्रदर्शन वा अन्य प्रकारको संघर्षबाट सरकार पछि हट्न बाध्य हुन्छ । बस्, यस्तै खालका संघर्ष उठाउँछौं हामी मज्दूरहरुबीच । यो एउटा उदाहरण मात्रै भनेको हुँ मैले । यस्ता उदाहरण अरु थुप्रै हुन सक्छन् ।

❑ **आफ्ना नेता कार्यकर्ताको वैचारिक सांस्कृतिक स्तर उँचा बनाइराख्नका लागि के कस्तो कार्यक्रम गर्नुहुन्छ तपाईंहरु ?**

-केन्द्रीय समितिले यसनिम्ति अलग्गै एउटा विभाग बनाएको छ । त्यो विभागले संचालन गर्छ वैचारिक सांस्कृतिक स्तर उठाउने कार्यक्रमहरु । हाम्रो केन्द्रीय समितिले बारम्बार पार्टी स्कूलको संचालन गर्छ । पार्टी सेमिनारहरु आयोजना गर्छ । पार्टी प्रवचन कार्यक्रमहरु आयोजित गरिन्छन् । लिखित सामग्रीहरु र मुखपत्र पनि उत्पादन गर्छ हाम्रो पार्टीले । यिनै साधनहरु हुन्, जसको सहायताले हामी नेता कार्यकर्ताहरुको वैचारिक सांस्कृतिक स्तर लगातार माथि उठाउँछौं ।

❑ **पार्टीभित्र भिन्न विचारहरु पैदा हुँदा तपाईंहरु कसरी अन्तर्पार्टी संघर्ष संचालन गर्नुहुन्छ ?**

-हाम्रो पार्टी मार्क्सवादी-लेनिनवादी पार्टी हो । हामी त्यसैले अन्तर्पार्टी संघर्ष संचालन गर्नका लागि जनवादी केन्द्रीकरणको सिद्धान्त लागू गर्छौं । पार्टीभित्र हरेक पार्टी सदस्यलाई आफ्नो मत जाहेर गर्ने हक छ । बहुमतबाट जे निर्णय हुन्छ, त्यो लागू हुन्छ । कसैलाई बहुमतले वा माथिले गलत निर्णय गरेको महसूस हुन्छ भने फेरि एकचोटी निर्णयमाथि पुनर्विचार गर्ने प्रस्ताव राख्न सक्छ । दोस्रो चोटी पनि त्यही निर्णय दोहोरिन्छ भने, त्यो अन्तिम निर्णय हुन्छ ।

❑ **लेनिनले आफ्नो पालामा गरे जस्तो- आफ्नो सैद्धान्तिक राजनैतिक मत खुल्ला बहस छलफलमा ल्याउन दिइन्छ तपाईंको पार्टीमा ?**

-अहँ, दिइन्न । पार्टीभित्र मात्रै भिन्न मत प्रवाहित गर्न पाइन्छ, पार्टी बाहिर पाइन्न ।

❑ **के तपाईंको केन्द्रीय समिति पूर्ण रुपले निर्वाचित केन्द्रीय समिति हो ?**

- हो, सबै हाम्रा केन्द्रीय सदस्यहरु निर्वाचित हुन्छन् ।

❑ **केन्द्रीय समितिमा कति जना सदस्य छन् ?**

- एक सय छन् ।

❑ **त्यसमध्ये महिला कति छन् ?**

-१४ जना ।

❑ **केन्द्रीय समितिमा खुद मजदूरहरु कति जना छन् ?**

-यसको भरपर्दो तथ्यांक म अहिले संझन सक्दिनँ । मेरो अनुमानमा बहुसंख्यक त मज्दूर नै होलान् ।

❑ **पार्टीको महासचिव को हुनुहुन्छ अहिले ?**

-क. फ्रिस्टोफियस् । दश वर्षदेखि उहाँले नै पार्टीको नेतृत्व सम्हाल्नु भएको छ । हाम्रो पार्टीको प्रमुख नेता भनेकै महासचिव हो । निक्कै तन्नेरी हुनुहुन्छ उहाँ ।

❑ **उहाँ कुन वर्गको मान्छे हुनुहुन्छ ?**

-मजदूर वर्गको ।

❑ **के तपाईंको पार्टीका सबै केन्द्रीय सदस्यहरुले आफ्नो संपत्ति क. पापायुवानोले जस्तै पार्टीलाई सुम्पनु भएको छ ?**

-अहँ, छैन । यो त्यति सजिलो काम होइन । सबैको आ-आफ्नो सम्पत्ति छ । तर हामी कोही धनी छैनौं । सबैको आ-आफ्नो परिवार र घर छ । सबै नेता आ-आफ्नो परिवारसित आ-आफ्नो घरमा बस्छन् ।

❑ **संसारका अरु कम्युनिष्ट पार्टीसित तपाईंहरुको सम्बन्ध छ ?**

- छ । थुप्रै देशका कम्युनिष्ट पार्टीसित हाम्रो राम्रो सम्बन्ध छ । म नेपालमा आएकै सम्बन्ध बृद्धि गर्नका लागि हो । भारतको भाकपा (मार्क्सवादी)-को सोह्रौं महाधिवेशनमा पनि म यही कारणले गएको थिएँ । चीनको, रुसको, क्यूबाको, उत्तर कोरियाको पार्टीसित पनि हाम्रो राम्रो सम्बन्ध छ । रुसमा ज्यूगानोभको पार्टीसित हाम्रो सम्बन्ध छ । सबै यूरोपेली कम्युनिष्ट पार्टीसित हाम्रो सम्बन्ध राम्रो छ । हामी कम्युनिष्ट पार्टीसित मात्रै होइन, प्रजातान्त्रिक शक्तिहरुसित पनि सम्बन्ध बढाउँछौं । किनकि, विदेशी आक्रमणकारीहरुलाई देशबाट धपाउन हामीलाई सबै प्रजातान्त्रिक शक्तिहरुको समेत समर्थन चाहिएको छ । ❑

## साइप्रस- एक चिनारी

| | | |
|---|---|---|
| ◆ जनसंख्या | सन् १९९३ मा | ७ लाख |
| ◆ क्षेत्रफल | सन् १९९३ मा | ९,२५,००० हेक्टर |
| ◆ शहरी जनसंख्या | सन् १९९३ मा | ५३ प्रतिशत |
| ◆ साक्षरता दर | सन् १९९३ मा | ९४ प्रतिशत |
| ◆ उद्योगमा संलग्न जनसंख्या | सन् १९९० मा | ३० प्रतिशत |
| ◆ कृषिमा संलग्न जनसंख्या | सन् १९९० मा | १४ प्रतिशत |
| ◆ सेवाहरुमा संलग्न जनसंख्या | सन् १९९० मा | ५६ प्रतिशत |
| ◆ बेरोजगार जनसंख्या | ८ प्रतिशत | |
| ◆ सरदर आयु अपेक्षा | सन् १९९३ | ७७ वर्ष |
| ◆ प्रति व्यक्ति राष्ट्रिय आय १०,३८० अमेरिकी डलर | डलरमा | १९९३ |
| ◆ सांसदहरुमध्ये महिलाहरुको प्रतिशत | सन् १९९३ मा | ३.६ प्रतिशत |
| ◆ प्रति डाक्टर जनसंख्या | सन् १९९० मा | ५८५ |
| ◆ आमाको मृत्यु दर (प्रति लाख जीवित शिशु जन्ममा) | | ५ |
| ◆ शिशु मृत्यु दर (प्रति हजार जीवित शिशु जन्ममा) | | ८ |

*स्रोत: UNDP, Human Development Report, 1996 र बेरोजगार सम्बन्धी क. भेनेजुलोस*

# कस्तो छ भारतमा रहेका नेपालीहरूको स्थिति र समस्या ?

◆ गिरधारीलाल न्यौपाने

*भारतमा रहेका नेपालीहरूका बीच रहेर काम गरिरहेका संगठनहरूमध्येको एक प्रभावशाली संगठन 'अखिल भारत नेपाली एकता समाज' का केन्द्रीय सभापति गिरधारीलाल न्यौपानेसंग हामीले केही दिन अघि गत असोजको अन्तमा काठमाडौंमा भेट गरेका थियौं ।*

*सन् १९७९ मा गठित यो एकता समाजले यही नोभेम्बर ७ का दिन ( अर्थात् यही कार्तिक २१ गते) आफ्नो स्थापनाको बीस वर्ष पूरा भएको उपलक्ष्यमा भव्यतापूर्वक 'दोस्रो शताब्दी समारोह' मनाइरहेछ । नेपालस्थित नेकपा मसालको राजनीतिक सोचसंग निकट रहेको यो संगठनले आफ्नो चौथो सम्मेलन गत १९९५ फरवरीमा दिल्लीमा संपन्न गरेको थियो । यसको केन्द्रीय कार्यालय हर्केश नगर, ओखला, टैंक नयाँ दिल्लीमा रहेको छ ।*

*समाजका अध्यक्ष न्यौपानसंग हामीले भारतमा रहेका ६० लाखभन्दा बढी संख्याका नेपालीहरूको वर्तमान स्थिति र समस्याबारे कुराकानी गरेका थियौं । कुराकानीको क्रम उहाँको संगठनको वर्तमान गतिविधिको प्रसंगबाट शुरू भएको थियो ।*

*प्रस्तुत छ- उहाँसंगको कुराकानीको सार संक्षेप ।*

*-हरिगोविन्द लुइँटेल*





## के गर्दैछ अखिल भारतीय नेपाली एकता समाज ?

❑ **तपाईंहरु अहिले कुन कुन मुद्दाहरुमा केन्द्रित भएर काम गर्दै हुनुहुन्छ ?**

-भारतमा दुई प्रकारका नेपालीहरु छन्- भारतीय नेपालीहरु र प्रवासी नेपालीहरु । हाम्रो संगठन 'अखिल भारत नेपाली एकता समाज' यी दुवैथरि नेपालीहरुलाई संगठित गरेर काम गर्दैछ । यी दुवैथरि नेपालीहरुका समस्याहरुसंग जुध्ने काम यसले गर्दै आएको छ । दुवैथरि नेपालीहरुलाई सचेत पार्दै र अग्रसर गराउँदै हामी काम गर्दैछौं ।

भारतका अलग अलग प्रान्तहरुमा रहेका नेपालीहरुको अलग अलग नै समस्याहरु छन् । उदाहरणको लागि, आसाम क्षेत्रका नेपालीहरुको समस्या आफ्नै खाले छ, हिमांचल क्षेत्रको आफ्नै खाले छ । यसै गरी, दिल्ली, केन्द्रीय भारत, दक्षिण भारत, बम्बै, पश्चिम बंगाल आदि सबै क्षेत्रका समस्या अलग अलग छन् । राज्य स्तरका समस्यालाई हाम्रो राज्यस्तरका संगठन इकाइहरुले उठाइरहेछन् र हल गर्न जरुरी संघर्ष गरिरहेका छन् भने, साझा एवं केन्द्रीय समस्या हल गर्न हाम्रो केन्द्रीय समितिले पहल गरिरहेछ ।

❑ **तपाईंहरुको संगठनका यी 'पहलकर्ता' इकाइहरु कतिवटा छन् ?**

-भारतभरिमा रहेका हाम्रा थुप्रै शाखा प्रशाखाहरु मार्फत् हामी काम गरिरहेका छौं । भारतमा रहेका २५ वटा राज्यहरु र ५ वटा केन्द्र शाषित क्षेत्रहरु सबैमा काम गर्न हाम्रो एक केन्द्रीय समिति छ । सजिलोका निम्ति हामीले भारतलाई सातवटा क्षेत्रमा बाँडेका छौं र ती सबै क्षेत्रहरुमा एक एक क्षेत्रीय समितिहरु रहेका छन् । पूर्वी भारत, पूर्वोत्तर भारत, मध्य भारत, पश्चिम भारत, पश्चिमोत्तर भारत, सुदूर पश्चिमोत्तर भारत र दक्षिण भारत गरी गठित यी सात क्षेत्रीय समितिहरुमुनि १४० वटा नगर समितिहरु गठन भएका छन् भने अरु २५० भन्दा बढी नगरहरु हाम्रा सम्पर्कमा आएका छन् ।

❑ **गाउँ-टोलहरुमा पनि यिनै नगर कमिटीले काम गर्छन् ?**

-हैन, तहसिल-बस्तीहरुका निम्ति थुप्रै एरिया समिति र त्यसमुनि थुप्रै टोल कमिटीहरु छन्, जो हजारौंको संख्यामा रहेका छन् । यी बाहेक, १८ वटा महिला समिति, ३० संगठन समिति र ४५ युनिटहरु पनि भारतमा रहेका नेपालीहरुको हकहितका लागि सक्रिय रहेका छन् । एक अर्कामा संचार कायम होस् भनी मासिक रुपमा हाम्रो अखबार 'नेपाली एकता' प्रकाशित हुने गरेको छ । "नेपाली एकता सन्देश" चाहिं हाम्रो केन्द्रीय समितिको सामयिक मुख-पत्र हो ।

यसरी हामी केन्द्र, क्षेत्र, नगर, एरिया र टोल गरी पाँच स्तरमा सक्रिय छौं ।

❑ **तपाईंहरुको हाल विशेष काम भएका क्षेत्रहरु चाहिं कुन कुन हुन् ?**

-संगठनको फैलावट धेरै भएका क्षेत्रहरु र फैलावट कम भए पनि प्रभावकारी नेता-कार्यकर्ताहरु भएका क्षेत्रहरु दिल्ली क्षेत्र, जम्मु कश्मिर, पंजाब, तमिलनाडु, केरला, कर्नाटक आदि क्षेत्र र बम्बै, हैदरावाद र 'बान्ह आसाम' भित्र पर्ने सात राज्यहरु आसाम, मेघालय, मणिपुर, मिजोरम, नागालैण्ड, त्रिपुरा र अरुणाचल प्रदेश आदिमा पनि हाम्रा संगठनहरु प्रभावपूर्ण अवस्थामा रहेका छन् । तिनीहरुमध्ये कति त गत दुई तीन वर्षमा थप गतिका साथ विस्तारित हुँदै पनि छन् ।

❑ **भारतमा संजमो (भट्टराई) समर्थक 'अखिल भारत नेपाली एकता समाज' कलकत्ता पक्ष भनेर चिनिने अर्को संगठन पनि क्रियाशील रहेको देखिन्छ । त्यसैगरी, एमाले-माले समर्थक प्रवासी नेपाली संघ र एकता केन्द्र समर्थक 'प्रवासी नेपाली श्रमिक संघ' र नेपाली कांग्रेस पक्षीय 'जन कल्याण समिति' जस्ता अन्य संगठनहरु पनि क्रियाशील रहेका पाइन्छन् । तपाईंहरु यिनीहरुभन्दा के कुरामा फरक हुनुहुन्छ ?**

-हो, भारतमा नेपालीहरुसंग सम्बन्धित अरु पनि संगठन छन् । तर भारतमा सीमा पस्न नपाई प्रष्टै नेपालीहरुको नजरमा स्थापित भएको संगठन चाहिं हाम्रो संगठन मात्रै हो । यसो भन्न हिच्किचाउनु पर्दैन भन्ने ठान्दछु ।

१९८४ मा तात्कालीन महासचिव विजय शर्माले दिल्लीको सम्मेलन हुनु १५ दिन जतिअघि गुटगत स्वार्थबाट प्रेरित भई छुट्टै कलकत्ता सम्मेलन गरेर फुटपरस्त काम गरे पनि हाम्रो संगठन जनतामा स्थापित भइ नै रहेको छ । कलकत्ता पक्षले अहिले पनि बम्बै, कानपुर आदि क्षेत्रमा हामीले गलत भनेर, शंकास्पद भनेर कारवाही गरेका मान्छेहरुलाई माला लगाएर स्वागत गरिरहेको छ । त्यसैले यो संगठनको ध्यान भारतस्थित नेपालीहरुको समस्या हल गर्नेतिरभन्दा ज्यादा हाम्रो एकता समाजलाई कमजोर गर्न खोज्नमा केन्द्रित छ । अर्कोतर्फ, प्रवासी नेपाली संघले चाहिँ भारतमा रहेका प्रवासी नेपाली बाहेक भारतीय नेपालीहरुलाई भने संगठित नगर्ने नीति लिएको छ । यस कुरामा हामी फरक छौं । प्रवासी नेपाली श्रमिक संघ भने हालै मात्र पुनः संगठित हुन थालेको छ, हामी यस संघसंगै


अखिल भारत नेपाली एकता समाज
ALL INDIA NEPALESE UNITY SOCIETY
CENTRAL COMMITTEE NEW DELHI

*भारतमा रहेका नेपालीहरूका समस्याबारे भारतका प्रधानमन्त्रीलाई दिइएको ज्ञापनपत्र*

बेलामौकामा भेटेर सल्लाह गरिरहेका छौं र संगै मिलेर काम गर्ने कोशिसमा छौं । जनकल्याणकारी समितिको खासै जनस्तरमा प्रभाव छैन र यो भारतस्थित नेपाली राजदूतावासको पैसामा संचालित छ । यसभित्र एकआध मान्छेहरु राम्रा पनि होलान्, तर यसले भारतस्थित नेपालीहरुको पक्षमा कुनै उल्लेख्य काम गरेको पाइएको छैन ।

❑ **तपाईहरुले प्रवासी नेपालीहरु र भारतीय नेपालीहरु दुबैलाई समेट्नुको कारण के ?**

-भारतमा नागरिकता पाएका रैथाने नेपालीहरु र प्रवासी नेपालीहरुकी समस्या एक आपसमा जोडिएका छन् र कति त ती समस्याहरु साझा प्रकृतिका पनि छन् । १९८७ मा मेघालयबाट नेपालीहरु लखेटिए । त्यतिखेर ती लखेटिनेहरु को प्रवासी, को भारतीय भनेर हेरिएन । 'नेपाली' भनेर र 'विदेशी' भनेर दुवैथरिलाई लखेट्ने काम भयो । यस्तै, नेपालीहरु हेपिएका छन्, असुरक्षित छन्, उनीहरुप्रति असमान व्यवहार भइरहेको छ, उनीहरु असचेत छन्, उनीहरुको भाषाले संवैधानिक मान्यता पाइसकेर पनि त्यस भाषालाई स्कूल, कलेज र विश्वविद्यालयमा अरु भाषासरह सरकारी टेवा दिइएको छैन, ती सुक्ने अवस्थामा पुगेका छन् । यी साझा समस्याहरु विद्यमान भएकाले हामीले प्रवासी नेपाली र भारतीय नेपाली दुवैथरिको एउटै संगठन बनाउन जरुरी ठानेका हौं । हक हितको निम्ति मिलेर लड्नु नै सार्थक र प्रभावकारी हुन्छ भन्ने हामीलाई लाग्छ ।

❑ **भारतमा रहेका नेपालीहरुका बीचमा काम गरिरहेका अन्य संगठनहरुसंग तपाईहरु मिलेर साझा समस्याका विरुद्ध कुनै साझा कार्यक्रम संचालन गरिरहनु भएको छ कि छैन ?**

-हाल त त्यस्तो कुनै कार्यक्रम भएको छैन । २०४६ सालको आन्दोलनको बेला फागुन ७ गते हामी, प्रवासी संघ र कलकत्ता पक्ष संयुक्त भएर दिल्लीमा अत्यन्त विशाल जुलूस गरेका थियौं । पछि संविधान बन्ने बेलामा 'संविधान सभा' को माग लिएर हामी र कलकत्ता पक्ष मिलेर कार्यक्रम गरेका थियौं ।

पछि त्यस्तो साझा कार्यक्रम भएको छैन । तर साझा सवालहरुमा साझा संघर्षको कार्यक्रम गर्नु पर्छ, गर्नु जरुरी छ भन्ने कुरा हामीलाई लाग्छ ।

❑ **यसको निम्ति पहल लिनु पनि त जरुरी होला नि ?**

-हामी पहल लिने पक्षमा छौं । जस्तो कि, हामीले विगतमा देशमा 'कालो ऐन' ल्याउन खोज्दा त्यसविरुद्ध संयुक्त कार्यक्रम गरौं भन्ने पहल गरेका थियौं । तर कलकत्ता पक्ष सहमत भएन । त्यसैले हामी यसमा सफल हुन सकेनौं । 'एकता' भन्ने कुरा आफूले चाहेर मात्र हुने रहेनछ । तर पनि हाम्रो प्रयत्न भने भोलि पनि जारी रहनेछ । कारण, भारतस्थित नेपालीहरुका समस्या भनेका कुनै एक संगठनका मात्र हैनन्, सबैका साझा समस्या नै हुन् ।

❑ **प्रसंगवश माथि पनि केही कुरा उठ्यो । समग्रमा भन्नु पर्दा, तपाई भारतमा रहेका नेपालीको मूल समस्या केलाई मान्नु हुन्छ ?**

> **दिल्लीमा क्रेनबाट खसेर मरेका एक नेपालीको लाशलाई घर मालिकले गाडीमा राखेर फाल्न लाग्दा हामीले थाहा पाई लाश झिकी जुलूस गरी दाह संस्कार गर्‍यौं ।**

- भारतमा रहेका भारतीय नेपालीहरुको समस्याबारे मैले माथि पनि केही बताएँ । हो, उनीहरुको मूल समस्या भनेकै अस्तित्वको समस्या हो । 'विदेशी' भनेर उनीहरुलाई मेघालयबाट विगतमा लखेटेझैं ठाउँठाउँबाट लखेट्ने काम आज पनि भइरहेका छन्, प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा । जस्तो कि, आसाम क्षेत्रमा धर्ति हराभरा पारेर वर्षौंअघि देखि बसेका नेपालीहरु 'विदेशी' भनिएर आज खतरा अनुभव गरिरहेका छन् । हेपिएका पनि छन् । उनीहरुको दोस्रो समस्या भनेको उनीहरुको सुरक्षाको सवाल हो । 'नेपाली' भएको कारण काम पाउन गाह्रो पर्ने, पाएमा पनि ज्याला, तलब, पेन्सनमा भेदभाव हुने, खानीमा पुरिनु पर्ने, बलात्कृत हुनुपर्ने, शारीरिक कुटपीट खप्नु पर्ने, काम खोसिने आदि संभावना त्यहाँ नेपालीहरुले बारम्बार भोगिरहेका छन् । तेस्रो समस्या भनेको मैले माथि नै भनें- भाषिक भेदभावको समस्या हो ।

❑ **अनि भारतमा रहेका प्रवासी नेपालीहरुको मूल समस्या नि ?**

- माथ उल्लिखित समस्या पनि प्रवासी नेपीलीले भोग्नु परिरहेछ । यी बाहेक, उनीहरु आतेजाते गर्दा लुटिने, ठगिने र मारिने, बलात्कार गरिने समस्याले चर्को रुपमा पीडित छन् । दिल्ली जान चाहने नेपालीलाई सुनौलीबाटै दिल्ली लैजाने नाममा इलाहाबादको बसमा चढाएर जंगलमा पुऱ्याएर लुट्ने, पिट्ने र बलात्कारसम्म पनि गर्ने काम भएका जस्ता घटनाहरु ठाउँठाउँमा घटेका छन् । पुलीसमा उजुरी गऱ्यो, सुनुवाई हुन्न । निवेदन नै बुझिदैन । कारखानाहरुमा कामबाट अकारण निकाल्ने काम हुन्छ, ज्याला दिइन्न । खेतीमा काम लगाउने र ज्याला नदिने, अर्को साल दिउँला भनेर पुनः एक वर्ष काममा जोत्ने, कोठाबाटै नेपाली महिलालाई लुटेर लगेर बलात्कार गर्ने, गायब गर्ने, नोकर बसेकाहरुलाई पिट्ने, सताउने, मार्नेसम्म पनि काम हुने गरेका छन् । यी घटनाहरु लगातार र अनेकतिर हुने गरेका छन् । कपडा कोठीमा दुई वर्ष काम गरेको मान्छेलाई पुलीस लगाएर भगाउने, पहाडमा महिनौं स्याऊ बोक्ने काम गर्ने व्यक्तिलाई बिना ज्याला कुटेर खेद्ने जस्ता घटनाहरु अनेक संख्यामा दोहोरिएका छन् । नेपाली महिलाहरुलाई बेच्ने र वेश्या बनाउने समस्या पनि ठूलो समस्याको रुपमा रहेको छ ।

रैथाने र प्रवासी दुबैको अर्को साझा समस्या हो- नागरिकता प्रमाणपत्र नभएको कारण जागिरमा स्थायी नगरिने समस्या । 'इल्लिजीविलिटी सर्टिफिकेट' (योग्यताको प्रमाणपत्र) पेश गर्न नसकेको कारण थुप्रै नेपालीहरुले जागीरबाट हात धोइसके । '४५ दिनभित्र यो प्रमाणपत्र पेश गर, नत्र जागीर खोसिन्छ' भन्ने चेतावनी पत्रहरु दिइएका छन् । हाम्रो केन्द्रीय कार्यालयमा यस्ता थुप्रै मुद्दाहरुको रिपोर्ट परेका छन् । रैथानेहरुले 'रैथाने' भएको प्रमाणपत्र जुटाउन नसकेर र अरुले 'विदेशी' भएको ठाडै नाममा काम नपाउने यो स्थितिले थुप्रै नेपालीलाई सताएको छ ।

१९५० को सन्धिअन्तरगत नेपालमा भारतीयहरुले कारोबार गरेर बसेझैं नेपालीहरुले भारतमा कारोबार गरेर बस्न पाएका छैनन् । उनीहरु सताइएका छन्, शोषित भएका छन् ।

यिनै सुरक्षाको प्रश्न, असमान व्यवहारको प्रश्न र शोषण, उत्पीडन लुटका प्रश्नहरुमा हाम्रो समाज संघर्षरत रहेको छ ।

❑ **यी समस्याहरुको समग्र हल कसरी हुन्छ भन्ने तपाई सोच्नु हुन्छ ?**

- यी समस्याहरु हल गर्न सर्वप्रथम त भारतका सम्पूर्ण नेपालीहरु एकगठ हुनु पऱ्यो । एउटै शक्तिशाली संगठनमा बाँधिनु पऱ्यो र विभिन्न स्तरका जरुरी संघर्ष गर्नु पऱ्यो । यो नै समाधानको एक मात्र बाटो हो । शक्तिशाली संगठन निर्माणबिना शक्तिशाली संघर्ष हुन सक्दैन । यसै कामका निम्ति हामी काश्मीरदेखि कन्याकुमारीसम्म पहल लिँदैछौं । समस्यालाई लिएर डेलिगेसन जाने, दवाब दिने, उजुरी गर्ने, मुद्दा दर्ता गर्ने, जुलूस र धर्ना दिने आदि काम गरिरहेका छौं । नेपालीहरुलाई सचेत र सुसंस्कृत पार्ने प्रयत्न गरिरहेछौं ।

❑ **तपाईहरुको संघर्षको प्रतिफल र प्रभाव कस्तो रहेको पाउनुं भएको छ त ?**

-दिल्लीमा क्रेनबाट खसेर मरेका एक नेपालीको लाशलाई घर मालिकले गाडीमा राखेर फाल्न लाग्दा हामीले थाहा पाई लाश झिकी जुलूस गरी दाह संस्कार गर्‍यौं । हत्यारालाई कारवाही र पीडित परिवारलाई क्षतिपूर्ति दिलायौं । यस्ता संघर्षहरुका कारण उत्पीडनकर्ताहरुलाई सबक मिलेको छ । जथाभावी उत्पीडन चालू छ, तर उत्पीडकहरु हिच्किचाउने स्थिति, डराउने स्थिति पनि पैदा भएको छ । आसामका मुख्यमन्त्री प्रफुल्लकुमार महन्तले 'नेपालीहरुलाई अन्याय भएको भए' रोक्ने गरी छानबीन समिति गठन गर्न बाध्य भएको जस्ता उपलब्धिहरुलाई पनि ठोस नै मान्नुपर्ने हुन्छ । यी प्रकृतिका संघर्षहरुका कारण नेपालीहरुमा राहत पुग्ने र पीडकहरु हच्किने स्थिति पैदा भएका थुप्रै उदाहरणहरु हामीसंग रहेका छन् । ❑


नेपाली भाषियों पर हो रहे जुल्म व दमन रोकने की मांग
चार बच्चों के हत्यारे पिता ने आत्महत्या की

**एकता समाजले आसाम गुवाहाटीमा मुख्यमन्त्री प्रफुल्लकुमार महन्तसँग दमन रोक्न माग गरेको समाचारः एक स्थानीय पत्रिकामा**

# "नेताहरुले आन्दोलनमा रगत बगाएका जनताहरुको पीरमर्का बुझ्नु पर्‍यो ।"

◆ नानीमाया नकर्मी

नानीमाया नकर्मी, राणा शासनकालदेखि नै आन्दोलनमा लाग्नु भएकी र हालसम्म पनि लगातार आन्दोलनमा लागिरहनु भएकी एक संघर्षशील महिला हुनुहुन्छ । उहाँको जन्म वि.स. १९८४ को मंसीरमा काठमाडौंको प्युखाटोलमा भएको थियो । उहाँको आमाको नाम पुनमाया महर्जन र बाबुको नाम बेखानारायण महर्जन हो । २००४ सालमा त्यही टोलका न्हुछेबहादुर नकर्मीसंग उहाँको प्रेम विवाह भयो । बिहापछि उहाँहरू दुबैजना भारतको आसाममा गएर बस्नु भयो र पछि त्यहाँबाट फर्केर भक्तपुरमा बस्न थाल्नुभयो । २००५ सालको आन्दोलनमा आफ्ना श्रीमान पक्राउ पर्नु भएपछि तुल्सीलाल अमात्य र माधव जोशीको सम्पर्कबाट उहाँले राजनीतिक जीवन शुरू गर्नु भएको थियो ।

हाल उहाँ नेकपा मालेको पार्टी जिल्ला कमिटीमा र अनेमसंघको जिल्ला कमिटीमा हुनुहुन्छ । उहाँले पुराना राजनैतिक कार्यकर्ता सम्मान गुठीबाट २०४९ सालमा **सम्मान पत्र** र २०५५ सालमा **पारिजात संघर्षशील नारी पुरस्कार** पनि पाउनु भएको छ । प्रस्तुत छ- उहाँकै घरमा मूल्याकनले लिएको अन्तरवार्ताको सार संक्षेप । *-मुक्ता श्रेष्ठ*

**❑ आजकल तपाई कसरी दिन बिताइरहनु भएको छ ?**

-दिन बिताउन त केही गाह्रो छैन । बिहान उठ्छु, घरको लागि आवश्यक सामानहरु किन्न जान्छु । घरमा आएर चिया खान्छु । खाना खाइसकेपछि पार्टीको काम छ भने पार्टीको काममा जान्छु, पार्टीका साथीहरुसंग भेट्न जान्छु । कहिलेकाँहीं पुराना साथीहरु कहाँ जान्छु । त्यसबाहेक, सामाजिक कार्यतिर पनि मैले हात हालेको छु ।

**❑ पार्टी र सामाजिक कार्यबाट फुर्सद भएको बेलामा तपाई के गर्नुहुन्छ । फिल्महरु पनि हेर्ने गर्नु हुन्छ कि ?**

-फुर्सदको समय कसरी बिताउने भन्ने समस्या नै हुँदैन । यताउति गर्दागर्दै समय गएको चालै पाउँदिनँ । बरु समय नै नपुगेको जस्तो लाग्छ । फिल्म हेर्ने मलाई रुची नै छैन । टि.भि. मा समाचार हेर्न भने म छुटाउँदिनँ । समाचार हेर्न मलाई एकदमै रुची लाग्छ ।

**❑ तपाई पहिलेदेखि नै नेकपा मालेसंगै रहनु भएको थियो कि, अरु कुनै पार्टीसंग ?**

-कम्युनिष्ट पार्टीको स्थापना भएदेखि नै म र मेरा श्रीमान कम्युनिष्ट पार्टीमा संलग्न भएर काम गरी आएका थियौं । शुरुमा तुल्सीलाल अमात्य, पुष्पलाल श्रेष्ठहरुसंगै बसेर काम गरीरहयौं । पछि केशरजंग रायमाझी जनरल सेक्रेटरी भएपछि हामी पनि उनकै पार्टीमा रहेर काम गर्न थाल्यौं । करीब २५ वर्ष उनको पार्टीमा रहयौं । त्यसपछि हामीहरुले विष्णुबहादुर मानन्धरको पार्टीमा ९ वर्ष बसेर काम गर्‍यौं । २०४६ सालको आन्दोलनपछि विष्णुबहादुर मानन्धरले आफू एक्लैको निर्णयले निलाम्बर आचार्यलाई अन्तरिम मन्त्रीमण्डलमा पठाएकाले काठमाडौं जिल्ला कमिटीमा रहेका सबैजसो सदस्यहरु नेकपा एमालेमा प्रवेश गर्‍यौं । नेकपा एमालेको फुटपछि यस वडाका सबै साथीहरु नेकपा मालेतिर लाग्यौं ।

**❑ तपाई कहिलेदेखि र के कुराबाट प्रभावित भएर राजनीतिमा लाग्नु भएको थियो ?**

-म २००५ सालदेखि राजनीतिमा लागेको थिएँ । त्योभन्दा अगाडि त मलाई राजनीतिको 'र' पनि थाहा थिएन ।

२००५ सालको आन्दोलनमा मेरो श्रीमान् जेलमा पर्नु भयो । तर मलाई उहाँ किन जेलमा पर्नु भयो भन्ने कुरा केही थाहा थिएन । उहाँलाई जेलमा लगेपछि मलाई मेरो डेराका घरपतिहरुले घरमा पनि बस्न दिएनन् । र, भक्तपुरबाट काठमाडौंमा आउने लहरी गाडीमा पनि बस्न दिएनन् । म केशव भुजूको घरमा एउटा कोठा लिएर बस्न थालें । केशव भुजूले 'अब हामीले पनि केही काम गर्नु पर्‍यो' भन्नु भयो, तर के काम गर्ने भन्ने कुरा मलाई थाहा थिएन ।

श्रीमान् जेल परेको करीब ५/६ महिनापछि तुल्सीलाल अमात्य र माधव जोशी भक्तपुरमा आएर मलाई भेट्नु भयो । र, राणाहरुको अत्याचारका विरुद्ध आन्दोलन गर्नु पर्ने कुराहरु गर्नु भयो । उहाँहरुले ३ दिनसम्म मेरो कोठामा बसेर आन्दोलनको लागि चाहिने सबै आवश्यक कुराहरु सिकाउनु भयो । म, केशरी प्रधान, जगदेश्वरी मल्ल, उमा मल्ल र अरु केही केटाहरुसहित ११ जना मिलेर हामीले भक्तपुरमा सत्याग्रह शुरु गर्‍यौं । त्यसैबेला म जेलमा परें । र, ८ महिना ११ दिनपछि मात्र जेलबाट रिहा भएँ ।

**❑ जेलबाट निस्केपछि फेरि आन्दोलनमा लाग्नु भयो कि भएन त ?**

-जेलबाट निक्लीसकेपछि पनि हामीहरु लगातार राजनीतिमा लागी नै रह्यौं । विशेष गरेर मेरो घर नेताहरुको भेटघाट गर्ने थलो नै रह्यो । पंचायत कालमा पनि मैले कैयौं नेताहरुलाई मेरो घरमा लुकाएर राखेको थिएँ । जेलमा रहेका नेताहरुलाई भेटघाट गर्न जाने र सरसामान पुर्‍याउन जाने काम मेरो जिम्मामै रह्यो । पंचायतकाल शुरु भएपछि भारतमा गएर बसेका नेताहरुलाई नेपालमै आएर काम गर्नुपर्छ भन्ने कुरामा मेरो जोड रहिरह्यो । तुल्सीलाल अमात्यलाई नेपालमा ल्याउनलाई मैले धेरै नै जोड गरेको थिएँ । भारतमा तीन पटकसम्म पुगेर उनीसंग कुराकानी गरें । आखिर म, कीर्तिपुरको दानबहादुर महर्जन, मचाभाइ महर्जन र तीर्थ गएर उहाँलाई नेपालमा ल्याइछाड्यौं । यसरी, म कहिल्यै राजनीतिबाट अलग भइनँ र बाँचुन्जेल कहिल्यै हुने पनि छैन ।

**❑ अहिले तपाईंको श्रीमान् कुन पार्टीमा हुनुहुन्छ ?**

-उहाँ अहिले कुनै पार्टीमा पनि हुनुहुन्न । स्वतन्त्र नै बसिरहनु भएको छ ।

**❑ अहिले तपाईंहरुको जीवन कुन आयस्रोतले चलिरहेको छ ?**

-हाम्रो ६ जनाको परिवारमा अहिले छोरा एक्लैको मात्र काम छ । अरु कसैको काम छैन । अलि अलि घरको बहाल आउँछ । त्यही बहालबाट खान-लाउँन पुगिरहेको छ ।

**❑ राजनैतिक पीडितहरुलाई दिएको सहयोग राशी तपाईंले पाउनु भएको छैन त ?**

-अहँ, त्यो पनि मैले पाएको छैन ।



फोटो: उषा तिवारी

**२००५ सालको आन्दोलनमा मेरो श्रीमान् जेलमा पर्नु भयो । तर मलाई उहाँ किन जेलमा पर्नु भयो भन्ने कुरा केही थाहा थिएन ।**

नाम त लेखेर लगेका थिए । तर दिने बेलामा चाहिं दिएनन् । बरु, राजनीति पीडितको नाममा मूर्तियामा जग्गा दिएका थिएं । वर्षको २/३ हजार आउँथ्यो । जान आउँन खर्च कटाउँदा ४/५ सय बच्थ्यो । त्यो पनि बाढी पीडितहरुले किन्न मागेकोले बेचें । त्यो पैसा पनि एकजनाले व्यापार गर्न भनेर लगेको थियो । अझ फिर्ता पाउन सकेको छैन ।

**❑ तपाई रुसमा पनि पुग्नु भएको रहेछ । तपाई त्यहाँ किन जानु भएको थियो ?**

-म त्यहाँ उपचारको लागि गएको थिएँ । जेलमा बसेको बेलामा मैले नेताहरुलाई पोलिनँ भनेर मलाई ठूलो यातना दिइयो । कोर्राले हान्दा पीडौला फुटेर रगतमासु बाहिर निक्लेको थियो । पेटमा पनि कोर्राले हानेका थिए । त्यसको चोट कलेजोमा परेर यहाँ उपचार गर्न सम्भव नै भएन । धेरै वर्षसम्म दुखाइ सहेर बसें । सन् १९६७ मा पार्टीले नै मलाई रुसमा उपचार गर्न पठायो । त्यहाँ मेरो पेटको अपरेशन भयो । र, मेरो रोग निको भयो ।

**❑ रुसमा बस्दा त्यहाँको व्यवस्था देखेर तपाईले कस्तो अनुभव गर्नु भयो त ?**

-ओहो ! त्यहाँको व्यवस्था देखेर त मलाई एकदमै आनन्द लाग्यो । त्यतिबेलाको त्यहाँको जस्तो व्यवस्था त नेपालमा ल्याउन सकिएला जस्तो लाग्दैन ।

अस्पतालमा डाक्टर र नर्सहरुको माया र व्यवस्था यस्तो राम्रो थियो कि, त्यही माया र व्यवहारले नै आधा रोग निको पार्थ्यो । उपचार प्रणाली पनि एकदमै राम्रो लाग्यो । त्यति ठूलो अप्रेसन गर्दा पनि धेरै औषधी ख्वाएनन् । तीन वटा इन्जेक्सन र तीनवटा ट्याब्लेट मात्र ख्वाएका थिए । त्यतिले नै मलाई बचायो । त्यहाँ गएर उपचार नगरेको भए म मरिसक्थें ।

त्यस्तै, अस्पताल बाहिर पनि धेरै राम्रो लाग्यो । मलाई कारखानहरुमा, गाउँहरुमा र शहरहरुमा पनि घुमाउन लगिएको थियो । कोही पनि माग्ने र खान नपाउने मानिसहरु देखिनँ । सबै मानिसहरु हाँसीखुसी देखिन्थे । बाटो बाटोमा पैसा खसालेपछि पानी, जुस लिएर खान पाउने यन्त्रहरुको व्यवस्था गरिएको थियो । ५ पैसा खसाल्यो भने

कम्युनिष्ट नेताहरू मात्र मिलेको भए पनि देशमा यस्तो स्थिति आउने थिएन होला ।



फोटो: उषा तिवारी

## अहिले नेताहरू जनताको पीरमर्कालाई बेवास्ता गरिरहेका छन् । नेताहरू आफ्नै दरबार बनाएर मोजमज्जा गर्नतिर लागिपरेका छन् ।

सुन्तलाको जुस निक्लन्थ्यो । १ पैसा खसाल्यो भने पानी निक्लन्थ्यो ।

शहरभन्दा धेरै टाढा टाढाको गाउँमा पनि म पुगें । गाउँमा किसानहरु बस्दा रहेछन् । त्यहाँ खेतीपाती, पशुपालन गरिँदोरहेछ । किसानहरुको साना साना काठका घरहरु थिए । प्रत्येक घरमा एउटा सानो बगैंचा र एउटा पोखरी थियो । त्यस पोखरीमा रबरको ट्युबमा बसेर केटाकेटीहरु पौडी खेलिरहेका थिए । बगैंचामा भने दुईवटा स्याउका बोटहरु र अरु केही फूल तथा बिरुवाहरु थिए । किसानहरु एकदमै खुसी देखिन्थे । खेती काम गर्दा गरीब किसानहरु जस्तो देखिए पनि बाहिर निक्लँदा त्यस्तो देखिँदैनथे । कार चढेर बाहिर निक्लन्थे । त्यस्तो देश रुसलाई अहिले नेपालका जस्तै नेताहरु निक्लेर खत्तमै पारे ।

**❑ तपाईलाई मनपर्ने नेता को हुनुहुन्छ ?**

-खोइ को छ भन्ने र ? पहिले त मनमोहन अधिकारी मनपर्थ्यो । तर पार्टीको फुटपछि.... । महाधिवेशनमा पार्टी फुट्न लागेको बेलामा मनमोहन अधिकारीले मिलाउन सक्नु हुन्थ्यो । तर उहाँले मिलाउन नचाहनु भएको हो कि चाहेर पनि मिलाउन नसक्नु भएको हो, त्यो मैले थाहा पाउन सकिनँ ।

**❑ छोरीहरुलाई पनि पैतृक सम्पत्तिको हकदार बनाउनु पर्छ भन्ने कुरामा तपाईको के विचार छ ?**

-छोरीलाई पनि पैत्रिक सम्पत्ति दिनुपर्छ भन्ने कुरामा मेरो के विचार छ भने, छोरीलाई सम्पत्ति दिएपछि छोरीले पनि आमाबाबुलाई पाल्नु पर्छ कि पर्दैन ? आमाबाबुको काजक्रिया छोरीले गर्नुपर्छ कि पर्दैन ? छोरीहरुको विवाह हुँदा दाजुभाइले खर्च गर्नुपर्छ कि पर्दैन ? चाडबाड तथा अन्य पर्वहरुमा माइतीबाट छोरीबेटीलाई गर्नुपर्ने व्यवहारहरु गर्नुपर्छ कि पर्दैन ? यी सबै प्रश्नहरुको समाधान भएमा छोरीहरुलाई पनि सम्पत्ति दिनुपर्छ । अन्यथा, दाजुभाइ घाटामा जाने गरी छोरीलाई सम्पत्ति दिनु हुँदैन । यी सबै कुराहरु कानूनमै उल्लेख हुनु पर्दछ ।

**❑ सबैजसो पार्टीहरुले आफ्नो चुनावी घोषणापत्रमा महिला समानताका नारा दिएका छन् । तर अहिलेसम्म मुलुकी ऐनमा भएका असमान कानूनहरु खारेज भएका छैनन् । यसमा तपाईको विचार के छ ?**

-खोइ, प्रजातन्त्र आएको पनि ८ वर्ष भइसक्यो । सम्पत्ति सम्बन्धी विधेयक संसदमा पेश भएको पनि दुई वर्ष भइसक्यो । अझ पनि त्यो विधेयक पास हुन सकेको छैन । महिलाहरु आफ्नो अधिकारको लागि आफैंले आवाज उठाउनु पर्ने हो । तर महिलाहरु आफू आफू नै मिल्दैनन् । अनि कहाँबाट विधेयक पास गराउन सकिन्छ ? नेताहरुको पनि यतातिर ध्यान गए जस्तो लाग्दैन । नेताहरु आफैंले आफ्ना छोरीहरुलाई सम्पत्ति दिन थालून् न । कसरी दिइयो छोरीहरुलाई सम्पत्ति ? त्यो कुरा पत्रिकाहरुमार्फत् प्रचार गर्न थालियोस् न ! अनि पो अरु जनताहरुले पनि छोरीहरुलाई सम्पत्ति दिन थाल्छन् । मनमोहन प्रधानमन्त्री भएको बेलामा विधेयक पास गराउन सक्नु पर्थ्यो । सहाना मन्त्री भएको बेलामा पास गराउन सक्नु पर्दथ्यो । त्यो पनि गरिएन । खोइ अब कहिले पास गरिएला ?

**❑ तपाईको जीवनमा सबभन्दा दुःख र सुखको क्षण कुन रह्यो ?**

-मेरो लागि सबभन्दा दुःखको क्षण मेरो श्रीमान्लाई समातेर लगेको बेला थियो । त्यतिबेला मलाई केही कुरा पनि थाहा थिएन । उहाँलाई समातेर जेलमा राखियो । एक्लै परें, घरमा र माइतीमा पनि मलाई घरमा हुलेका थिएनन् । घर, सम्पत्ति केही पनि थिएन । म एक्लै, के गरौं, कसो गरौं ? भइरह्यो । उहाँलाई के गर्ने हुन्, कसो गर्ने हुन् ? दिनरात त्रास भइरह्यो । तुल्सीलाल दाइहरु आएर सम्झाउनु भएपछि मात्र म अलि ढुक्क भएको थिएँ ।

सबभन्दा सुखको क्षण म आफैं जेल पर्दा भयो । किनभने, श्रीमान पनि जेलमा, मलाई कहाँ बसौं ? के गरौं ? भन्ने समस्या पनि भएन । आनन्दै भयो ।

**❑ नेपालको अहिलेको परिस्थितिलाई तपाईले कसरी हेरिरहनु भएको छ ?**

-अहिले देशको स्थिति देखेर मलाई निकै दुःख लागेको छ । जनता आफ्नो दुःख कष्ट हट्छ कि भनेर ज्यानको बाजी राखेर आन्दोलनमा होमिए । कतिले आफ्नो ज्यान गुमाए । कतिले रगत बगाए । कति अपांग भए । तर अहिले नेताहरु जनताको पीरमर्कालाई बेवास्ता गरिरहेका छन् । महंगीले आकाश छोइसक्यो । महंगी नियन्त्रण गर्नुपर्ने कुरामा नेताहरुको ध्यान गइरहेको छैन । नेताहरु आफ्नै दरबार बनाएर मोजमज्जा गर्नतिर लागिपरेका छन् । जनताको समस्या जहाँको तहीं छ । जसको सरकार आउँदा पनि आ-आफ्नै मानिसहरु घुसाउँछन् । साधारण जनताहरु बेरोजगार भइरहेका छन् ।

नेताहरुले चाहेमा नेपालजस्तो एउटा देश बनाउन कति नै गाह्रो हुन्थ्यो र ? विदेशबाट आएको सहायताले मात्रै उद्योगधन्दाहरु खोलिदिएको भए पनि जनताहरुले काम पाउँथे । महिलाहरुले खान नपाएर आफ्नो शरीर बेचेर खानु पर्दैनथ्यो । युवाहरु बेरोजगार भएर खराब बाटोमा लाग्नु पर्दैनथ्यो ।

जसलाई फाल्न त्यत्रो आन्दोलन गरियो, उनीहरुलाई नै फेरि प्रधानमन्त्री बनाइयो ।

कम्युनिष्ट नेताहरु मात्र मिलेको भए पनि देशमा यस्तो स्थिति आउने थिएन होला । तर कम्युनिष्ट पार्टीहरु विभिन्न टुक्रामा विभाजित छन् । अहिले नौ वामको कार्यक्रमले देशमा केही राम्रो काम हुन्छ कि, अलिकति आशा त्यसमै छ । मेरो अनुरोध के छ भने, 'सबै नेताहरुले आन्दोलनमा रगत बगाएका जनताहरुको पीरमर्का बुझ्नु पर्‍यो ।' ❑

# सही दर्शन र गलत दर्शन

◆ प्रज्ञानरत्न ◆

हाम्रो समाज दुईथरि वर्गमा विभाजित छ: चुसीखाने र गरीखाने । त्यसैले, यहाँ दर्शन अर्थात् संसारलाई हेर्ने ढंग पनि दुईथरि नै देखिन्छ ।

**चुसीखानेको दर्शन, र**
**गरीखानेको दर्शन ।**

चुसीखानेको दर्शनको मुख्य विशेषता के हुन्छ भने, यसले संसारलाई जस्तो छ, ठीक त्यस्तो हेर्न सिकाउँदैन । यसले मनगढन्त ढंगले संसारलाई हेर्न सिकाउँछ । यसले संसारलाई र संसारका हरेक समस्यालाई र घटनालाई रहस्यमय र बुझ्नीनसक्नुको बनाउँछ । चुसीखानेको दर्शनले मानिसलाई सत्यको गहिराई र जागृतितिर डोऱ्याउँदैन, यसले मान्छेलाई असत्य र बेहोशीतर्फ डोऱ्याउँछ । यसले मान्छेलाई भाग्यमा भरपर्ने बनाउँछ ।

सत्यको जरुरत त चुसीखानेलाई पनि हुन्छ । असत्यै असत्यमा त संसारमा कोही पनि बाँच्न सक्दैन । तर चुसीखाने वर्ग आफ्नो स्वार्थकै कारणले सत्यको गहिराईतिर डोरिन सक्दैन । मान्छे सत्यको गहिराईतिर जान खोज्ने बित्तिकै चुसीखानेहरुको स्वर्ग र सुख संपन्नताको असली रहस्यको पर्दाफास हुन्छ । त्यसैले, संसार जति रहस्यमय र बुझ्नी नसक्नुको भयो- चुसीखाने वर्गको लागि उति नै फाइदा हुन्छ । मान्छेको सोच्ने ढंग जति मनगढन्त र सत्यबाट टाढा भयो, चुसीखाने वर्गलाई उति नै फाइदा हुन्छ । मान्छेलाई जति बेहोश र अन्धो बनाउन सकियो, उनीहरुको उति नै ज्यादा हित हुने हुन्छ ।

यही कारण हो, जसले गर्दा चुसाहाहरुको दर्शन चाहेर पनि सत्यमुखी हुन सक्दैन । चुसीखानेको दर्शनले संसारलाई सकेसम्म ज्यादा रहस्यमय र भेउ पाइनसक्नुको बनाउने कारण पनि यही हो । र, मान्छेलाई यसले मूर्छित र अन्धो, एकोहोरो बनाउन खोज्ने कारण पनि यही हो ।

तर, गरीखानेहरुको निम्ति कसैलाई चुसीखानु छैन, कसैलाई ठगीखानु छैन । श्रम गरेपछि निष्फिक्रीसाथ मान्छे झैं बाँच्न सकियोस् भन्ने सिवाय गरीखानेको अर्को कुनै स्वार्थ छैन । त्यसैले, गरीखानेको दर्शनले मनगढन्त ढंगले सोच्न, विचार गर्न सिकाउँदैन । यसले संसारलाई जस्तो छ, ठीक त्यस्तै हेर्न सिकाउँछ । यसले संसार र संसारका हरेक समस्या र घटनालाई रहस्यमय र बुझ्नीनसक्नुको बनाउँदैन, बरु यसले हरेक समस्या र रहस्यको गाँठो सही तवरले फुकाउन सिकाउँछ । गरीखानेको दर्शनले मान्छेलाई हमेशा झन् ज्यादा सत्यको गहिराइतर्फ, झन् बढ्ता होश र जागृतितर्फ डोऱ्याउँछ । यसले मान्छेलाई भाग्यवादी होइन, कर्मवादी बनाउँछ । कर्मवादी भन्नुको मतलब हो- काममा विश्वास गर्ने ।

दुईथरि दर्शनका बीचमा मुख्य भिन्नता नै यही हो । गरीखाने र चुसीखानेको दर्शनलाई अर्को भाषामा सही र गलत दर्शन भने पनि हुन्छ । किनभने, कुनै पनि दर्शन यदि सही छ भने, त्यसले संसारलाई जस्तो छ, ठीक त्यस्तो हेर्न मान्छेलाई सघाउनु र सिकाउनु पर्छ । त्यस्तो दर्शनको के काम, जसले मान्छेलाई मनगढन्त र पूर्वाग्रही बनाउँछ ? कुनै पनि सही दर्शनले मान्छेलाई संसारका हरेक समस्या र रहस्यलाई ठीकसित बुझ्न र हल गर्न सिकाउनु पर्छ । त्यस्तो दर्शन के काम, जसले समस्या र रहस्यको गाँठो फुकाउने होइन, झन् उल्टो त्यसलाई कस्ने काम गर्छ । सही दर्शनले मान्छेलाई तथ्यका आधारमा सत्य पत्ता लाउने र पूर्वाग्रहविहीन आँखा दिनुपर्छ र मूर्च्छाबाट ब्यूँझाउनुपर्छ । त्यस्तो दर्शनको के उपादेयता, जसले मान्छेलाई अन्धो, एकोहोरो र मूर्च्छित बनाउँछ ?

यही हुनाले चुसीखाने वर्ग हज्जारौं वर्षदेखि गरीखाने वर्गलाई आफ्नो दर्शन थोपर्दैछ । गरीखाने वर्गको संसारलाई हेर्ने ढंग नै फेर्न खोजिरहेछ उसले ।

संसारमा जुन समयदेखि वर्ग पैदा भयो, त्यतिखेरदेखि दर्शन पनि दुईथरिको पैदा भएको छ ।

चुसीखाने वर्ग बेहद छट्टू छ । उसले के बुझेको छ भने, मान्छे गरीखाने वर्गको हुँदैमा केही फरक पर्दैन, उसलाई आफ्नो अर्थात् चुसीखानेको दर्शनले लैश गराई दिनुपर्छ, ऊ सत्यमुखी र सचेत हुनै सक्दैन । ऊ हमेशा भ्रमको संसारमै रुमल्लिरहन्छ । उसले संसार र प्रकृतिका हरेक समस्यालाई ठीक तवरले हेर्नै सक्दैन । जब समस्यालाई हेर्ने ढंग नै बेठीक हुन्छ, कुनै पनि समस्याको ठीक समाधान निक्लँदैन । त्यसपछि चुसीखानेको स्वर्गमा धावा बोल्ने को ? कसले अन्याय र उत्पीडनका विरुद्ध आवाज उठाउने ? कसले विद्रोह गर्ने ?

यही हुनाले चुसीखाने वर्ग हज्जारौं वर्षदेखि गरीखाने वर्गलाई आफ्नो दर्शन थोपर्दैछ । गरीखाने वर्गको संसारलाई हेर्ने ढंग नै फेर्न खोजिरहेछ उसले । ऊ यस काममा धेरै मात्रामा सफल पनि भइरहेछ । संसारमा चुसीखाने वर्ग खालि दश प्रतिशत मात्र छ, बाँकी नब्बे प्रतिशत गरीखाने वर्ग छ । तैपनि यही दश प्रतिशतले नब्बे प्रतिशतमाथि घोडा चढेको चढ्यै छ । किन ? किन मुठ्ठीभर चुसीखानेहरुले बहुसंख्यक गरीखानेहरुको थाप्लामा जाँतो रिंग्याउन समर्थ भइरहेछन् ?

यसको एउटा मुख्य कारण हो- किनकि गरीखाने वर्ग सही दर्शनले लैश छैन र यही कारणले ऊ भ्रम र बेहोशीमा छ । आफू कहाँ, कसरी, किन चुसिइरहेछु, ठगिइरहेछु- उसलाई चालपत्तो नै छैन । नब्बे प्रतिशतको दुःख दरिद्रतालाई भरेङ बनाएर दश प्रतिशत माथि उक्लेको उक्ल्यै छ, उसको सुख सम्पन्नता बढेको बढ्यै छ, तर गरीखाने वर्गलाई आफू कहाँ, कसरी, किन भरेङ बनेको छु- थाहै छैन । सत्य थाहा नहुनु र सत्य थाहा हुने सही दर्शन गरीखाने वर्गसित नहुनु नै समस्याको एउटा मूल कारण बनेको छ ।

त्यसैले, मान्छे गरीखाने वर्गको हुँदैमा स्वतः गरीखाने वर्गको दर्शन ऊसित भइहाल्छ- वास्तविक दुनियाँमा यस्तो नहुँदो रहेछ । गरीखानेहरुसित पनि चुसीखानेको दर्शन मजाले हुन सक्दो रहेछ । यस्तो व्यवहारमा देखिएको छ । गरीखानेले आफ्नो वर्गको दर्शन अप्नाउन विशेष प्रयत्न गर्नुपर्छ ।

मैले थुप्रै त्यस्ता मजदूरहरु र किसानहरु देखेको छु, जो ज्यादा घोटिएर काम गर्छन्, तर आफूचाहिं हमेशा गरीब र विपन्न छन् र आफ्नो दुःख र गरीबीले साहूलाई धनी पारेका छन् । आफ्नो गरीबीलाई हेर्ने उनीहरुको ढंग भने गजबको छ । उनीहरु भन्ठान्छन् कि, उनीहरुको दुःख र गरीबी आफ्नै भाग्यले गर्दा भएको हो, साहुको शोषणले गर्दा होइन । दुःख र गरीबीको समस्यालाई हेर्ने उनीहरुको यो भाग्यवादी ढंग- चुसीखानेको दर्शनको ज्वलन्त उदाहरण हो । आफ्नो दुःख र गरीबीको वास्तविक कारण उनीहरुले पत्ता लाउने संभावना नै छैन, किनकि उनीहरु आफ्नो दुःख र गरीबीको निम्ति आफ्नो पुर्पुरोलाई दोष दिन्छन् । पुर्पुरोलाई दुःख र गरीबीको कारण ठहऱ्याएपछि पुर्पुरो सुधार्न भगवानको पूजा गर्न थाल्नुपऱ्यो । मन्दिरमा प्रार्थना गर्न पुग्नुपऱ्यो । साहूको शोषण घटाउन वा हटाउन त उनीहरुले संघर्ष नै गर्ने भएनन् । अनि कसरी हट्छ- उनीहरुमाथिको शोषण ? कसरी हट्छ उनीहरुको दुःख र गरीबी ?

चुसीखानेको दर्शनको मुख्य गुण नै के हो भने, यसले मान्छेलाई भाग्यवादी बनाउँछ । मान्छेको आँखा छ तर आँखामा फुलो परेको छ भने उसले आफ्नो सामुन्नेकै खाडल समेत देख्दैन । चुसीखानेको दर्शनले मान्छेको संसारलाई हेर्ने आँखामा फुलो पारिदिन्छ । अचाक्ली अन्याय र उत्पीडन छ गरीखाने वर्गमाथि यो दुनियाँमा । तर गरीखाने वर्गको आँखामा फुलो पारेपछि उसले अन्यायलाई अन्याय नै देख्दैन, उत्पीडनलाई उत्पीडन नै ठान्दैन । यस्तो भएपछि अन्याय र उत्पीडनको अन्त गर्न संघर्ष गर्ने को ? जुन कारणले गर्दा गरीखाने वर्ग सधैंभरि ओरालो लागेको हो- त्यो कारण नै उसले नदेखेपछि त्यो कारण हटाउन अघि बढ्ने को ?

यही कारणले, गरीखाने वर्गले आफ्नो जीवनमा सुख सम्पन्नता र प्रगति ल्याउने हो भने, चुसीखानेको दर्शन बोक्न छोड्नुपर्छ । उसले गरीखाने वर्गकै दर्शन बोक्नुपर्छ । उसले सही दर्शन समाल्नुपर्छ ।

कुनै पनि दर्शन सही छ कि गलत छ त्यो छुट्याउन- गरीखानेहरुले यी कुराहरुमा गौड गर्नु पर्छ :

◆ त्यो दर्शनले संसारलाई जस्तो छ, त्यस्तै हेर्न सघाउँछ कि मनगढन्त बनाउन सघाउँछ ?

❑ त्यो दर्शनले संसार र संसारका हरेक समस्या र रहस्यको गाँठो फुकाउन सघाउँछ कि संसारलाई रहस्यमय र बुझ्नीनसक्नुको बनाउन सघाउँछ ?

◆ त्यो दर्शनले मान्छेलाई सत्यको गहिराई र जागरणतिर डोऱ्याउन सघाउँछ कि असत्य र बेहोशीतिर डोऱ्याउन सघाउँछ ?

❑ त्यो दर्शनले मान्छेलाई कर्मवादी बनाउँछ कि भाग्यवादी ?

ती सबै दर्शन सही दर्शन हुन्, जसले मान्छेलाई संसार जस्तो छ, त्यस्तै हेर्न सघाउँछन्, जसले संसारका हरेक समस्या र रहस्यको गाँठो फुकाउन मान्छेलाई सघाउँछ, जसले मान्छेलाई सत्यको अरु ज्यादा गहिराईतिर मूर्च्छाबाट ब्यूँझनतिर डोऱ्याउँछ, जसले मान्छेलाई आफ्नो काम र पौरखमा भर पर्न सिकाउँछ, ती सबै दर्शन गलत दर्शन हुन्, जसले यसो ठीक उल्टो काम गर्छन् । ❑

गरीखानेहरुसित पनि चुसीखानेको दर्शन मजाले हुन सक्दो रहेछ । यस्तो व्यवहारमा देखिएको छ ।

# यसरी बचाउनु भयो लेनिनले समय र साधन !




एकैछिनपछि आफ्नो क्षमताभन्दा बढी भारी बोकेको गाडी बडो गाह्रोसंग स्टार्ट भयो र आफ्नो गति समात्न थाल्यो ।

रुसमा भरखर भरखर अक्टोबर क्रान्ति सम्पन्न भएको थियो । देशमा समाजवादी व्यवस्थाको शुरुवात हुन थालेको थियो । यस नयाँ व्यवस्थामा विभिन्न प्रश्नहरु उठ्न थालेका थिए । मानिसहरु नयाँ जीवनको बारेमा जान्न उत्सुक थिए । ती उठेका प्रश्नहरुको उत्तर तथा नयाँ जीवनको बारेमा सोभियत जनताहरु थाहा पाउन उत्सुक थिए । ती कुराहरु प्रचार प्रसार गर्नको लागि त्यतिबेला संचार माध्यमहरु सशक्त थिएनन् । त्यसैले ती उत्तरहरु दिनको लागि लेनिन आफैं ठाउँ ठाउँमा पुगेर भाषण गर्नु पर्थ्यो ।

सबका सब कारखाना, सैनिक दस्ता, कार्यालयहरु ती प्रश्नहरुको उत्तर प्राप्त गर्न लेनिनलाई डाक्थे । लेनिन पनि डाकेका ठाउँहरुमा पुगेर ती सबै प्रश्नहरुको उत्तर सरलतापूर्वक दिन्थे । जतिबढी बढी ठाउँमा लेनिन जान थाले, त्यति नै बढी मानिसहरु लेनिनको भाषण सुन्न उत्सुक हुन थाले । कति संस्थाहरुका प्रतिनिधिहरु त दिनहूँजसो लेनिनको स्वागत कक्षमा धर्ना नै दिन थाले, ताकि लेनिनको फुर्सद मिल्ने बित्तिकै थोरै समयको लागि भए पनि उनलाई लिएर जान सकियोस् ।

यसरी धर्ना दिनेहरुको समय त्यतिबेला बढी हुन्थ्यो, जतिबेला जनता र राज्यको जीवनसंग सम्बन्धित प्रश्नहरु पैदा हुन्थ्यो । उदाहरणको लागि, पार्टीको दशौं कांग्रेसले 'नयाँ आर्थिक नीति" को बारेमा निर्णय गरेको थियो । यो नयाँ आर्थिक नीति पूँजीवादबाट समाजवादमा संक्रमणकालको दौरान सो.सं.क.पा. तथा सोभियत राज्यद्वारा अपनाइएको आर्थिक नीति थियो । यस्तो समयमा लेनिनलाई लिएर जानको लागि कंग्रेसको बाटोमै मस्को, त्यसका नजीकका शहरहरु तथा त्यसभन्दा पनि निक्कै टाढा टाढादेखि मानिसहरु पर्खेर बस्थे ।



कंग्रेसको बैठकबाट निक्लने बित्तिकै पर्खिरहेका मानिसहरुबाट लेनिन घेरिएका हुन्थे । सबैबाट एकै स्वरमा आवाज आउँथ्यो- 'ब्लादीमिर इल्यीच लेनिन, तपाईंले हामीलाई बचन दिनुभएको थियो । हामी तपाईंलाई लिन आएको ।'

एक दिनको कुरा हो, लेनिन बैठक सकेर बाहिर निस्किएका मात्र के थिए, लेनिन त्यहाँ पर्खिरहेका मानिसहरुबाट घेरिए ।

एकजनाले हतार हतारमा भनिहाल्यो- "साथी लेनिन, हाम्रा जनकमिसारका सदस्यहरु जम्मा भइसकेका छन् ! कारबाट २० मिनेटमा पुगिन्छ । आधा घण्टा मात्र भए पनि तपाई गइदिनुपर्‍यो ।

लेनिनले आफ्नो खल्तिबाट घडी निकाल्नु भयो, घडी हेरेर दुःखित मुद्रामा टाउको हल्लाउनु भयो । उहाँको भावबाट स्पष्ट देखिन्थ्यो कि, उहाँलाई अन्त कतै जान ढीला भइसकेको थियो । तै पनि उहाँलाई पर्खिरहेका मानिसहरु उहाँको पछि पछि नै लागिरहे ।

आखिर केही सीप नलागेपछि लेनिनले जनकमिसारको प्रतिनिधिसंग सोध्नु भयो- 'के सबै मानिसहरु जम्मा नै भइसकेका हुन् त ?'

"अँ, हामीले जम्मा गरिसक्यौं । एक हप्ताअघि नै तपाईंको सचिवसंग टेलिफोन गरेर समय मिलाएका थियौं ।"

'लौ उसो भए मेरो केही लागेन । म अब तपाईंसंग जाने भएँ, तर ध्यान रहोस् कि म आधा घण्टा मात्र बस्न सक्छु । यसमा तपाईले ध्यान दिनु पर्छ ।'

यति भनेर लेनिन आफ्नो गाडीमा बस्न अगाडि बढ्नु भयो । तर अकस्मात पछाडि फर्कनु भयो र जनकमिसारको प्रतिनिधिलाई सम्बोधन गरेर भन्नुभयो- "साथी यहाँ सुन्नुस् त, के म तपाईंकै गाडीबाट त्यहाँ जान सक्छु ? यसबाट पेट्रोल पनि बचत हुन्छ र साथी गील (लेनिनको ड्राइभर)लाई पनि खाना खान समय मिल्छ ।"

"ठीक छ, ब्लादीमिर इल्यीच, तपाई बस्नुस् । हाम्रो पनि यही इच्छा थियो ।

लेनिनको यो निर्णयबाट जनकमिसारका प्रतिनिधिहरु खुसी भए । तर त्यति नै बेला उहाँलाई पर्खिरहेका अरु संस्थाका प्रतिनिधिहरु भने निराश भए ।

लेनिनले उनीहरुलाई पनि निराश पार्न चाहनु भएन । उहाँले अरु कति जना छन् भनेर मनमनै गन्नुभयो र कमिसारका प्रतिनिधिसंग सोध्नुभयो- "तपाईंको गाडीमा सातजना मानिसहरु अट्न सक्छन् हगि ?"

"भन्न सक्दिँन, म ड्राइभरसंग सोध्छु ।" भनेर कमिसार प्रतिनिधिले ड्राइभरसंग सोध्न मात्रै लागेका थिए, लेनिनले उनलाई रोकेर भन्नुभयो- "सोध्नु पर्दैन, मलाई थाहा छ- सात जना बस्न सकिन्छ यस गाडीमा । मात्र ड्राइभरलाई यति भनिदिनुस् कि हामी दुई जनाको साथै यी साथीहरुलाई पनि गाडीमा बस्न दिनुस्, जसकहाँ म आज जान सक्तिनँ । यिनीहरु पनि तपाईंकहाँ नै जानेछन् र मेरो भाषण सुन्नेछन् । त्यसपछि उनीहरुले आफूले सुनेका कुराहरु आ-आफ्ना संस्थाहरुमा गएर आ-आफ्ना साथीहरुलाई बताउनेछन् । के यो कुरा तर्कसंगत छैन त ?"

यति भनिसकेपछि लेनिनले त्यस प्रतिनिधिलाई ड्राइभरको सिटसंगै बस्न पठाउनुभयो र ती पाँचजना निराश भएका तर लेनिनको कुरा सुनेर फेरि खुसी भएका मानिसहरुलाई गाडीमा बस्न भन्नुभयो ।

त्यसको एकैछिनपछि आफ्नो क्षमताभन्दा बढी भारी बोकेको गाडी बडो गाह्रोसंग स्टार्ट भयो र आफ्नो गति समात्न थाल्यो । गाडीको रफ्तार बढ्नुको साथै इन्जिनबाट पनि ठूलो जोडका साथ आवाज निस्कन थाल्यो ।

त्यस इन्जिनको आवाजको बीचमै लेनिनले पनि ठूलो आवाज निकालेर ड्राइभरलाई भन्नुभयो- "तपाई नडराउँनुस्, यदि केही गरी गाडीका पूर्जाहरु भाँचिए भने दोषी म हुनेछु । तपाई हुनुहुने छैन ।"

ड्राइभरले संकोचपूर्ण मुस्कानसाथ पछाडि फर्केर लेनिनलाई हेर्‍यो । ड्राइभरको अनुहारमा भएको संकोच लेनिनले राम्रैसंग देख्नुभयो । आफ्नो समय र पेट्रोल किफायत भएकोमा त्यो क्षण लेनिन पनि राम्रो मुडमा हुनुहुन्थ्यो ।

◆ प्रस्तुतिः मुक्ता श्रेष्ठ


विजयादशमी तथा दीपावलीको
सुखद उपलक्ष्यमा समस्त देशवासीहरूमा
हार्दिकमंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**तेजनारायण यादव**

*सभापति* तथा

**महोत्तरी जिल्ला विकास समिति** परिवार

बोल्शेभिक क्रान्ति, गान्धीको आन्दोलन र माओको क्रान्तिमा श्रम भन्ने चीजलाई पूजनीय बनाइयो । हामीकहाँ यो दिशामा जानुपर्नेहरूले नै आफूलाई 'पजेरो पूजनीय'मा बदल्न थालेपछि श्रम पूजनीय कसरी हुन्छ त ? र, श्रम पूजनीय नभइकन यहाँ वैज्ञानिक संस्कारको शुरूवात कसरी हुन्छ ?



# वैज्ञानिक संस्कार

## तीखो बुद्धिको प्रतिफल हो कि दरो मुटुको ?

◆ दीपक ज्ञवाली ◆

**काठमाडौमा हरेक मंगलबार सञ्चालन हुने अन्तर्क्रिया कार्यक्रम 'मार्टिन चौतारी' मा गत महिनाको एक मंगलबार नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (रोनाष्ट) का प्राज्ञ एवं जलस्रोतविद् दीपक ज्ञवालीले नेपालमा वैज्ञानिक संस्कृतिको विकास किन भएन ? भन्नेबारे एक रोचक एवं उपयोगी व्याख्यान दिनुभएको थियो । व्याख्यानको शीर्षक 'वैज्ञानिक संस्कारः तीखो बुद्धिको प्रतिफल हो कि दह्रो मुटुको ?' भन्ने थियो । सो व्याख्यान सुनिसकेपछि हामीले पुनः उहाँसँग भेटी त्यस विषयमा लामो कुराकानी गर्‍यौं । प्रस्तुत छः सोही कुराकानीको टेप उतार ।**

*-मूल्यांकन*

### विज्ञान किन पश्चिममा फष्टायो ? किन हामीकहाँ फष्टाएन ?

हाम्रो नेपालमा जेलाई पनि 'वैज्ञानिक'को जलप लगाएर हेर्ने चलन चलेको छ । त्यसैले वैज्ञानिक संस्कारको कुरा गर्दा सबभन्दा पहिले यसको ऐतिहासिक पृष्ठभूमिलाई केलाएर हेर्नु जरुरी छ ।

अहिले एकथरि रुढीवादी पुरातनवादीहरु यो पनि भन्न कोशिश गरिरहेछन् कि, हामी कहाँबाट नै वैज्ञानिक कार्यको शुरुवात भयो, हिन्दू धर्मको इतिहासमै त्यो कुरो पाइन्छ- भगवान रामचन्द्र त्यतिखेर विमान चढ्थे, इत्यादि ।

तर, वैज्ञानिक समाजको इतिहास अर्कै छ ।

ऐतिहासिक तथ्यहरुलाई हेर्दा वैज्ञानिक समाजको शुरुवात पश्चिम यूरोपबाट तेह्रौ शताब्दीमा भयो । तर, यसले सोह्रौ शताब्दीमा आएर मात्र द्रुत गति लियो । र, अठारौं शताब्दीको औद्योगिक क्रान्तिको समयदेखि यो झन् रहन सकेन । यही साम्राज्यको न्यूनतामा त्यहाँ बहुलवादी राजनीतिक ढाँचाको शुरुवात भयो । तर पूर्वमा भने चीन तथा भारतमा एकपछि अर्को गर्दै राजा महाराजाहरुका विभिन्न साम्राज्यहरु रहँदै आए । हुन त त्यतिखेर यूरोपमा पनि राजा महाराजाहरुको नै शासन थियो । त्यस समयमा तिनीहरु पनि एक आपसमा लडभीड गरी नै रहन्थे । तर, त्यहाँ एक किसिमको बहुलवादको शुरुआत भइसकेकोले पूर्वमा जस्तो कुनै उता पश्चिममा भने, उत्पादनशील काममा सम्पत्ति खर्च गरिनु, त्यही समयमा वैज्ञानिक संस्कारको शुरुवात हुनुले औद्योगिक क्रान्तिको शुरुवात भयो ।

अर्को कुरो, यूरोपमा राज्य र धर्म छुट्टियो । एकातिर राजाहरु हुन्थे भने अर्कातिर पोप । पूर्वतिरका (चीन तथा दक्षिण एशियाका हिन्दू) राज्यहरुमा जस्तो धार्मिक गुरु र राजा 'विष्णु अवतार' हुने परम्परा पश्चिममा भएन । यसले गर्दा लगाउँथे । यसबाट दास मालिकहरु अप्ठ्यारा कामहरु सजिलोसित गर्ने उपाय पत्ता लगाउनेतिर प्रेरित भएनन् । 'पम्प आविष्कार गरेर पानी बोक्ने झन्झटको अन्त्य गरौं' भन्ने भावना तिनीहरुमा आएन । दासहरुले त्यस्तो आविष्कारको काम गर्न सक्ने त कुरै भएन । यसरी, दास प्रथाको कारणले पनि पूर्वतिर वैज्ञानिक संस्कारको शुरुवात हुन सकेन ।

यूरोपमा दास प्रथाको समाप्तिले नयाँ नयाँ वस्तु तथा यन्त्रहरुको आविष्कार गर्न मानिसहरुलाई प्रेरित गर्‍यो । जस्तो कि, कोइला खानीमा पानी तानेर बाहिर फ्याँक्नको लागि नै जेम्स वाटले वाष्प इन्जिनको विकास गरेको देखिन्छ । त्यसभन्दा अगाडि कोइला खानीमा जम्मा भएको पानी मानिस तथा घोडाको बलले तानी बाहिर फ्याँक्ने काम गरिन्थ्यो । तर, खानीको उद्योग विस्तार हुँदै गएअनुसार त्यसरी मात्र काम नचल्ने भयो । र, यसले जेम्स वाटलाई वाष्प इन्जिनले चल्ने नयाँ खाले पानी तान्ने पम्प निर्माण गर्न प्रेरित गर्‍यो । त्यसैले, यदि यूरोपमा दास प्रथा बाँकी रहेको भए त्यहाँ जेम्सवाट निस्कने

# विज्ञानमा सन्देह चाहिन्छ । कसैले केही कुरा भन्ने बित्तिकै 'हो' भनेर मानीहाल्ने खालको चरित्र वैज्ञानिक चरित्र हो कि होइन ?

थिएनन् । किनकि, पानी तान्न दास मालिकहरुले आवश्यकता अनुसार जति पनि थप संख्यामा दासहरु राख्न सक्दथे । र, उनीहरुलाई त्यस कामको लागि नयाँ कुनै उपायको जरुरत नै पर्दैनथ्यो ।

अर्को कुरो, यूरोपमा वैज्ञानिक संस्कार शुरु हुनमा धर्मले पनि ठूलो भूमिका खेल्यो । पहिले त त्यहाँ क्याथोलिक धर्म मात्र अस्तित्वमा थियो । तर, पुनर्जागरण कालमा आएर क्याथोलिक धर्मको अत्याचार अत्यन्त बढ्न थाल्यो । पोपहरुले नै बढी अत्याचार गर्न थाले । जस्तो कि, पोप अलेक्जेण्डर द सिक्स्थ (छैठौं) का २३ वटाभन्दा बढी त छोराहरु नै थिए । उनीहरु स्वर्गमा जाने अनुमति-पत्र बाँड्दै मान्छेहरुलाई मूर्ख बनाएर धन सम्पत्ति जोड्ने तथा मोजमस्ती गर्ने गर्थे । पोपहरुले भ्रष्टाचारबाट ठूलो वद्नामी कमाए । यसले गर्दा त्यहाँ पोपहरुका विरुद्ध राजा रजौटादेखि सर्वसाधारणले समेत विद्रोह गर्न थाले । क्याथोलिक धर्ममा भएको रुढीका विरुद्धमा मार्टिन लुथरहरुले विद्रोह गरेर त्यसको विकल्पमा प्रोटेस्टेन्ट धर्मको विकास गरे । प्रोटेस्टेन्टहरुले क्याथोलिक पादरीहरुको विलासी र अवैज्ञानिक जीवनशैली र प्रवृत्तिको विकल्पमा श्रमलाई पूजनीय बनाउने जीवनशैली र प्रवृत्तिको शुरुवात गरे । यसलाई प्रोटेस्टेन्टहरुको कार्य नैतिकता (Protestant work ethics) भनिन्छ । म्याक्स वेबर भन्ने समाजशास्त्रीले प्रोटेस्टेन्टहरुको 'कार्य नैतिकता'ले पश्चिमेली समाजमा पूँजीवादलाई अगाडि बढ्न मद्दत गऱ्यो भनेका छन् ।

प्रोटेस्टेन्टहरुको जीवनशैलीलाई हेर्ने हो भने, त्यहाँ प्रचुर मात्रामा सरलता देखिन्छ । उनीहरुको चर्चमै हेर्ने हो भने पनि त्यहाँभित्र कुनै त्यस्तो तडकभडकता भेटिंदैन । चर्चभित्र बढी भएमा, एउटा क्रस भुण्ड्याइएको हुन्छ । कुनै कुनै चर्चमा त यो पनि पाइँदैन । खालि प्रार्थनाको लागि स्थान मात्र बनाइएको हुन्छ । तर, क्याथोलिक चर्चहरुमा हेर्ने हो भने त्यहाँ सुन, चाँदी जस्ता बहुमूल्य वस्तुको जलप लगाएका विभिन्न झिलीमिली वस्तुहरुले ती सजाइएका हुन्छन् ।

यसरी, प्रोटेस्टेन्टहरुले एकातिर सरल जीवनशैलीको उद्घोष गरे भने अर्कातिर, उनीहरुले काम गर्नुपर्छ, काम गर्नु राम्रो चीज हो भन्ने धारणा समाजमा ल्याए, जबकि दास राख्ने समाजमा श्रम त पूजनीय वस्तुको रुपमा हुन्नथ्यो । त्यहाँ श्रम त दासले मात्र गर्थ्यो । तर, पश्चिम यूरोपमा प्रोटेस्टेन्टहरुले श्रम सबैले गर्नुपर्ने चीजको रुपमा अगाडि ल्याए । ल्याटिन भाषामा एउटा कथन पनि छ- 'लेबोरारे एस ओरारे' (to labour is to pray) अर्थात् 'ईश्वरलाई पुजा गर्नु भनेको नै काम गर्नु हो ।' यो कथन र अर्को 'आफूले विलास गर्नु हुँदैन' भन्ने कुरालाई 'प्रोटेस्टेन्ट कार्य नैतिकता'को रुपमा प्रोटेस्टेन्टहरुले अगाडि ल्याए । यसरी विलास नगर्ने र काम गर्ने भएपछि पैसा संचय त हुने नै भयो ।



जर्मनीका धर्मसुधारक मार्टिन लुथर । यिनले सन् १५१७ मा क्याथोलिक चर्च र पोपहरुका दुराचारहरु तथा अतिवादहरुबारे उल्लेख गर्दै आफ्नो 'पन्चानब्बे थेसिसहरु' प्रकाशित गराएका थिए

क्याथोलिक धर्ममा भएको रुढीका विरुद्धमा मार्टिन लुथरहरुले विद्रोह गरेर त्यसको विकल्पमा प्रोटेस्टेन्ट धर्मको विकास गरे । प्रोटेस्टेन्टहरुले क्याथोलिक पादरीहरुको विलासी र अवैज्ञानिक जीवनशैली र प्रवृत्तिको विकल्पमा श्रमलाई पूजनीय बनाउने जीवनशैली र प्रवृत्तिको शुरुवात गरे ।

र, यो पश्चिममा पूँजी निर्माणको लागि पहिलो पाइला बन्न पुग्यो । उनीहरुले त्यो पूँजीलाई श्रम गर्नुमा नै पुनः लगानी गरे । हामीकहाँ काम गर्नु छैन, तर विलास चाहिँ गर्नु पर्ने प्रवृत्ति आम रुपमा विद्यमान छ । यस्तो भएपछि पूँजी निर्माण हुने त कुरै भएन । तर, उता पश्चिम यूरोपमा भने श्रम गर्ने र श्रम गरेर संचय भएको पैसा पुनः श्रममै लगाउने प्रवृत्ति प्रोटेस्टेण्ट धर्मले शुरु गऱ्यो । साथसाथै, यसले पुस्तकालयहरु स्थापना गर्ने तथा अन्य वैज्ञानिक कामहरुमा पनि पूँजी लगाउने प्रवृत्तिको शुरुआत गऱ्यो । यसले गर्दा त्यहाँ वैज्ञानिक कामहरु धमाधम हुन थाले । जस्तो कि, वंशाणुसम्बन्धी विज्ञानका पिता ग्रेगर मेण्डल नै एक पादरी थिए । त्यस्तै, ठूल ठूला पुस्तकालयहरु पनि इशाईहरुको मोनास्टरीहरुमा खुले ।

अर्को कुरो, त्यतिखेर पश्चिम यूरोपमा ज्वाइन्ट स्टक कम्पनीहरु खुल्न थाले । पहिले त्यहाँ कुनै एउटा ठूलो काम गर्नुपऱ्यो भने ठूल-ठूला राजा महाराजाहरुकहाँबाट एक लाख, दुई लाख, करोड, दश करोड जतिको ठूल ठूलो रकम प्राप्त गर्नुपर्ने हुन्थ्यो । तर, ज्वाइन्ट स्टक कम्पनीहरु खुल्न थालेपछि गाउँ गाउँमा छरिएर रहेका साना साना रकमका थैलीहरु एकै ठाउँमा जम्मा गरी ठूलठूला कामहरु गर्न संभव भयो । कुनै एउटा ठूलो काम गर्न राजा महाराजा या ठूला पोप वा ड्यूक खोज्नु नपर्ने भयो । यो प्रथा बेलायतबाट शुरु भयो ।

यसलाई हामी पूँजीको प्रजातान्त्रिकरण भन्न सक्छौं । जस्तो कि, ज्वाइन्ट स्टक कम्पनीकै रुपमा इष्ट इण्डिया कम्पनी खोलियो । यस्ता कम्पनीहरु यति बलवान भए कि यिनीहरुकै माध्यमबाट भारत, चीन तथा दक्षिण पूर्व एशियाका देशहरुलाई उपनिवेश बनाउन यूरोपीय राष्ट्रहरु सफल भए ।


पश्चिम यूरोपमा पूँजी निर्माणको लागि एकातिर ज्वाइन्ट स्टक कम्पनीहरुले काम गरे भने अर्कातिर त्यही पूँजीबाट फेरि अर्को पूँजी निर्माण गर्न प्रविधिको विकास गर्नेतर्फ त्यहाँका मानिसहरु लागे ।

यो कुराको मुख्य तत्व भनेको बहुलवाद (Pluralism) हो । विविधतायुक्त प्रजातन्त्र हो । हुन त त्यो बेलाको प्रजातन्त्र हामीले भनेजस्तो पूर्ण खालको त के हुन्थ्यो, तैपनि एउटा राजा र एउटा सम्राटले चलाउने शासनभन्दा त धेरै नै प्रजातान्त्रिक थियो त्यो प्रणाली । अतः त्यो व्यवस्थाले गर्दा विज्ञानलाई आफ्नै खुट्टामा उभिएर आफ्नो प्राधिकार सिद्ध गर्न सामाजिक परिबन्द र परिप्रेक्ष्य सबै मिल्न गयो । यस्ता कुराहरु पूर्वमा नभएको हुनाले नै चीन र भारतमा विज्ञान विकसित हुन सकेन । किनकि, पूर्वमा त कुनै बादशाहले तथास्तु नभनीकन कुनै काम पनि हुन सक्दैनथ्यो । तर, उता पश्चिम यूरोपमा भने कुनै बादशाहले भनेको आधारमा होइन, कि संगतताको आधारमा कुनै कुरा ठीक या बेठीक के हो, छुट्याउने प्रचलन चल्यो । यसैले पश्चिममा विज्ञानलाई अगाडि बढायो ।

यी कुराहरु भए पश्चिमी यूरोपको वैज्ञानिक संस्कारको ऐतिहासिक परिप्रेक्ष्य । अब वैज्ञानिक संस्कृतिको सबैभन्दा मुख्य चरित्रहरु के के हुन् यसतर्फ जाऔं ।

## वैज्ञानिक संस्कारका मुख्य खम्बाहरू

यस सन्दर्भमा कुरा चलाउँदा थोमस मर्लन भन्ने अमेरिकी समाजशास्त्रीको भनाइ उल्लेखन गर्नु उचित होला । सन् १९३९ मा हिटलरले 'विज्ञान भनेको आर्यहरुको मात्र पेवा हो' भनेर जुन जातिवादी विचार अगाडि ल्याए, यसको खण्डनमा उनले विज्ञान यसरी कुनै जाति विशेषको मात्र हुन सक्दैन भनेर



> वैज्ञानिक सिद्धान्त स्वयं प्रविधि होइन् किनकि, त्यसमा व्यापारिक मूल्य जोडिएको हुँदैन । जस्तो कि, आइन्स्टाइनको सिद्धान्त प्रविधि होइन् त्यो विज्ञान मात्र हो ।

बहादुरीका साथ ठोकुवा गरे । उनले 'जातिवादी विज्ञान' विज्ञान नै होइन भनेर भने ।

थोमस मर्टनले विज्ञानका चारवटा खम्बाहरुको उल्लेख गरेका छन् ।

पहिलो हो- Universalism । विश्वव्यापकता भनेपछि संसारमा सबैलाई हुने भन्ने कुरा बुझिन्छ । कुनै पनि व्यक्ति, जसको तर्क गर्ने र काम गर्ने क्षमता छ, उसको लागि विज्ञान खुला छ । फलानो जातको लागि मात्र, फलानो राष्ट्रको लागि मात्र, भन्ने विज्ञानमा हुँदैन । तपाईंसित अध्ययन छ, तपाईंको लगनशीलता छ, तपाईंको तर्क छ, तपाईं सत्यप्रति निष्ठावान हुनुहुन्छ भने, तपाईं विज्ञान अंगाल्न सक्नु हुन्छ । तर, फलानो देशको, फलानो छालाको भएको कारणले तपाईं वैज्ञानिक हुन सक्नु हुन्न भनेर भनिन्छ भने त्यो विज्ञान होइन । त्यसकारण 'विज्ञान आर्यहरुको मात्र हो' भन्ने हिटलरको जुन कुरो छ, त्यो विज्ञान नै होइन ।

दोस्रो हो, communism ।

यहाँ communism मार्क्सवादी धारणाबाट भनिएको होइन । commune भन्ने शब्द common बाट आएको हो र यसले सबैको साझा भन्ने अर्थ दिन्छ । communism भन्नाले यसमा कुनै गोपनीयता हुँदैन र यो सबैको लागि साझा ज्ञान हो भन्ने अर्थ दिन्छ । विज्ञान त्यो बेला मात्र विज्ञान हुन्छ, जुन बेला ज्ञान बाँडिएको हुन्छ । तपाईंले गोप्य रुपमा अध्ययन गर्नुभएको छ र त्यो गोप्य रुपमा केवल आफ्नो साथमा राख्नु भएको छ भने त्यो विज्ञान हुँदैन । तपाईं जबसम्म खुल्ला रुपमा आफूले पत्ता लगाएका वा प्रतिपादन गरेका कुराहरु तथ्य र तर्कसहित बाहिर राख्नु हुन्न, तबसम्म त्यो विज्ञान हुँदैन ।

हाम्रो नेपालमा दुर्भाग्य के छ भने, विश्वविद्यालयका प्राध्यापकहरु तथा अन्य विद्वानहरुमध्ये धेरैजसो पैसा कमाउने ध्येयले विशेषज्ञ बनेका वा अन्य कामहरुमा लागेका हुन्छन् । पैसा त सबैलाई चाहिन्छ, तर पैसा कमाउने काममा लागेर पनि विज्ञानका केही काम गर्न पट्टि पनि चाहिं लाग्नु पर्ने हो । उनीहरुले आफूले देखेका कुराहरु लेखेर खुल्ला रुपमा आउनु पर्ने हो ।

नेपालमा अरुण तेस्रोको विवाद चलिरहँदा मलाई कतिपयले भन्थे- 'हामीले पनि अरुणका बारेमा केही अध्ययन गरेका छौं ।' केही अध्ययन गर्नु भएको छ भने, त्यो कुरो बाहिर लेखेर आउनु पर्‍यो नि भन्ने कुरा गर्दा उनीहरु भन्थे- 'होइन, भैगो, भैगो । बाहिर चाहिं नल्याऊँ ।'

यो कुनै वैज्ञानिक संस्कार होइन । वैज्ञानिक संस्कारका लागि ज्ञान मात्र भएर पुग्दैन, ज्ञान सार्वजनिक रुपले बाहिर ल्याउने दरो मुटु पनि चाहिन्छ । त्यही यहाँ भएन ।

त्यस्तै भर्खरै एकजना मित्रले मलाई एन्रोनको बारेमा 'त्यो हुँदैन' भनेर एउटा लेख फयाक्स गरी पठाउनु भयो । मैले हेरें । लेख चाहिं राम्रो नै रहेछ । उहाँ मित्रलाई मैले भनें- 'तपाईंले यत्रो राम्रो लेख्नु भएको रहेछ । यो त हामीले लेख्ने गरेको भन्दा राम्रो छ । यसलाई छाप्न दिऔं न !' जवाफमा उहाँले भन्नुभयो- 'होइन, अहिले नदिऊँ, किनभने यो त्यसरी छाप्न दिइयो भने नेपाली कांग्रेसभित्र मलाई शेरबहादुरविरोधी भन्लान् !' मैले भनें- 'ठीक छ, त्यो त हुन सक्ला । तर, तपाईंको कार्य त विज्ञान भएन नि !'

तेस्रो हो- Disinterestedness ।

यसको अर्थ निष्पक्षता हो । आग्रहरहितता हो । सहीलाई सही र गलतलाई गलत भन्ने चित्त हो । कोही रिसाउँला वा खुसाउँला भनेर तथ्य र सत्यलाई बंग्याउनु विज्ञान होइन । कोही रिसाए पनि खुसाए पनि तथ्य र तर्कले जे उचित देखिन्छ, त्यही कुरो बाहिर भन्नु पर्छ । त्यसैले Disinterestedness विज्ञानको साह्रै महत्वपूर्ण खम्बा हो ।

चौथो हो- Organized Skepticism (संगठित सन्देहवाद) ।

विज्ञानमा सन्देहवाद चाहिन्छ र त्यो पनि संगठित किसिमको । प्रत्येक वैज्ञानिक विचार राख्नेसंग सन्देह व्यक्तिगत चरित्रको रुपमा नै हुनुपर्छ । कसैले केही कुरा भन्ने बित्तिकै 'हो' भनेर मानीहाल्ने खालको चरित्र वैज्ञानिक चरित्र होइन । गुरुले भनेको भए पनि, गुरुको कुरा आदरका साथ सुने पनि, म यो कुरा हो कि होइन, परीक्षण गरी हेर्छु भन्ने चरित्र प्रत्येक वैज्ञानिक चेतना भएको मानिससंग हुनु पर्छ । यस्तो भएन भने त्यो वैज्ञानिक चरित्र हुँदैन । वैज्ञानिक समाजमा गुरु त चाहिन्छ, गुरु नभइकन सिक्न चाहिं सकिँदैन र त्यस्तै गुरुबाट एउटा विद्यार्थीले गुरुको संस्कार, काम गर्ने तरीका, सोचाइ आदि ग्रहण गर्ने काम गर्दछ । तर, गुरुले भनेको कुरा ठीक हो कि होइन भनेर जाँचेर हेर्ने कुनै पनि वैज्ञानिक समाजमा संगठित सन्देहवाद रहेको हुन्छ ।

वैज्ञानिक समाजमा हेर्दाखेरि हामी के पाउँछौं भने, प्रत्येक नयाँ पुस्ताले पुरानो पुस्ताको अर्थात् गुरुको कुरामा कम्तिमा एक प्रतिशतले भए पनि चुनौति दिएको हुन्छ । कुनै कुनै बेला त कसैले आफ्नो गुरुको २०, ३०, ४० प्रतिशतसम्मको कुरामा नै चुनौति दिएको हुन्छ । वास्तवमा, यो र यस्तो किसिमको संगठित सन्देहवादले नै विज्ञानलाई अगाडि बढाउँछ र यो भएन भने विज्ञान विकसित नै हुँदैन ।

संगठित सन्देहवादको पछाडि रहेको मुख्य मान्यता के हो भने, विज्ञानले विज्ञान बाहेक अरु कुनै पनि प्राधिकार मान्दैन । वैज्ञानिक समुदाय, वैज्ञानिक समाज, वैज्ञानिक संस्कार र वैज्ञानिक चरित्र जस्ता कुराहरु नै हुन्, जसले विज्ञानको कुरो ठीक हो कि होइन वा त्यो वैज्ञानिक छ कि अवैज्ञानिक छ भन्ने कुराको टुङ्गो फाँट लगाउने काम गर्छन् । कसैको आदेशको आधारमा गरिएको काम तथा निष्कर्षलाई विज्ञान मानिँदैन ।

विज्ञानमा जाँच परख गर्ने, झूठो साबित गर्ने परम्परा हमेशा रहन्छ । जसलाई verification र falsifiability भनिन्छ । जस्तो कि, कुनै व्यक्तिले कुनै वस्तुको वजन २० ग्राम छ भन्यो । त्यो हो कि होइन भनेर म पनि नापेर हेर्छु । अरुले पनि नापेर हेर्न सक्छन् । मानौं, मैले नाप्दा त्यो २०.५ ग्राम हुन आयो र त्यस्तै त्यही वस्तु तपाईंले नाप्दा १९.५ ग्राम हुन आयो । यसको अर्थ के भयो भने, त्यो वस्तुको वजन सालाखाला २० ग्राम रहेछ । यसरी विज्ञानमा जाँच परख गरी हेर्ने अधिकार सबैलाई हुन्छ । र, त्यस्तै वैज्ञानिक निष्कर्ष भनेको बारम्बार जाँच्दा उही नतीजा आउने हुनु पर्छ । त्यो replicable हुनुपर्छ । replicable को अर्थ एउटै अवस्था, उस्तै वस्तुहरु र एउटै तरीका अप्नाएर परीक्षण गर्दा सबैले उही नतीजा पाउँछन् भन्ने हो । यदि replicable अर्थात् एउटै अवस्था, उस्तै वस्तुहरु र एउटै तरीका अप्नाउँदा एउटाले एउटा र अर्कोले अर्को नतीजा पाउँछ भने त्यो विज्ञान सम्मत निष्कर्ष हुँदैन । बेलायतका वैज्ञानिकहरुले जुन अवस्था र जुन तरिकामा भेँडाको क्लोनिङ्ग गरेका हुन्, ठीक त्यही अवस्था र त्यही तरीकामा नेपालमा वा विश्वको कुनै पनि ठाउँमा कुनै पनि मानिसले भेँडाको क्लोनिङ्ग गर्न सक्नु पर्छ । अनि मात्र त्यो विज्ञान हुन्छ । त्यसैले विज्ञानमा कुनै पनि काम जाँचपरख गरेर हेर्न सकिने हुनुपर्छ । त्यो जाँच परख गर्दा बारम्बार उही नतीजा प्राप्त हुने अर्थात् replicable हुनु पर्छ र जाँच परखलाई दोहर्‍याउन सक्नु पर्छ ।

यसरी वैज्ञानिक समुदायले विज्ञानको कामलाई निरन्तर 'क्रस चेक' गरिरहेको हुन्छ । वैज्ञानिक समुदायका कुनै पनि प्रस्थापनाको पुनर्व्याख्या हरेक दिन हरेक पुस्ताले गरिराखेको हुन्छ । विज्ञानमा पुनर्व्याख्या अत्यन्त जरुरी छ । कसैले सत्य हो भनेर भनेको भन्दैमा यसले मान्दैन । त्यसलाई लगातार हरेक पुस्ताले पुनर्परीक्षण, पुनर्व्याख्या गरेकै हुन्छ । यसरी हरेक नयाँ पुस्ताले पुनर्व्याख्या गर्दा कहीं न कहीं केही न केही नयाँ कुरा थपिन गएको हुन्छ र विज्ञान यसरी नै अगाडि बढेको हुन्छ ।

> सरकारले भनेको कुरा, नेताज्यूले भन्नु भएको कुरा, विश्व बैंकले भनेको कुरा त मान्नै पर्‍यो, भनेर कुरा गर्ने बैज्ञानिकहरू यहाँ कम छैनन् ।

पूर्वमा हामीहरुको संस्कार र संस्कृतिमा यी कुराहरु आएनन् । यहाँ आफूभन्दा बाहिरको प्राधिकारलाई आँखा चिम्लेर मानिदिने प्रवृत्ति बढी भयो । ठूला नेताले भनेको कुरा, ठूला विद्वानले भनेका कुरा, ठूलो मान्छेले भनेको कुरा वा ठूलो शास्त्रले भनेको कुरा भनेर आँखा चिम्लेर मानिदिने काम यहाँ ज्यादा भयो । पार्टीको नेता हुनेबित्तिकै आफूलाई सबैले मान्नुपर्ने, गीतादेखि सेटालाइटसम्मै जान्ने प्रकाण्ड 'विष्णु अवतार' को रुपमा आफूलाई लिइहाल्ने ?!!

अरुण तेस्रो योजनाको कुरा आउँदा यहाँ सरकारले त्यो योजना सबभन्दा

राम्रो र सस्तो भनेको थियो । हामीले त्यस्तो छैन भन्यौं । सरकारले हामीले भनेको कुरा यो यो कारणले सही छैन भनेर भन्न सकेन । त्यो बेला अर्थमन्त्री रामशरण महतले यति सम्म भन्नुभयो कि, 'विश्व बैंकका विज्ञहरुले ठीक भनिसकेको कुरालाई चुनौति दिने तपाईहरु को हुनुहुन्छ ?' हामीले भन्यौं- 'चुनौति दिने हामी हामी नै हौं । विश्व बैंकको प्राधिकारलाई हामीले किन मान्ने ? सही कुरा हो भने त हामी मान्छौं । तर, विश्व बैंकले ठीक छ भनेकै आधारमा हामीले किन मान्ने ?' यस्तो सरकारी रवैया त वैज्ञानिक संस्कार भएन ! वास्तवमा त्यो एकदम गैर-वैज्ञानिक चरित्र नै ठहरियो ।

अब यसरी आफूलाई पुनर्व्याख्या गरिरहने र पुनर्व्याख्या गरेको चीजलाई समुदायले ठीक छ भनेर भन्ने एक किसिमको वैज्ञानिक र प्रजातान्त्रिक परिपाटी हाम्रो समाजले दिन सकेको छ कि छैन भन्नेपट्टि जाऊँ । यो कुरा गर्दा कस्तो किसिमको सामाजिक संरचनाले एउटा वैज्ञानिक समाजलाई हुर्काउँछ भन्ने प्रश्न टड्कारो रुपमा अगाडि आउँछ । यसको लागि सर्वप्रथम हामीले विज्ञान र प्रविधिलाई एकछिन छुट्याएर हेर्नु पर्दछ ।

## के चाहिन्छ वैज्ञानिक संस्कारका लागि ?

यहाँ के भइरहेछ, भने मानिसहरु जे कुरालाई पनि वैज्ञानिक भनिरहेछन् । एउटा कम्प्युटर राखी केही काम गरिन्छ भने त्यत्तिकैमा त्यसलाई 'वैज्ञानिक काम' भन्ने चलन छ । त्यस्तो धारणा ठीक होइन ।


प्रविधि भनेको त्यो विज्ञान हो, जसको कुनै व्यापारिक मूल्य हुन्छ । एउटा सैद्धान्तिक भौतिकशास्त्रीले तथ्य र तर्कहरु राखी कुनै एउटा नयाँ सिद्धान्त प्रतिपदान गर्छ भने त्यो विज्ञान हो । तर, त्यही अवस्थामा र त्यत्तिकैमा त्यो प्रविधि हुँदैन । अर्थात् वैज्ञानिक सिद्धान्त स्वयं प्रविधि होइन, किनकि, त्यसमा व्यापारिक मूल्य जोडिएको हुँदैन । जस्तो कि, आइन्स्टाइनको सिद्धान्त प्रविधि होइन, त्यो विज्ञान मात्र हो । तर, त्यस सिद्धान्तलाई अप्नाएर एटम बम निकाल्ने वा शक्ति निकाल्ने वा अन्य कुराहरु निकाल्ने टेक्निक विकास गरियो भने, जसको व्यापारिक मूल्य छ, अब बल्ल त्यो प्रविधि बन्यो ।

विज्ञान र प्रविधिमा एकले अर्कोलाई साथ दिँदै दुवै संगसंगै अगाडि बढिरहेका हुन्छन् । एउटाले मात्रै अर्कोलाई डोर्‍याएको छैन । यसो हेर्दा पहिले विज्ञान र त्यसलाई व्यवहारिक रुप दिन प्रविधि आएको जस्तो देखिन्छ । तर, यस्तो पनि होइन ।

औद्योगिक क्रान्तिको समयमा पहिले प्रविधि आयो र त्यो प्रविधिले किन काम गर्‍यो भनेर खोजेपछि विज्ञान निस्क्यो । पहिले जेम्सवाट जस्ताहरुले वाष्प इन्जिनको आविष्कार गरे, पम्प चलाउनको लागि वा पानी तान्नको लागि । अनि त्यसपछि साडीकार्ने जस्ता वैज्ञानिकहरुले वाष्प इन्जिन त्यसरी किन चल्दो रहेछ त भनेर खोज अनुसन्धान गरेर सैद्धान्तिक धारणाको रुपमा Thermodynamics भन्ने विज्ञानको जन्म दिए । तर, अहिले विज्ञान अगाडि गएर प्रविधिलाई तान्ने काम बढी भइरहेछ । त्यसैले माथि भनिएझैं विज्ञान र प्रविधिमा एकले अर्कोलाई डोर्‍याएर यिनीहरु संगसंगै अगाडि बढिरहेको देखिन्छ ।

बेलायतमा हेर्दा त्यहाँ वैज्ञानिक समाज मात्र थिएन, औद्योगिक समाज पनि संगसंगै विकसित भएको थियो र औद्योगिक समाजले त्यहाँ विज्ञानलाई अगाडि बढाएको थियो । त्यहाँ औद्योगिक समाज कसरी हुर्कन सक्यो भने, त्यहाँ आफूलाई फाइदा हुने काम गर्न सकिने स्वतन्त्र बजार अस्तित्वमा रह्यो र त्यही मुताबिकको सरकारी यन्त्र पनि । अहिले हेर्ने हो भने, आधुनिक चीनले पनि एकातिर बजारलाई फस्टाउन दिएको छ भने सरकारी यन्त्र पनि ठीकसित राख्ने काम गरेको छ । त्यसैले त्यहाँ अहिले उद्योगको विकास भइरहेछ । रुसमा हेर्ने हो भने, त्यहाँ बजारलाई मात्र खुल्ला छोडिदिने काम गरियो र सरकारी यन्त्रलाई ठीकसित राख्ने काम गरिएन । यसले गर्दा त्यो पतन हुन पुग्यो ।

> बेलायतमा जेम्सवाटले खानी उद्योग संचालन गर्नेहरूको लागि पानी तान्ने पम्प बनाइदियो भने पैसा बढी कमाउन सकिन्छ भनेर वाष्प इन्जिनको आविष्कार गरेका थिए । उनको उत्प्रेरणाको तत्व विज्ञानमा काम गरेर कुनै एक ठूलो वैज्ञानिक बनुँला भन्ने होइन ।



बेलायतमा जेम्सवाटले खानी उद्योग संचालन गर्नेहरुको लागि पानी तान्ने पम्प बनाइदियो भने पैसा बढी कमाउन सकिन्छ भनेर वाष्प इन्जिनको आविष्कार गरेका थिए । उनको उत्प्रेरणाको तत्व विज्ञानमा काम गरेर कुनै एक ठूलो वैज्ञानिक बनुँला भन्ने होइन । खालि पैसा कमाउनको लागि उनले नयाँ प्रविधिको आविष्कार गरेका हुन् । यसले के देखाउँछ भने, त्यहाँ त्यसरी प्रविधि विकास गर्न टेवा दिने र प्रोत्साहन दिने औद्योगिक समाज विद्यमान थियो ।

तर, हामीकहाँ हेर्नुस् त, त्यस्तो प्रविधि उत्पादन गर्न टेवा र प्रोत्साहन दिने औद्योगिक समाज यहाँ छ र ? छैन । यहाँ त्यस्तो वैज्ञानिक कार्यमा प्रोत्साहन दिने बजार छैन । यहाँ राष्ट्रिय पूँजीलाई प्रोत्साहन दिने भन्ने कुरो अलि अलि मात्रामा वामपन्थीहरुमा पाइन्छ । तर, त्यो घोषणापत्रमा र नारामा मात्र सीमित छ, व्यवहारमा छैन । यदि राष्ट्रिय पूँजी र उद्योगले घोषणापत्र र नारामा होइन, व्यवहारमा नै प्रोत्साहन पाउने हो भने, थुप्रै राष्ट्रिय प्राविधिज्ञहरुले काम पाउने थिए होलान् । तिनीहरु विदेशमा पलायन हुनु पर्दैनथ्यो होला ।

अर्को कुरो, वैज्ञानिक संस्कृतिको विकासको लागि संस्थागत स्वरुप पनि चाहिन्छ । आफूमै प्राधिकार भए पनि वैज्ञानिक समुदायमा आफूले आफैंलाई नियन्त्रित गर्नको लागि आफ्नै खालको विशेष संरचना निर्माण गरिएको हुन्छ ।

यस्तो पहिलो संरचना भनेको समकक्षी समूह अर्थात् peer group को समुदाय हो । यसको अर्थ वैज्ञानिक समुदायमा ठूलो साना भनेको कोही हुँदैन, सबै समान हुन्छन् । सबै तर्क गर्न सक्ने, वैज्ञानिक संस्कृति, संस्कार मान्नेहरु जम्मा भएर फलानो कुरो वैज्ञानिक हो कि होइन भन्ने वादविवाद गरेर निष्कर्षमा पुग्न सक्ने समुदाय नै वैज्ञानिकहरुको समकक्षी समूह हो । अहिले यो विश्वव्यापी रुपमा छ । पहिले पहिले त खाली एकेडेमीहरु मात्र हुन्थे । यिनीहरुले वैज्ञानिक अध्ययन अनुसन्धानलाई नियन्त्रण गर्थे ।

कसैले केही कुरामा अनुसन्धान गर्छु भन्छ भने उसको प्रस्तावलाई वैज्ञानिक समुदायमा पुर्‍याउनु पर्ने हुन्छ । जस्तो कि, हामीकहाँ नै त्यस्ता प्रस्तावहरु आउँछन्- अमेरिकाबाट समेत प्रस्ताव हेरेपछि त्यसमा यो यो कुरामा यी यी कुराहरु चाहिं पहिले नै फलाना फलानाले ल्याइसकेको र यी यी कुराहरुमा यसरी यसरी सुधारेर अनुसन्धान गरेमा नयाँ कुरा हुनेछ भन्ने जस्ता कुराहरु हामी सुझावको रुपमा पठाउँछौं । र, विभिन्न ठाउँबाट प्रस्तावमा सुधार गरेपछि नै अनुसन्धानकर्तालाई अनुसन्धान गर्न स्रोत र साधन जुटाउने काम गरिन्छ । अनुसन्धानकर्ताले अनुसन्धानपछि प्राप्त गरेको नतिजालाई पनि त्यसरी नै वैज्ञानिक समुदायमा प्रस्तुत गरिन्छ । र, कहीं उनको नतिजाभन्दा फरक नतिजा अर्को कसैले पाउँछ भने त्यसलाई पुनः परीक्षणमा नै राखिन्छ । यसरी वैज्ञानिक समुदायले आफूले आफूलाई नै नियन्त्रण कायम गरेको हुन्छ ।

तर, हामीकहाँ त्यस्तो समकक्षी समीक्षा (peer review) गर्ने काम हुने गरिरहेको छैन । जस्तो कि, अरुण तेस्रो नेपालको लागि सबैभन्दा राम्रो भनेर एउटा सरकारी समुदायले भन्यो । त्यसो हो भने त्यो त आउनु पर्‍यो नि वैज्ञानिक समुदायको अगाडि । र, त्यसलाई वैज्ञानिक समुदायले जाँच परख गरी हेर्नु पर्‍यो । हामीले हेर्‍यौं, अरुण तेस्रो ठीक छ कि छैन भनेर । हामीले गरेको अध्ययन अनुसन्धानको आधारमा भन्यौं- अरुण तेस्रो ठीक छैन । तर, यसलाई सरकारले मूढेबल लगाएर दबाउन खोज्यो । यो त वैज्ञानिक संस्कार भएन !

हामीकहाँ वैज्ञानिक संस्कार एकदम कम छ । सरकारले भनेको कुरा, नेताज्यूले भन्नु भएको कुरा, विश्व बैंकले भनेको कुरा त मान्नै पर्‍यो, भनेर कुरा गर्ने बैज्ञानिकहरु यहाँ कम छैनन् । आफूले हिम्मत गरेर म पनि एक स्वाभिमानी वैज्ञानिक हुँ, मसित पनि तथ्यमा आधारित भएर तर्क गर्ने क्षमता छ, मैले पनि केही जान्दछु, त्यसैले मैले



**आधुनिक प्रवधिमा मोटर चलाउने इन्जिन र बिजुली- यी दुवै नेपालमा चन्द्र शमशेरको पालामा भित्रिएका हुन् । सन् १९११ मा फर्पिङ्मा पहिलो बिजुलीघर निर्माण गरिएको थियो । मोटर गाडी चाहिं भीमफेदीको बाटो हुँदै मान्छेलाई बोकाएर काठमाडौंमा ल्याइएको थियो ।**

हेर्दा यति कुरा ठीक पाएँ र यति बेठीक पाएँ भनेर साहसका साथ भन्ने वैज्ञानिक समुदायको नै यहाँ एकदम कम विकास भएको छ । हुन त यहाँ पढेलेखेका मानिसहरु छन्, डिग्री हासिल गरेका मान्छे छन् तर के गर्ने ? उनीहरुमा साँचो कुरा बोल्ने हिम्मत पनि त हुनु पर्‍यो । त्यसैले म के भन्छु भने, वैज्ञानिक संस्कार तीक्ष्ण बुद्धिको मात्र कुरो होइन, यो दह्रो मुटुको पनि कुरो हो । अझ अहिलेको हाम्रो परिप्रेक्ष्यमा त यो बढी मात्रामा दह्रो मुटुको नै कुरो हो ।

समकक्षी समूह भनेपछि यहाँ नेपालमा इन्जिनियर्स एशोसिएशन, नेपाल मेडिकल एसोसिएशन, प्राध्यापक संघ, आदिलाई लिन सकिन्छ । तर, कुनै पनि प्रस्थापना कतैबाट पनि आउँछ, तिनीहरु आ-आफ्नो विषयमा यो कुरो ठीक भयो, यो बेठीक भयो भनेर दह्रो मुटुका साथ भनिरहेका छन् त ? त्यस्तो हामीकहाँ कमै मात्र भएको देखिन्छ । मान्छे तीक्ष्ण बुद्धिको भए पनि यदि साँचो बोल्न दह्रो मुटु भएन भने त्यो तीक्ष्ण बुद्धि छ वा छैन, यसको कुनै अर्थ रहँदैन । कुनै पनि नयाँ प्रस्थापनालाई जाँच परख गर्नका लागि तीखो बुद्धि चाहिन्छ नै । तर, जाँच परखबाटै निक्लेको भिन्न विचार बाहिर ल्याउनको लागि दह्रो मुटुले तथ्य र तर्कको आधारमा यो कुरो ठीक र बेठीक छ भनेर भन्न सक्नु पर्‍यो ।

प्रविधि विकास हुनुको लागि खुला बजार चाहिं चाहिन्छ, जुन बजारले प्राविधिक समुदायलाई प्रोत्साहित गर्न सकियोस् । अर्को कुरो, राम्रो दिशामा गएको खण्डमा इन्जिनियर्स एसोसिएशन, मेडिकल एसोसिएशन जस्ता नागरिक समाजहरुले वैज्ञानिक चेतनाको बारेमा निरन्तर प्रश्नहरु गरिरहनु पर्छ । जस्तो कि, फलानो ठाउँमा बाटो बनाईदैछ, त्यो यो यो कारणले ठीक छ वा छैन भन्ने कुरो चुनौतिका साथ इन्जिनियर्स एसोसिएशनले गर्नु पर्दछ । त्यस्तै, स्वास्थ्य क्षेत्रमा आएका प्रस्थापनाहरुबारे मेडिकल एसोसिएशनले र अन्य क्षेत्रमा अन्यले । यहाँ त त्यस्तो चुनौति दिने कामभन्दा स्तुति गाउने काम बढी भइरहेछ । अनि प्रविधिको विकास कसरी हुन्छ ?

तेस्रो कुरो, खुल्ला बजार र नागरिक समाजको साथसाथै हामीलाई सरकार पनि चाहिन्छ । तर, कस्तो ? व्यापार गर्दै हिँड्ने, कमिशन खाँदै हिँड्ने सरकार त हामीलाई चाहिँदैन । हामीलाई त्यस्तो सरकार चाहिन्छ, जसले बजार र नागरिक समाजबीच मध्यस्थता कायम गर्न सकोस् । त्यो गर्न त सरकार स्वच्छ हुनुपर्‍यो ! मध्यस्थकर्ता नै स्वच्छ हुँदैन भने त्यसले मध्यस्थता कसरी गर्छ ?

हामीकहाँ के देखियो भने; सरकार स्वच्छ छैन, निष्पक्ष छैन । सरकार आफैं व्यापार गर्दै हिँड्छ र सरकार कमिशनको लागि काम गर्छ । अर्को कुरो, प्रश्न गर्ने, नागरिक समाज यहाँ अरुणको समयमा एकचोटि देखिएको थियो । त्यसपछि अरुमा देखिएन । जस्तो कि, अहिले यातायातमा खोई ? संचार क्षेत्रमा खोई ? त्यस्तै माथि पनि भनियो कि, हामीकहाँ त्यस्तो बजार छैन, जसले प्रविधिलाई प्रोत्साहित गरोस् ।

यस्तो किन भयो भने, हामीकहाँ उद्योगपतिहरु छैनन् । व्यापारीहरु मात्र छन् । आफूलाई उद्योगपति भन्नेहरु पनि यहाँ वास्तवमा व्यापारीहरु हुन् । किनकि, उनीहरुले उत्पादन गर्दैनन् । उनीहरुले त बाहिरबाट ल्याएका सामानहरु जोड्जाड गरेर व्यापार गर्ने काम मात्र गर्छन् । उनीहरु खालि वस्तुको मूल्यमा मात्र खेल खेल्छन् । मूल्यमा खेल खेल्दा कम्प्युटर बेच्नु र आलु बेच्नुमा केही फरक हुँदैन । किनकि, जे बेचेर भए पनि कति प्रतिशत र कति मात्राको नाफा हो भन्ने कुरासंग मात्र सरोकार रहेको हुन्छ व्यापारमा । जुन बेच्दा नाफा बढी आउँछ, त्यसैको व्यापार ज्यादा गरिने हुन्छ । तर, तपाई उद्योगपति हुनुहुन्छ भने तपाईलाई वैज्ञानिक प्रकृयामा जानुपर्ने हुन्छ । व्यापारीलाई प्रकृयामा जानु पर्दैन । उद्योगपतिलाई आफ्नो नाफा बढाउन आफ्नो सामान कसरी सस्तोमा उत्पादन गर्ने र बजारमा प्रतिस्पर्धा गर्न त्यसको गुणस्तर कसरी बढाउने भन्ने प्रक्रियामा जानुपर्ने हुन्छ । यसले प्रविधिलाई विकास गर्न मद्दत गर्छ । तर, हामीकहाँ उद्योगपति नै भेटिँदैनन् ।

हामीकहाँ अढाई करोड जनताको लागि दुईवटा मात्र विश्वविद्यालय रहेका छन् । हामीभन्दा पाँच गुना सानो फिनल्याण्डमा ५० लाखको लागि २२ वटा उच्च अध्ययन संस्था रहेका छन् । हामीकहाँ साहित्यको लागि थुप्रै पुरस्कारहरु राखिएका छन् । तर, विज्ञान प्रविधिमा कतिवटा पुरस्कार राखिएका छन् त ? भन्दा, एउटा औंलामा गन्नलाई पनि पुग्दैन । यस्तो किन भइरहेको छ भने, यहाँ उद्योगपति नै छैनन् ।

यसरी नेपालमा स्वतन्त्र उद्योग, प्रश्न गर्ने नागरिक समाज र आफ्नो वैधताप्रति सचेत र चिन्ता राख्ने सरकार अहिले छैन र यही कारणले वैज्ञानिक संस्कार यहाँ हुर्कन सकेन ।

हामीकहाँ नेपालमा विज्ञानको अवस्था कस्तो छ भन्ने कुरा गर्दा हामीले सर्वप्रथम यहाँ आधुनिक प्रविधि कसरी भित्रियो भन्ने कुराको चर्चा गर्नु आवश्यक हुन्छ । आधुनिक प्रविधि नेपालमा उत्पादन बढाउनको लागि भित्रिएको होइन ।

आधुनिक प्रवधिमा मोटर चलाउने इन्जिन र बिजुली- यी दुवै नेपालमा चन्द्र शमशेरको पालामा भित्रिएका हुन् । सन् १९११ मा फर्पिङमा पहिलो बिजुलीघर निर्माण गरिएको थियो । मोटर गाडी चाहिं भीमफेदीको बाटो हुँदै मान्छेलाई बोकाएर काठमाडौंमा ल्याइएको थियो ।

यूरोपमा आई.सि. इन्जिन र विजुली दुवै उत्पादन बढाउनको लागि आविष्कार गरिएका हुन् । यिनीहरुको आविष्कारको पछाडि काम गर्न सजिलो होस् भन्ने आकांक्षा रहेको थियो । किनकि, त्यहाँ श्रम पूजनीय चीजको रुपमा थियो ।

तर, हामीकहाँ श्रम घृणित वस्तुको रुपमा थियो र छ । श्रम गर्ने मान्छेको जातै तल्लो भन्ने धारणा छ हामीकहाँ । यो कुरो हाम्रो भाषामा पनि प्रतिविम्वित भएको पाइन्छ । पाँच जना गृहस्थहरुको बीचमा गफ चलेमा त्यहाँ 'फलानाकी छोरी कति भाग्यमानी, सिन्को पनि भाँच्न नपर्ने ठाउँमा विवाह गरेर गई' भन्ने कुरा आइहाल्छ । यसको मतलब हाम्रो समाजमा काम गर्न नपर्नु भनेको ठूलो भाग्यको रुपमा लिइन्छ । र, काम गर्न पर्नुलाई दुर्भाग्यको रुपमा । श्रमप्रति समाजको दृष्टिकोण यस्तो भएपछि यहाँ वैज्ञानिक संस्कारको विकास कसरी हुन्छ ?

त्यस्तै, नेपालमा प्रविधि श्रम सजिलो होस् भनेर भित्र्याइएको होइन, त्यो त ठूलाबडाको विलासको लागि भित्र्याइएको हो । अंग्रेजले गाडी चढ्छ भने हामी मात्र के कम ? हामी पनि गाडी चढेर देखाइदिन्छौं भनेर चन्द्रशमशेरले यहाँ इन्जिन भित्र्याएका हुन् । विजुली चाहिं राणाहरुको दरबारमा झाड पानुसमा विजुली बालेर रमाइलो गरी विलास गर्न नेपालमा भित्र्याइएको हो ।

त्यसैले, नेपालको इतिहास हेर्ने हो भने यहाँ दर्वारियाहरुको विलासको लागि प्रविधि भित्र्याइयो, जबकि पश्चिममा प्रविधिको विकास श्रमलाई सजिलो पार्नको लागि गरियो । पश्चिममा वैज्ञानिक संस्कार विकास हुनु र यहाँ नहुनुको एउटा कारण यो पनि हो ।

चन्द्र शमशेरले दास प्रथाको उन्मूलन गर्दाको घोषणा हेर्ने हो भने, दास प्रथा नराम्रो हो भन्ने ठानेर उन्मूलन गरेको देखिन्न । उनले अंग्रेजहरुले के भन्लान् भनेर मात्र दास प्रथा उन्मुलनको घोषणा गरेको देखिन्छ । भित्री मनमा त दासहरु राख्ने चाहना त छँदै थियो तर, यूरोपमा त्यस्तो चलन हटिसकेकोले अंग्रेजको प्रिय बन्न मात्र राणाहरुले दास प्रथा हटाएको देखिन्छ । त्यसैले ,दास प्रथा हटे पनि मानसिकता त त्यही पुरानो नै बसिरहृयो ।

भर्खरै मात्र एकजना सिनियर

**नेपालमा प्रविधि श्रम सजिलो होस् भनेर भित्र्याइएको होइन, त्यो त ठूलाबडाको विलासको लागि भित्र्याइएको हो ।**

> **चन्द्र शमशेरले शक्ति प्रदर्शनकै लागि भीमफेदीदेखि कुल्लीलाई बोकाएर ल्याई मोटर चढे भने हाम्रा सांसदहरूले अहिले करदाताहरूलाई करको भार बोकाएर पजेरो चढे । यी दुईबीचको प्रवृत्ति र संस्कारमा केही भिन्नता देखिन्न ।**

वैज्ञानिकले आफूले पाँच वर्ष अगाडिदेखि गर्दै आएको सरकारी नोकरी छोडेको कुरा मलाई सुनाए । मैले किन छोडेको त ? भनेर प्रश्न गर्दा उनले आफ्नो विभागको हाकिमले उनलाई बिनासित्तै भेट्न नआएको भनी गुनासो गरेको र घरमा बोलाई हाकिमको घरको टेलिफोन बिल तिर्न टेलिफोन अड्डा जान अह्राएको कुरा गरे । उनले हाकिमलाई आफू एक वैज्ञानिक भएको र त्यस्तो काम गर्न सकिन्न भनेर जवाफ दिएको बताए । तर हाकिमको त्यस्तो व्यवहारले गर्दा बस्न नसकी लगत्तै नोकरी छोडेको कुरा सुनाए । त्यस्तो किन भयो भने, म हाकिम, म मालिक र मातहतका कर्मचारीहरु मेरा कमाराहरु हुन् भन्ने मानसिकता हामीभित्र अझ हटिसकेको छैन ।

हामीकहाँ विज्ञान भन्ने चीज चाहियो भनेर कुन सामाजिक संरचनाबाट आवाज उठिरहेछ त ? यो पनि हामी हेरौं । दास राख्यो भने विदेशीले के भन्लान् भनेर चन्द्र शमशेरलाई लाज भए जस्तै विज्ञान मन्त्रालय एउटा राखेनौं भने फलानो देशले के भन्लान्, हामीले पनि 'मौसम परिवर्तन' को सन्धिमा सही गरेन भने भोलि 'म सेमिनारमा भाग लिन जाँदा विदेशी समुदायले के भन्लान् ?' भनेर मात्र यहाँ काम भइरहेछ । वास्तवमा, नेपालले अन्तर्राष्ट्रिय सन्धिहरु विदेशीको अगाडि राम्रो देखिनको लागि मात्र गर्ने गरेका छन् । कुनै पनि सन्धि गर्दा त्यो सन्धि नेपालको लागि फाइदाजनक छ कि छैन, त्यसलाई हामी व्यवहारमा उतार्न सक्छौं कि सक्दैनौं, त्यसले हाम्रो समाजमा के कति नकारात्मक-सकारात्मक असर गर्छ भन्ने कुराहरुलाई ध्यान दिएर सन्धि गर्ने प्रचलन, हामीकहाँ छँदैछैन ।

त्यसैले, नेपालमा अहिलेसम्म पनि भित्री मनदेखि विज्ञान चाहिन्छ र चाहियो भनेर आवाज यहाँ उठिराखेको छैन ।

यहाँ नेपालमा सरकारको सामन्ती राज्ययन्त्र नै विज्ञानको संवाहक भइदियो । यसको तात्पर्य के हो भने, उद्योग बढाउनु पर्ने र उद्योगको उत्पादकत्व बढाउनु पर्ने भएकोले यहाँ विज्ञान चाहिएको हैन । यहाँ विलासको लागि विज्ञानलाई भित्र्याइयो ।

विलास भनेको शक्तिको अन्तिम अभिव्यक्ति हो । म सम्पन्न र शक्तिशाली छु भन्ने अरुलाई देखाउनको लागि नै भड्किलो खर्चिलो विलास गर्ने गरिन्छ । गाउँको एक ठालू होस् वा शहरको धनाढ्य या देशको प्रधानमन्त्री, जोसुकैले पनि आफ्नो शक्ति र अहंकार प्रदर्शन गर्न नै खर्चिलो विलास गरेको हुन्छ । एउटा धनाढ्य व्यापारीले आफ्नो धनको शक्ति प्रदर्शन गर्न नै छोराछोरीको विवाहमा लाखौं लाख खर्च गर्छ ।

मेरो भनाइ के हो भने, चन्द्र शमशेरमा त्यस जमानामा जुन विलासको र अहंकारको मानसिकता र संस्कार भेटिन्थ्यो, आज पनि त्यही मानसिकता र संस्कार हाम्रो राज्ययन्त्रमा भेटिन्छ । चन्द्र शमशेरले शक्ति प्रदर्शनकै लागि भीमफेदीदेखि कुल्लीलाई बोकाएर ल्याई मोटर चढे भने हाम्रा सांसदहरुले अहिले करदाताहरुलाई करको भार बोकाएर पजेरो चढे । यी दुईबीचको प्रवृत्ति र संस्कारमा केही भिन्नता देखिन्न । नत्र जुम्ला र हुम्लाको सांसदको लागि पजेरो किन चाहियो ? तसर्थ, प्रविधि यहाँ उत्पादनको वृद्धिको लागि होइन, केवल विलासको लागि भित्रिँदैछ । त्यसैले हामी वैज्ञानिक संस्कारको पहिलो पाइलामा पनि पुगिसकेका छैनौं भन्ने मलाई लाग्दछ । उत्पादकत्व बढाउनको लागि विज्ञानलाई प्रयोग गर्न भित्रदेखि आउनु पर्ने बल हाम्रो समाजमा प्रकट नै भएको छैन ।

यस प्रकार, हामीकहाँ विज्ञान आउन त आयो, तर प्रश्न गर्नु नपर्ने, त्यसभित्रको सिद्धान्त के छ र त्यो कसरी चल्छ भनेर हेर्नु नपर्ने गरी त्यसलाई भित्र्याउने काम गरियो । हामीकहाँ कुनै पनि प्रविधि केवल व्यापारको खेलको रुपमा मात्र आयो । उत्पादनसंग कुनै सम्बन्ध गाँसेर हामीकहाँ विज्ञान आएन । नयाँ प्रविधिहरु ल्याइन्छन्, तर त्यसलाई स्वदेशमै संभार र विकास गर्ने काम गरिँदैन । किनकि, एउटा बिग्रेमा अर्को आइहाल्छ नि भन्ने मानसिकता यहाँ व्याप्त छ ।

अर्को कुरो, बाहिरबाट नयाँ किनेर ल्याएमा नाफा खान पाइन्छ भन्ने धारणा यहाँ छ । भर्खरै इन्जिनियर पढेर आएको बेला सन् १९७९ मा म पनौती गएँ, जहाँ मेरा एकजना मित्र जलविद्युतको हाकिम थिए । त्यहाँ सन् १९६४ मा जलविद्युत गृह बनाउँदा रसियनले छोडेर गएको मोटरबाट चल्ने ठूलो खालको कंक्रिट मिक्स्चर नचलाइकन त्यत्तिकै त्यो बेलादेखि जस्ताको तस्तै राखिराखेको मैले पाएँ । त्यो मेशिनलाई त्यसपछि अन्य ठाउँहरुमा प्रयोग गरे पनि त हुन्थ्यो नि ! तर गरिएन । किनकि, पुरानो मेशिनलाई बनाएर उपयोग गर्नुभन्दा विदेशबाट नयाँ मेशीन ल्याउँदा हाम्रा सरकारी अधिकारीहरुलाई बढी नाफा हुन्छ । अनि उसले जतिसुकै राम्रो भए पनि पुरानो मेशिन किन प्रयोग गरोस् ? त्यसकारण, यहाँ वैज्ञानिक सस्कृतिलाई टेवा दिने प्रवृत्ति र सामाजिक संरचना नै भएन । पनौतीमा थन्काएर राखेको मिक्स्चर मेशिन अन्य ठाउँमा पनि लगौं र प्रयोग गरौं भन्ने भावना कसैमा आएन । त्यस्तै, त्यो मेशिन कसरि बनाएको रहेछ, हामीले पनि बनाउँन सकिन्छ कि भनेर त्यसमा लेखिएका कुराहरु पढ्ने र त्यसका पार्टपुर्जाहरु हेर्ने कामलाई यहाँ कसैले पनि महत्वको रुपमा हेरेन ।

यो देशमा उद्योग गर्ने संस्कार नै आउन सकेको छैन । उद्योग भन्नाले ठूल-ठूला कलकारखानाको कुरा मात्र नलिउँ, एउटा सानो पूँजीले गाउँमा चलाइने उद्योग पनि उद्योग नै हो । उद्योगलाई प्रोत्साहन गर्ने हाम्रो सामाजिक सस्कार नै किन भएन भने, सरकार नै प्रविधिको संवाहक भइदियो । यस्तो भएपछि प्रविधि हामीकहाँ सरकारीकरण र दातृकरण (Governmentalisation and Donerization) भइदियो । यस्तो स्थितिमा यहाँ प्रविधिको प्रवेशको नाममा कमिशनको खेल चल्नु सिवाय अरु के हुन्थ्यो र ?

विज्ञानमा चुनौतिलाई केही न केही भए पनि सामना त गर्नै पर्छ । यस्तो चुनौती खप्न हामी शतप्रतिशत रुपमा महात्मा गान्धी र मदर टेरेसा बन्न नसके पनि ०.१ प्रतिशत त हुन खोज्नुपर्ने हो । केही न केही रुपमा चुनौतिलाई सामना त गरेर जान खोज्नुपर्ने हो । तर, यहाँ चुनौति सामना गर्दै जाने संस्कार पढेलेखेका डिग्रीवालाहरुमा नै भेटिन्न ।

धेरैजसो सरकारी जागीरमा भएकाहरु चुनौतिलाई सामना गर्न तयार हुँदैनन् । शायद राजनीतिमा देख्ने गरेको अस्थिरताको कारणले उनीहरुको जागीरमा अनिश्चितता भइरहने भएकोले, उनीहरुमा त्यस्तो प्रवृत्ति देखापरेको पनि हुनसक्छ । तर, त्यो वैज्ञानिक संस्कार चाहिँ भएन । त्यो त आफ्नो पेशा र शास्त्रलाई नै अपाङ्ग बनाएको हो भन्छु म । आफ्नो शास्त्रलाई यदि धारण गरेको छ भने त्यही अनुसार व्यवहार गर्नुपर्छ ।

## पञ्चायती र बहुदलीय संस्कार बीच तुलना गरौं !

पञ्चायती व्यवस्था हुँदा रोनाष्टको सपथग्रहणको व्यहोरा यस्तो थियो ।

बहुदलीय व्यवस्था आएपछि केही प्राज्ञहरूको जोडमा सो व्यहोरालाई फेर्ने कामसम्म भएको छ ।

यी दुईको तुलना गर्दा मात्र पनि वैज्ञानिक सस्कृति निर्माणमा पञ्चायती प्रवृत्ति लगायतका प्रवृत्तिहरूले हाम्रो विगतमा कत्तिको बाधा पुऱ्याएका थिए भन्ने कुराको एक झल्को मिल्न जान्छ ।

–मूल्याकन

### बहुदलीय व्यवस्थामा प्राज्ञहरूद्वारा लिइने सपथ

म ............................ नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठानको प्राज्ञको हैसियतले विज्ञान तथा प्रविधिको विकास गर्न तथा यसको मूल्य र मान्यताप्रति पूर्ण निष्ठावान रही आफ्नो बुद्धि र विवेकले भ्याएसम्म, प्रज्ञा-प्रतिष्ठानको उद्देश्य प्राप्ति एव प्रज्ञा-प्रतिष्ठानमार्फत् देशको सेवामा समर्पित रहने प्रण गर्दछु ।

सही


मितिः

### पञ्चायतकालमा लिइने सपथ

श्री ५ महाराजाधिराज सरकारबाट नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठानको कूलपतिको हैसियतले असीम निगाहपूर्वक म ............................ लाई नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठानको सदस्य पदमा नियुक्ति गरिबक्सेकोमा मौसूफ सरकारका जुनाफमा श्रद्धा एव भक्तिपूर्वक हार्दिक कृतज्ञता चढाउँछु । श्री ५ महाराजाधिराज सरकार तथा मौसूफका उत्तराधिकारीहरूप्रति आस्था एव भक्तिका साथ बफादार र नेपालको सविधान तथा राष्ट्रिय मूल नीतिद्वारा निर्दिष्ट लक्ष्य एव नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठानसम्बन्धी व्यवस्था २०४० प्रति पूर्ण निष्ठावान रहनेछु । साथै, मेरो सम्पूर्ण योग्यता, ज्ञान र विवेकले भ्याएसम्म आफ्नो कर्तव्यलाई लोभ, भय, पक्षपात वा द्वेषभाव नराखी इमान्दारीपूर्वक पालना गर्नेछु र प्रज्ञा-प्रतिष्ठानमा रही कामकाज गर्दा मलाई ज्ञात भएका गोप्य कुराहरू आवश्यक अवस्थामा सम्बन्धित अधिकारीसमक्ष वा मेरो पदको कर्तव्य पालनको सिलसिलामा बाहेक प्रज्ञा-प्रतिष्ठानको पदमा बहाल रहेको वा नरहेको जुनसुकै अवस्थामा पनि लेखेर, बोलेर वा अन्य कुनै माध्यमबाट पनि प्रकट गर्ने छैन भनी म परमेश्वर र आफ्नो अन्तर-आत्मालाई साक्षी राखेर सपथ लिन्छु ।

मितिः

हस्ताक्षरः



> श्रमलाई पूजनीय बनाएर नै इतिहासमा केही उन्नत कामहरू भएका छन् । भारतमै पनि महात्मा गान्धीले चलाएको आन्दोलन श्रमलाई पूजनीय बनाउने आन्दोलन नै थियो ।

तपाई फिजिसिस्ट, भौतिक शास्त्रका प्राध्यापक हनुहुन्छ भने तपाईले भौतिक कुराहरुलाई त मान्नु पऱ्यो नि ! होइन, तपाईलाई त्यही कुरामा मात्र विश्वास रहेन र धर्म तथा मनोवैज्ञानिक सवालमा पनि केही रहेको लाग्यो भने दुईटैलाई संगै मिलाएर हिँड्ने आँट पनि त गर्नुपर्छ नि ! यसो गर्दा तनाव त हुन्छ नै । तर यस तनावबाट नयाँ आविष्कारको सम्भावना पनि त हुन्छ ! तर यस्तो अभ्यास पनि यहाँ देखिँदैन । यहाँ त भाग्यवाद बढी प्रभावी भएको देखिन्छ । हुन त तपाईले भनेको कुरा पनि ठीकै हो, तर यहाँ यस्तै छ, के गर्ने ? भन्ने जस्ता कुराहरु मान्छेहरु गर्ने गर्छन् । कमसेकम आफ्नो विषयको मर्मलाई त छोड्नु भएन नि !

नेपालका एक प्रमुख कम्प्युटर वैज्ञानिक कम्प्युटर केन्द्रको पहिलो हाकिम भएर पनि पछि गएर पशुपति विकास कोषको पनि हाकिम बन्न पुगे । व्यक्तिगत रुपमा धर्ममा आस्था होला, नहोला, त्यो अर्कै विषय भयो । तर एक कम्प्युटर वैज्ञानिक भएर सामाजिक रुपमै देखिने गरी पशुपति विकास कोषको हाकिम बन्न जानु भनेको साह्रै नै अमिल्दो र अनौठो कुरो हो ।

हाम्रो समाजको समस्या के हो भने, नेपाली समाजमा उदाहरणीय अथवा अनुकरणीय व्यक्तिहरु (Role Model) भएनन् । भर्खर हुर्केको बच्चाले भविष्यमा ऊ के बन्दा ठीक होला भनेर हेरिराखेको हुन्छ । अब उसले कसलाई हेरेर आफ्नो भविष्यको चित्र कोर्ने ? हामीले हाम्रो समाजमा राम्रो वैज्ञानिक काम गरेकाहरुलाई कति नै पुरस्कृत गरेका छौं त ? यहाँ फेरि पनि पुरस्कारकै कुरा आउँछ । हामीले कोही व्यक्तिलाई वैज्ञानिक बन्न प्रेरित गर्ने के नै त्यस्तो व्यवस्था गरेका छौं त ? त्यस्तो त केही छैन । अहिले अलि अलि भए पनि विज्ञान र प्रविधिमा राज्यबाट तक्मा पाउनेहरु पनि धेरैजसो कमिशन एजेण्टका 'हनुमान'हरु रहेछन् !

भारतमा हेर्दा केही न केही अनुकरणीय व्यक्तिहरु निस्के । जस्तो कि, भर्खरै मात्र अमर्त्य सेनले अर्थशास्त्रमा नोबेल पुरस्कार पाए । त्यस्तै सि.भि. रामन, चन्द्रशेखर, बोस आदि व्यक्तिहरु अनुकरणीय व्यक्तिको रुपमा अगाडि आए । हामीकहाँ त फन्टुस राजनीतिज्ञहरु मात्र अनुकरणीय व्यक्तिको रुपमा अगाडि छन् । अनि यस्तो अवस्थामा विज्ञान र वैज्ञानिक संस्कारको विकास हामीकहाँ कसरी होस् त ?

माथि पनि भनियो कि, श्रमलाई पूजनीय बनाएर नै इतिहासमा केही उन्नत कामहरु भएका छन् । भारतमै पनि महात्मा गान्धीले चलाएको आन्दोलन श्रमलाई पूजनीय बनाउने आन्दोलन नै थियो । रुसमा बोल्शेभिकहरुले गरेको क्रान्ति र चीनमा माओले गरेको क्रान्ति पनि श्रमलाई पूजनीय बनाउने कुरो नै थियो । त्यसैले म के भन्छु भने, बोल्शेभिक क्रान्ति, गान्धीको आन्दोलन र माओको क्रान्ति यी तीन मुख्य क्रान्तिहरुमा श्रम भन्ने चीजलाई पूजनीय बनाइयो । हामीकहाँ यो दिशामा जानुपर्नेहरुले नै आफूलाई 'पजेरो पूजनीय'मा बदल्न थालेपछि श्रम पूजनीय कसरी हुन्छ त ? र, श्रम पूजनीय नभइकन यहाँ वैज्ञानिक संस्कारको शुरुवात कसरी हुन्छ ? ❑


## सार्थक पत्रकारिताका निम्ति समर्पित एउटा बौद्धिक-वैचारिक अभियानः नव युवा

मूल्यांकन मासिकको सहकर्मी

**नव युवा** मासिक

युवाहरूको मासिक खुराक
तपाई निम्ति पनि उपयोगी !
तपाईका छोराछोरीहरू,
भाइबहिनीहरूको निम्ति पनि उपयोगी !!
समस्त युवाहरूको निम्ति उपयोगी !!!










**स्वस्थ, सार्थक, प्रगतिमुखी, रोचक र ज्ञानबर्द्धक सामग्रीहरुको संगालो !**

❑ के तपाईले किनेर पढ्नु भयो ? ❑ के तपाईले किनेर घर लगिदिनुभयो ?

❑ तपाईले नै लामो समयअघिदेखि खोजिरहनु भएको, प्रतीक्षा गरिरहनु भएको प्रकाशन

❑ नयाँ अंक हरेक महिना बजारमा आइरहेछ !!

❑ नेपालमा पत्रपत्रिकाहरू पुग्ने सबै जिल्लाहरू र गाउँहरूसम्म पनि नव युवा पुग्छ ।

◆ सिलुगढी, दार्जिलिंग, सिक्किम, कलकत्ता, नयाँ दिल्ली, गोरखपुर, मद्रास लगायत भारतका विभिन्न स्थानहरू एवं अरब मुलुकहरू, जापान, कोरिया, अमेरिका, हंगकंग, बेलायत, क्यानडा आदि देशहरूमा समेत यो नियमित रूपमा पुग्छ ।

❑ नव युवा रूपी यस अभियानलाई तपाई पनि सघाउनु होस् —

-नियमिति किनेर पढिदिएर । यसका विशेषताहरू बताएर अरूलाई पनि यो किनेर पढ्न प्रेरित गरेर र प्रतिक्रिया एवं सुझावहरू पठाएर ।

-लेख-रचनाहरू पठाएर । *(अप्रामाणिक र भरपर्न नसकिने मनगढन्त सूचना-स्रोतहरूका आधारमा लेखिएका रचनाहरूको कुनै विश्वसनीयता नहुने हुनाले ज्ञानबर्द्धक लेख-रचनाहरू पठाउँदा विश्वसनीय स्रोतका आधारमा लेखी सो स्रोतहरू पनि खुलाई पठाउन हुन अनुरोध छ ।)*

◆ नव युवामा विज्ञापन दिनु भनेको आफ्नो उत्पादन वा सेवाका लक्षित समूहहरूमा व्यापक रूपले सजिलै पुग्नु हो । यसमा विज्ञापन दिनुहोस् र आफ्नो व्यवसायमा अभिबृद्धि गर्नुहोस् ।

❑ स्मरणीय छ, हामी चुरोट, खैनी, सुर्ति, जुवा र रक्सीको विज्ञापन भने प्रकाशित गर्दैनौं ।

**अन्तर्क्रिया प्रकाशन प्रा. लि.**



# कमरेडको भैंसी

◆ विमल निभा ◆

*सेन्ट्रल डिपार्टमेन्टल स्टोरबाट निस्कदै गर्दा कमरेडपुत्रले प्रस्ताव राख्यो, "डैडी आइसक्रिम खाने।" "निरुलाजमा।" कमरेडपुत्रीले थपी, "डैडीको कम्पनीको आइसक्रीम खाँदा खाँदै बोर भइसकें। म त निरुलाजकै खान्छु। हुन्न र ममी?"*

सरकारी डेयरीको मुख्य हाकिम भइसकेका कमरेडलाई एकदिन आफ्नो भैंसीको सम्झना भयो। उनी उदास भए। टेबुलमा फाइलको डुङ्गुर थियो। तर कमरेडलाई कुनै फाइल पनि पल्टाउन मन लागेन। उनको चेतनामा भैंसी सवार थियो। चिल्लो, कालो र स्वस्थ भैंसी।

प्रसिद्ध कथाकार रमेश विकलको 'लाहुरी भैंसी' भन्दा कमरेडको भैंसी कम थिएन। कमरेडलाई आफ्नो भैंसी अति प्यारो लाग्थ्यो। किनभने, दूधको आर्जनले उनी हुर्केका थिए। गाउँ छाडेको धेरै भइसकेको थियो।

कमरेडले घण्टी थिचे। एकक्षणमै पिउन हाजिर।

"जितमान, एउटा कफी बनाऊ।"

"कालो कफी कि दूध भएको हजूर?" जीतमान ठीङ्ग उभियो।

"आज दूध भएको बनाऊ। भैंसीको दूध भएको!" एक्कासी कमरेडले भने।

"तर हजूर, हाम्रो आफ्नै आफिसको दूध मात्रै छ।" जितमान्ले कुरो नबुझेर भन्यो।

"के डेयरीको दूध भैंसीको होइन?" कमरेडले विचित्र नजरले जितमानलाई हेरे।

"कुन्नि, हजूर।"

"मेरो विचारमा यसमा भैंसीको दूध मिसिएको हुनुपर्छ। अवश्य! भैंसीको दूध पनि दूध नै हो क्यारे!" कमरेड घोरिए। त्यसपछि भने, "जाऊ, प्रशासन अधिकृतलाई बोलाऊ।"

"हस् हजूर।" पिउन बाहिरियो।

केही समयपश्चात प्रशासकीय अधिकृत कोठामा छिरे, "सरले बोलाउनु भएको?" र, दुवै हात जोडेर कमरेडअघि उभिए।

"मानिकजी, यहाँको दूधमा के मिसिएको हुन्छ?"

प्रसंगबाट अनभिज्ञ भएर मानिकजी दाँत डिच्च पारेर उभिइरहे।

"भन्नोस् मानिकजी?" कमरेडले जोड दिए।

"दूध नै मिसिएको हुन्छ सर।" मानिकजीले भने।

"होइन, मेरो भनाइ के हो भने, यो दूधमा भैंसीको दूध मिसिएको हुन्छ कि हुँदैन?"

प्रशासकीय अधिकृत मानिकलाल प्रधान यो सुनेर छक्क परे। केही बुझेनन्। अलिक सोचेर भने- "सर, यो टेक्निकल कुरा पर्‍यो। यस विषयमा कृष्णरामजीसंग सोध्नु बेस हुन्छ। उनी टेक्निकल फाँटमा छन्।" मानिकजीले पहेंलो दाँत देखाए, "कृष्णरामजीसंग सबै विस्तृत बुझेर म सरलाई रिपोर्ट गर्छु। हुँदैन सर?"

"हुन्छ। छिट्टै गर्नोस्।" कमरेडले स्वीकृति जनाए।

प्रशासकीय अधिकृत हतारसाथ बाहिर निस्के।

कमरेड चिन्तनशील मुद्रामा घुम्ने मेचमाथि घुम्न थाले।

पी. ए. ले फोन आएको संकेतमा घण्टी थिच्ने। कमरेडले रिसिभर उचाले, "हल्लो।"



व्यंग्यकार

"हल्लो, म सरस्वती।" उताबाट नारी स्वर आयो। यो हाकिमनी साहेबको आवाज हो। कमरेडकी श्रीमती। पहाडमा एउटी छिन्। यी शहरकी पढेलेखेकी धर्मपत्नी। अर्थात् धर्मपत्नी नम्बर दुई।

"ए...।" कमरेडले भने।

"आज हजूरलाई फुर्सद छ?"

"किन?"

"बाबु र मैयाँ घुम्न जाने भनेर कचकच गरिरहेका छन्। बिदामा घर आएका छन्। घुमाउन पनि त पर्‍यो। कति घरमै कोचेर राख्ने?" श्रीमती कमरेडले भनिन्- "फुर्सद निकाल्नु पर्‍यो हजूरले।"

"कहाँ जाने?" कमरेडले सोधे।

"आज यसो न्युरोडतिर जानु पर्ला। दशैंको किनमेल पनि त गर्नु पर्‍यो। होइन र? गाडी पठाइदिनोस्। हजूर पनि आउनु भए हुन्छ। संगसँगै घुम्नजाने। खाना पनि बाहिरै खाने। हुन्न हजूर?" हाकिमनीले भनिन्।

"मिटिङ्ग छ।"

"जहिले पनि मिटिङ्ग। यो के ताल हो?" श्रीमती कमरेड रुष्ट भइन्।

"हुन्छ, हुन्छ आउँला।" कमरेडले कुरो टुंग्याए।

कमरेड ब्रिफकेस बोकेर अफिसबाहिर निस्के। घरबाट श्रीमती र छोरा-छोरी लिएर न्युरोडतिर लागे। साडी, पैंट, टिसर्ट, सैण्डल, जुत्ता, मोजा, टाई आदि खरीद गरिसकेपछि हाकिमनीले भनिन्- "हजूर, एउटा कुरा भनूँ है।"

"हुन्छ।"

"पूरा गरिदिने वचन दिनोस्।"

"कस्तो वचन?" कमरेडले भने।

"पहिले वचन दिनोस्।" श्रीमती कमरेडले जिद्दी गरिन्।

"हुन्छ। भन।"

"हजूर आज एउटा हीराको औंठी पनि लिइदिनु पर्‍यो।"

"पैसा छैन।"

"यसरी ढाँट्नु भएन हजूर!"

"पछि किनिदिउँला।"

"पक्का?"

"पक्का।" अन्ततः कमरेडले वाचा गर्नै पर्‍यो।

सेन्ट्रल डिपार्टमेन्टल स्टोरबाट निस्कदै गर्दा कमरेडपुत्रले प्रस्ताव राख्यो, "डैडी आइसक्रिम खाने।"

"निरुलाजमा।" कमरेडपुत्रीले थपी, "डैडीको कम्पनीको आइसक्रीम खाँदा खाँदै बोर भइसकें। म त निरुलाजकै खान्छु। हुन्न र ममी?"

सबै सहमत भए।

कमरेड परिवार न्यूरोडको चर्चित पसल निरुलाजमा प्रवेश गरे।

श्रीमती र छोराछोरी स्वाद मानेर आइसक्रीमको रसास्वादन गर्न थाले। कमरेडचाहिं टेबुल अघिल्तिर थपक्क आइसक्रिम राखेर टोलाइरहेका थिए। यो उनको सोच्ने नितान्त निजी शैली थियो। अर्थात् कमरेड अहिले गम्भीर चिन्तन-मननमा व्यस्त थिए। कुन्नि, विषय के थियो- गाउँ, राजनीति, दूध, देश, हीराको औंठी, सरकार, डीपार्टमेन्टल स्टोर, मिटिङ्ग, पार्टी अथवा भैंसी? जे पनि हुनसक्छ। श्रीमती कमरेडले उनको मुखमुद्रातिर हेरिन्। अनि सोधिन्- "के भयो हजूरलाई?"

"केही भएको छैन।"

"त्यसो भए आइसक्रीम किन खानु हुन्न?"

"के भैंसीको दूधले आइसक्रीम बन्छ?" एकाएक कमरेडको मुखबाट 'भैंसी' शब्द निस्क्यो।

यो के भएको हो? कमरेड आफैं छक्क परे। श्रीमती कमरेड र छोरा-छोरी पनि पक्क परेर कमरेडलाई हेर्न थाले। ◻


तेलको थोपा थोपा बचाऔं
बढ्दो इन्धन खर्च घटाऔं

विजयादशमीको शुभ उपलक्ष्यमा
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

२०५५ नेपाल आयल निगम
परिवार

# यसरी कविहरूले कविता र छन्दकै बेइज्जति गरे !




तीन महिनाअघि मात्र एउटा कविता संग्रह प्रकाशित भएको छ- 'भूपाल अर्चना' नामको ।

५२ जना कविहरुले लेखेका छन्दोबद्ध कविताहरु संकलन गरी तयार गरिएको यो कविता संग्रह नेपाली साहित्यका क्षेत्रमा आजकाल नकारात्मक चर्चाको शिखरमा रहेको छ ।

**-यसले स्तुति-लेखनको घिनलाग्दो परम्परालाई पुनः ब्यूँताउने कोशिस गरेको छ !**

**-यसले नेपाली लेखकहरुको प्रतिष्ठामा आघात पारेको छ ।**

**-यसले कविता र छन्द स्वयंकै बेइज्जति गरेको छ ।**

यस्ता चर्चाहरु यसबारे चलिरहेका छन् ।

आफ्नो नाममा 'भूपालमान सिंह कार्की प्रज्ञा परिषद' खोली नेपाली भाषा साहित्यका क्षेत्रमा ठूलो रकमराशीको पुरस्कारहरु स्थापना गरेका जनरल भूपालमानसिंह कार्कीको प्रशंसाले यो पुस्तक सिंगै भरिएको छ ।

समाजमा कसैले कुनै तरीकाले प्रशस्त सम्पत्ति कमायो र उसले कुनै कलाविधाका कर्मीहरुलाई पुरस्कार दिने गरी त्यस सम्पत्तिबाट पैसाको खोलो बगायो ।

यस्तो स्थितिमा समाजले यस घटनालाई दुई प्रकारले हेर्ने गरेको छ ।

एक दृष्टिकोण छ, कमाउनेले कसरी कमायो ? त्यसको स्रोत के ? पुर्खौली सम्पत्ति भए त्यसको पनि स्रोत के ?

-यो कुरोको छानबीन गरी त्यो सम्पत्ति जनता मारेर कमाइएको हो होइन, छुट्याउने । त्यसपछि, त्यो कलाविधाप्रति हिजो उसको दृष्टिकोण र रुची कस्तो थियो ? त्यो कुरा छुट्याउने । आम जनताप्रति व्यवहारमा उसले कस्तो रबैया अप्नाउँदै आएको थियो ? राजनीतिक-सामाजिक आन्दोलनमा उसको योगदान कतापट्टि थियो, अग्रगामितापट्टि कि यथास्थितिपट्टि कि, प्रतिगमनपट्टि ? अथवा प्रजातन्त्र र प्रगतिशीलतापट्टि कि निरंकुशतन्त्रपट्टि ? यी कुराहरुलाई खुट्याएर व्यक्तिको नैतिक आचरण समेतको ख्याल गरी यो दृष्टिकोणका बाहकहरुले संबन्धित व्यक्ति र उसको 'दान' प्रति धारणा बनाउने गर्छन् । यसबाहेक, त्यस 'दान' ले देशमा अग्रगामी या प्रतिगामी कुन प्रवृत्तिको 'कला कर्म'लाई प्रोत्साहन गर्न खोजेको छ ? त्यस 'दान' को संचालनविधि प्रजातान्त्रिक छ कि छैन ? 'दान' ले स्रष्टाहरुमा स्वाभिमानको पक्षमा काम गर्छ कि चाकडी र 'दया' को पक्षमा काम गर्छ ? यी कुराहरुको पनि ख्याल गरी उनीहरुले 'दान' र 'दाता' दुबैको 'मूल्यांकन' गर्ने गर्छन् । समग्रमा, यी कुराहरु जनपक्षीय लागेमा मात्र त्यो 'दान' सकारात्मक र दाता पनि सकारात्मक ठहरिने हुन्छ ।

अर्को दृष्टिकोण छ, जसले दानको राशी मात्र हेर्छ र यत्तिकै भरमा 'दाता'को प्रशंसा गर्छ । आयस्रोतको प्रकृति, व्यक्तिको जीवनको जम्मा योगदानको दिशा, दानको ध्येको दिशा र प्रजातान्त्रिक संचालन विधि आदिबारे यसले वास्ता गर्दैन ।

**किताब छाप्न लगानी गर्ने स्वयं भूपालमान सिंहहरूले पनि आफैंले प्रयत्न गरी गराइएको आफ्नो प्रशंसाको मूल्य हुन्न भन्ने 'सामान्य ज्ञान' राख्नु राम्रै हुन्थ्यो ।**

'भूपाल अर्चना'मा संकलित कविताहरु दोस्रो दृष्टिकोणबाट लेखिएका कविताहरु हुन् । यो दृष्टिकोणमा पनि यथार्थवादी धाराको हैन, हचुवा र चाकडीमुखी लेखनधाराको प्रतिनिधित्व यसले गरेको छ । यसमा 'दाता' भूपालमानसिंहको र उनको 'दान'को आँखा चिम्लेर प्रशंसा गरिएको छ । प्रशंसा पनि 'स्तुति' को स्तरमा झरेर गरिएको छ । पुस्तकको शीर्षक स्वयं 'भूपाल अर्चना' रहनुले स्वयं पनि यसको झल्को प्रस्तुत गरेको छ ।

'अर्चना' को अर्थ पूजा वा सत्कार हो । कुनै दाताको नाममा 'पूजा' वा सत्कारै गरिहाल्न कविहरुले पनि तीनपल्ट सोच्नु जरुरी थियो । किताब छाप्न लगानी गर्ने स्वयं भूपालमान सिंहहरुले पनि आफैंले प्रयत्न गरी गराइएको आफ्नो प्रशंसाको मूल्य हुन्न भन्ने 'सामान्य ज्ञान' राख्नु राम्रै हुन्थ्यो ।

**यदि कविता, कविहरू र छन्द यस्तै 'अर्चना' हरूका निम्ति प्रयुक्त हुने हुन् भने ती तीनवटै कुराहरू बलियो हैन, झन् झन् कमजोर हुने छन् ।**

प्रकाशक 'नई प्रकाशन' का नायक नरेन्द्रराज प्रसाई त विगतमा पंचायती व्यवस्थाभित्र 'स्तुति' गान र 'अति प्रशंसा' का नामुद 'व्यापारी' कै रुपमा परिचित व्यक्ति हुन् । उनको जालमा पंचायती निरंकुशतन्त्रका पक्षपाती कविहरु फस्नु कुनै अनौठो कुरा थिएन । तर यस संग्रहमा प्रजातान्त्रिक र प्रगतिशील विचारतिर झुकाव राख्ने केही कविहरु पनि फस्न पुग्नु चाहिं अचम्मकै कुरा भएको छ ।

◆ *'सच्चा वीर सपूत सुन्दर ठूलो ऐश्वर्यले उन्नत !' ... छोटो जीवनका अनन्त धन हे, सत्कर्म चुडामणि !'*

◆ *भूपालमान दिलका सरदार दानी श्रद्धेय बृद्ध वयका, मुनितुल्य ज्ञानी !*

◆ *'त्यो कीर्ति व्यासको सच्चा रुप फल्यो हिमालमा ।'*

◆ *'...देशद्रोही परिहरणमा वीर भूपालमान !'*

◆ *'सन्तान बाईस भए पनि एक मात्र ज्यूँदा उहाँ रहनु भो कूलका प्रदीप !'*

◆ *'तिमी हौ राष्ट्रका रुप, तिमी हौ राष्ट्रका गुरु'*

◆ *'तपस्वी मान्य हे हाम्रा भूपालमान सिंहजी '*

◆ *'आज भुपाल दाजिन्छ विष्णुको महिमासंग'*

◆ *ज्ञान विज्ञानका द्रष्टा तिमी साहित्यका कला...'*

यस्ता यस्ता थुप्रै प्रसंगहरुद्वारा यस संग्रहका कविहरुले भूपालमानको अर्चना गरेका छन्, जसमा चाकडी पनि प्रशस्तै भेटिन्छन् । कंचन पुडासैनी, कलानिधि दाहाल, कृष्णप्रसाद पराजुली, केदार त्यौपाने, खेमराज केशव शरण, घटराज भट्टराई, धर्मराज थापा, प्रल्हाद पोखरेल, डा. भूपहरि पौडेल, मोहन सिटौला र श्रीहरि फुयाँलदेखि हेमचन्द्र नेपालसम्मको सहभागिता रहेको यस पुस्तकको भूमिकामा प्रकाशक नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईले नेपाली साहित्यमा छन्द परम्परा हराएर जान लागेकोमा यसलाई बलियो बनाउन यो संग्रह निकालेको आशय व्यक्त गरेका छन् ।

तर वास्तवमा यदि कविता, कविहरु र छन्द यस्तै 'अर्चना' हरुका निम्ति प्रयुक्त हुने हुन् भने ती तीनवटै कुराहरु बलियो हैन, झन् झन् कमजोर हुने छन् । समग्र नेपाली साहित्यलाई राणाकालीन एवं पंचायतकालीन पिछडापनहरुबाट मुक्त गराई आम जनतामा रुचीकर बनाउनु र स्थापित गराउनु जरुरी भएको वर्तमान समयमा तिनै पिछडापनहरुतिर यसलाई यसरी धकेल्दै जाने हो भने साहित्य आम जनताबाट झन् झन् टाढा हुने निश्चित छ ।

कारण, यो कविता-संग्रहका माध्यमबाट कविता र छन्द स्वयंको बेइज्जति भएको छ ।

◆ **हरिगोविन्द लुइँटेल**

# दुई कविताहरू

◆ रामविनय



*नेपाली प्रगतिशील साहित्य क्षेत्रमा लामो समयअघिदेखि कलम चलाइरहनु भएका एकजना सक्रिय कविको नाम हो- रामविनय ।*

*यसपल्ट हामी हाम्रा पाठकहरूसमक्ष प्रस्तुत गर्दैछौं- रामविनयका दुई नयाँ कविताहरू ।*

*-मूल्यांकन*

## इतिहास भूगोल

विगतमा मरेकाहरूमध्ये
बचेकालाई बचाउनु
आवश्यक छ यो भूगोलमा ।

❑

इतिहासमा बाँचेकाको
अमरत्वलाई बचाउनु
आवश्यक छ इतिहासमा ।

❑

कोही कोही
आफू उभिने धरती
भाँसिएकोमा पनि
बेखबर भएर बसेका छन्
भूगोलमा ।

❑

परमाणु बमको हुँकारमा
अजिङ्गर पस्दैछ
नालापानी हुँदै कालापानीमा
धेरैतिरबाट निल्न खोज्दैछ-
भूगोललाई
लत्याएर इतिहासलाई ।

❑

कोही आफ्नो दरिलो स्वभावलाई
रूपान्तर गरेर कातरपनमा
टुलुटुलु हेरिबसेको छ
भूगोलमा ।

❑

इतिहासको गौरवगाथा
गाएर नथाक्नेहरू कोही
आपसमा चर्किएर,
चोईटिएर, टुक्रिएर
कुटाकुट गरी लडिरहेछन्
आफ्नो बर्चस्व-
अरूलाई लुटाइरहेछन्
एउटै भूगोलमा ।

❑

इतिहास सच्चाउन
जमर्को गर्नेहरू कोही
जबरजस्ती उत्रिरहेछन् भूगोलमा ।
उथलपुथलको स्वभावदेखि तर्सिएर
कोही जङ्गली हिंसामा नाचिरहेछन्
लासको थुप्रोमा-
गिद्धझैं रमाइरहेछन्
भूगोलमा ।

❑

धेरै सचेतन ग हातहरू
आपसमा सल्बलाइरहेछन्
वास्तविकता बोध गर्न इतिहासको ।
डटेर सामना गर्न-
छेपारे र हिंसालु स्वभावको ।
कातरपनलाई
निचोरेर फाल्न
मुटु र मस्तिष्कबाट
यो भूगोलमा ।

❑

इतिहासले सिकाएको
भूगोलले बिउँझाएको
धेरैको माग छ-
इतिहासलाई उठाउने ।
भूगोललाई बचाउने ।
यो भूगोलमा । ◆


हरिगोविन्द लुइँटेलका
छोटा कथाहरूको संग्रह
'समय र पोखरी'
छिट्टै प्रकाशित हुँदैछ !


## हेलिकोप्टर



१

हरियो पहाडमुनिको
सुनसान गाउँमा
ठूलो आवाज गरेर
हेलिकोप्टर आयो
खडके लाटोले सम्झ्यो-
गाउँमा अब विकास आयो ।
चामलको बोरा आयो
अनिकाल टर्ने भयो ।

२

निकै उत्साही बनेर
खडके लाटो
हतारिंदै
दौडिंदै
बारी कान्ला नाघ्दै
हेलिकोप्टर नसैनिर गयो
चामलको बोराको आशामा
एकोहोरिएर हेरिबस्यो ।

३

एकछिनपछि
उसले चामल हैन, बन्दूक देख्यो
हेलिकोप्टरबाट
गोली ताक्दै निस्केका
बन्दूकेहरू देख्यो ।
ऊ छक्क पऱ्यो
ऊ तर्सियो
ऊ आत्तिएर भाग्यो ।
बन्दूकेले ठान्यो-
भाग्ने अवश्य आतंकवादी हो,
गोली बर्षायो ।
बारीको कान्लानिर पुग्दा नपुग्दै
ऊ ठहरै पऱ्यो
उसले भरखरै तातो गोली खायो
विकासे सपनामा-
विकासे गोली खायो ।

४

गाउँमा हल्ला फैलियो
एउटा आतंकवादी
दोहोरो भीडन्तमा मारियो
(शायद अखबारमा पनि छापियो)

५

खडके लाटोको भाइ
छक्क परेर हेर्छ
आफ्नो दाजुको लासलाई ।
सोध्छ आफैलाई-
कहिलेदेखि भएछ
यो दाजु आतंकवादी ?
को होला त्यो आतंकवादी ?
जसले उसलाई बनायो आतंकवादी ?
खडके लाटोको भाइ
अनि गाउँका अरूहरूले
उसमा रहेको आतंकवादलाई
ओल्टाई कोल्टाई खोजिरहयो
लास सेलाउनुअघिसम्म
खोजिरहे
यो लाटो कहिलेदेखि भएछ
आतंकवादी ?

६

पहिले पहिले रमाउँथे मानिसहरू
खुसी हुन्थे मानिसहरू
चामल बोक्ने हेलिकोप्टर देखेर
अनिकाल टार्ने हेलिकोप्टर भनेर
तर अहिले मानिसहरू
घृणा गर्छन् हेलिकोप्टरलाई
बन्दूकेलाई ओसार्ने भनेर !

७

त्यसैले होला
फलाँटेमा बस्न दिएन रे हेलिकोप्टर !
लखेटे रे हेलिकोप्टर !
मान्छे मार्ने हेलिकोप्टर !
मालकोटको खडके लाटोलाई जस्तै
फलाँटेको लाटोलाई नमारोस् भनेर ।
थुकेका छन् रे मानिसहरूले
हेलिकोप्टरलाई
आतंक मच्चाउने
हेलिकोप्टरलाई ! ❑

# भजनियाँ संस्कृति र द्वन्दात्मक भौतिकवादको साइनो के ?

◆ चन्द्रदेव नेपाली ◆

"लौ, 'मूल्यांकन' ले त हाम्रो पार्टी एमालेको खेदो खन्न थाल्यो, अब यो पत्रिका पढ्नु हुन्न !"

◆ "लौ 'मूल्यांकन' ले त हाम्रो पार्टी माओवादीको खेदो खन्न थाल्यो, अब यो पत्रिका पढ्नु हुन्न !"

◆ "नेकपा मसालका विरुद्ध 'मूल्यांकन' मा लेख छापियो, अब 'मूल्यांकन' बारे गंभीर रुपले सोचनु जरुरी छ ।"

विभिन्न समयमा विगतमा नेकपा एमाले, नेकपा माओवादी र नेकपा मसालका केही कार्यकर्ताहरुले भन्दै हिँड्ने गरेका कुराहरु हुन् यी ।

ती ती समयहरुमा यस्ता कुराहरु उठ्ने गर्छन्, जब मूल्यांकनमा ती कुनै वाम पार्टीको कुनै नीतिविशेषको आलोचना गरिएका रचनाहरु छापिने गर्छन् ।

❑ "अब त 'मूल्यांकन' पढ्नै मन लाग्दैन । किनभने, यसले मालेलाई सपोर्ट गर्न थाल्यो !"

◆ "को पढ्नु अब 'मूल्यांकन', किनभने यसले मसाल र एकता केन्द्रको भाषा बोल्दैछ !"

❑ "'मूल्यांकन' मा मसाल र एकता केन्द्रको 'सरकारमा नजाने' लाइनको आलोचना गरिएका लेख रचनाहरु छापिए, लौ 'मूल्यांकन' एमालेतिर लाग्यो । हाम्राविरुद्ध यसले 'जेहाद' छेडिरहेछ ।" आदि आदि ।

यी खालका कुराहरु सिंगै रुपमा ती ती पार्टीका सबै नेता-कार्यकर्ताहरुले भन्ने गरेका, भन्दै हिँडेका कुराहरु पक्कै हैनन् । तर ती ती पार्टीका केही नेता-कार्यकर्ताहरुले चाहिं अवश्यै भन्दै हिँडेका कुराहरु हुन् ।

हाम्रो आन्दोलनमा कतिपय व्यक्तिहरुमा प्रवृत्तिको रुपमा रहेको एउटा रोग हो यो- आलोचना भन्ने कुरालाई पटक्कै नसहने रोग ।

यद्यपि, सबै वाम पार्टीहरुमा र तिनका वरिपरि आलोचनालाई सकारात्मक रुपमा लिने, यसलाई आफ्नो निम्ति 'ऐना' को रुपमा लिने र त्यस आलोचनामाथि वाद-प्रतिवाद गर्न रुची गर्ने र आलोचना सही ठहरिएमा आफूले आफूलाई सच्याउन तयार हुने व्यक्तिहरु पनि छन् । कुनै पार्टीमा कम र कुनैमा बेसी होलान्, वा कुनैमा अपवादकै रुपमा मात्रै होलान्, त्यो बेग्लै कुरा हो । तर पनि स्वस्थ आलोचनाको मर्म बुझेका मानिसहरु आन्दोलनमा नभएका हैनन् । यो हाम्रो आन्दोलनको अत्यन्त सकारात्मक पाटो हो ।

तर यो सकारात्मक पाटो, समग्रमा भने, जति सबल हुनु पर्ने हो, त्यति सबल छैन । यो चाहिं चिन्ताको विषय हो ।

फूटका र गुट संकीर्णताका कारण एवं विवाद संचालन गर्ने वैज्ञानिक पद्धतिको अभावका कारण कतिपय आलोचनाहरु नै पनि अस्तरीय, अवसरवादीतायुक्त, गालीगलौजयुक्त हुने गरेका छन् । निश्चय नै यो चिन्ताको विषय हो । तर यसको अर्थ, अरुले आफ्ना बारेमा गरेका प्राज्ञिक र वैचारिक स्तरका आलोचनालाई पनि सहन नगर्नु चाहिं बिल्कूलै जायज कुरा हैन । तिनलाई त खोजी खोजी स्वागत गर्नु पो जरुरी हुन्छ । कारण, आफूले इमान्दारीपूर्वक काम गर्दा पनि बेहोसीमा, हतारोमा, अज्ञानतावश वा पूर्वाग्रहवश गल्ती कमजोरीहरु भएका हुन सक्छन् । तिनलाई खुट्टयाउन जति अरुले सक्छन्, त्यति आफूले सकिन्न । त्यसैले, जिम्मेवार पार्टी वा कार्यकर्ताहरुले जिम्मेवार आलोचनाहरुलाई स्वागत गर्ने गरेको कुरा विश्वकै जनवादी आन्दोलनमा उज्याला पक्षका रुपमा ठाउँ ठाउँमा अंकित भएका छन् । "बेइमान मित्रभन्दा इमान्दार शत्रु उपयोगी" हुन्छ भने जस्ता कहावतहरु यसै सन्दर्भमा जन्मिएका हुन् ।

गणेशवादको प्रसंग



माथि उल्लेख गरिएको चिन्ताको विषयको सन्दर्भलाई केलाउने क्रममा हामी हाम्रो आन्दोलनमा केही मानिसहरु यस्ता पनि भेट्छौं, जो आलोचनालाई पटक्कै नरुचाउने मात्र गर्दैनन्, तिनीहरु त हरेक आलोचनालाई 'गाली' ठान्ने गर्छन् । तिनको थप विशेषता के पनि रहेको छ भने, तिनीहरु आफू पनि अरुलाई 'आलोचना' गर्न जान्दैनन्, 'गाली' मात्रै गर्न जान्दछन् । ठूला गालीगलौजका शब्दहरु प्रयोग गरी अरुको खेदो खन्ने काम गर्न मात्र उनीहरु रुची राख्दछन् ।

"अब त 'मूल्यांकन' पढ्नै मन लाग्दैन । किनभने, यसले मालेलाई सपोर्ट गर्न थाल्यो !"

◆ उनीहरु 'मूल्यांकन'ले आफ्ना पानाहरुबाट उनीहरुको पार्टीको सकारात्मक पक्षहरुप्रति गरिएका प्रशंसा र प्रस्तुत गरिएका सकारात्मक धारणाहरु, बौद्धिक बैचारिक स्तरको समर्थनबाट भने खुसी हुन्छन् तर त्यही 'मूल्यांकन' ले जिम्मेवारीपूर्वक प्रस्तुत गरेका आलोचनाहरुलाई भने, गुनासा र

टिप्पणीहरुलाई भने 'खेदो खन्न थालेको' भन्ने ठान्दछन् । प्रसंग मात्र एमालेको हो, सन्दर्भ सबै पक्षका माथि उल्लिखित खालका दलहरुको हो । र, 'मूल्यांकन' पनि प्रसंगवश प्रस्तुत गरिएको एक उदाहरण मात्र हो ।

❑ 'मूल्यांकन' मा गरिएको आफ्नो पक्षको आलोचनाबारे सोच्नु जरुरी छ कि छैन ? 'मूल्यांकन' ले ठीक लेखेको रहेछ भने स्वीकार्न जरुरी छ कि छैन ? 'मूल्यांकन' ले बेठीक लेखेको रहेछ भने त्यसको खण्डन लेख्नु जरुरी छ कि छैन ?

-यो कोणबाट उनीहरु हेर्ने गर्दैनन् ।

◆ उनीहरु बस् 'मूल्यांकन' बारे नै पुनर्विचार गर्नुपर्ने तर्क दिन थाल्छन् । 'मूल्यांकन' नपढ्ने आग्रह व्यक्त गर्छन् ।

❑ 'मूल्यांकन'मा आएका लेखहरुमा उल्लिखित मतहरु विषय अनुसार र सन्दर्भवश कहिले कुन पार्टीसंग, कहिले कुन पार्टीसंग मिल्न पुग्छन् । यस आधारमा उनीहरु 'मूल्यांकन' लाई त्यही त्यही पार्टीको पक्षमा लागेको 'सस्तो प्रचार' गर्न मै बढी सजिलो मान्ने गर्छन । 'मूल्यांकन' मा आफ्नो असहमति लेखी छपाउने 'भ्रंभ्रट' गर्न उनीहरु चाहँदैनन् ।

वास्तवमा, हाम्रो आन्दोलनमा यो रोग अरु थुप्रै तरीकाले पनि व्यक्त भइरहेका छन् ।

❑ केही नेताहरु 'गणेशवादी' भएका छन्, 'कुमारवादी' भएका छैनन् । संसार परिक्रमा गर्ने छोरो कुमारलाई भन्दा बढी आफ्नो चाकडी गरी 'संसारै तिमी हौ' भनी आफूलाई परिक्रमा गर्ने छोरो गणेशलाई विशेष स्नेह गर्ने पुराणको पात्र 'महादेव' जस्तै छन् ती नेताहरु ।

**संसार परिक्रमा गर्ने छोरो कुमारलाई भन्दा बढी आफ्नो चाकडी गरी 'संसारै तिमी हौ' भनी आफूलाई परिक्रमा गर्ने छोरो गणेशलाई विशेष स्नेह गर्ने पुराणको पात्र 'महादेव' जस्तै छन् केही नेताहरू ।**

पार्टी वा आन्दोलनका खासै काम गर्ने कार्यकर्ताहरुलाई होइन, आफ्नै वरिपरि बसी आफ्नो प्रशंसा गर्ने कार्यकर्तालाई उनीहरु बढी महत्व दिने गर्छन् ।

❑ साँचो बोल्ने र आन्दोलनको पक्षमा बोल्ने स्पष्टवादी साथीप्रति अरुचीपूर्ण व्यवहार गर्ने, तर झुठमुठ बोलेरै पनि आफ्ना गल्तीहरुको समेत प्रशंसा गरिदिने साथीप्रति बढी नीकटता राख्ने यस्ता ठूला साना नेताहरु आन्दोलनमा प्रशस्तै छन् ।

◆ ती बुद्धिजीवीहरु र लेखकहरु केही नेता र पार्टीहरुका 'प्रिय पात्र' बन्ने गरेका छन्, जसले ती नेता र तिनको पार्टीका अक्षम्य वैचारिक गल्ती मात्रमा हैन, स्पष्ट प्राज्ञिक गल्तीमा पनि मौन बसिदिने गरेका छन् ।

❑ केही ठूला-साना नेताहरु केही अखबारहरु पढ्दै पढ्दैनन् । किनभने, तिनमा आफूबारे आलोचनाहरु छपिएका हुन्छन् । त्यसैले उनीहरु ती ती अखबारहरु मात्र पढ्छन्, किन्छन्, पढ्न सिफारिस गर्छन्, किन्न सिफारिस गर्छन्, जसजसले उनको र उनको पार्टीको पक्षमा आँखा चिम्लेर प्रशंसा गर्ने गर्छन् । गल्तीहरुलाई सफलता, कमजोरीलाई महानता र बेहोशीपनलाई सतर्कताको रुपमा व्याख्या गरिदिने ती पत्रिकाहरुमा अलिकति पनि आनाकानी गर्ने सम्पादकहरु उनीहरुका कोपभाजनका शिकार हुने गर्छन् ।

◆ यसै कोटीमा पर्ने अन्य कुराहरु हुन्- अरुका आमसभामा नजाने र अरुका आलोचनात्मक भनाइ र भाषणहरु नसुन्ने प्रवृत्ति, आफ्ना अन्ध प्रशंसक नभएका महत्वपूर्ण व्यक्तिहरुलाई उपेक्षा र हेलाँ गर्ने, अपमान समेत गर्ने प्रवृत्ति आदि ।

❑ अरुबाट अन्ध प्रशंसा चाहने यो प्रवृत्तिको उपजको रुपमा पैदा हुँदो रहेछ -आफू पनि चाकडीबाज बन्न पुग्ने प्रबल संभावना । जसले चाकडी चाहन्छ, उसले अरुलाई पनि चाकडी नै गर्छ । स्मरणीय छ, चाकडीमा विवेक र सत्यनिष्ठाको कुनै अर्थ रहन्न ।

मानवीय विवेकमा आधारित सत्यनिष्ठ आन्दोलनमा यस्तो कु-प्रवृत्ति कायम हुन पुग्नु निकै नै गम्भीर चिन्ताको विषय हो ।

केलाउँदै जाने हो भने, अन्ध प्रशंसा र आलोचनाप्रतिको यो अरुचीको प्रवृत्ति हामीमा दासयुगीन प्रवृत्तिको अवशेषको रुपमा रहेको मान्न सकिन्छ । आफूलाई 'मालिक' ठान्ने, ठूलो ठान्ने, अनि जनता र कार्यकर्तालाई 'दास' ठान्ने सानो ठान्ने, अनि 'दास' ले बोलेको कुरालाई महत्व नदिने, 'आलोचना' लाई दासको अधिकार क्षेत्र बाहिरको कुरा ठान्ने ।

सामन्तवादको पनि यो ज्वलन्त नमूना नै हो । 'सामन्त' हरुले आफ्नो गल्तीहरुका बारेमा पनि काव्य-महाकाव्य लेखाएका छन् । आलोचकहरुलाई खोरमा थुनेका छन्, टाउको काटिदिएका छन् ।

भिन्न मतप्रतिको उपेक्षा र अरुची भनेको पनि यही 'टाउको काट्नु' कै आधुनिक संस्करण हो । सिधै यो अप्रजातान्त्रिक प्रवृत्ति हो । जब यो 'द्वन्दात्मक भौतिकवाद'प्रति आस्था राख्छु भनी आफूलाई भन्नेहरुकै पनि प्रवृत्ति बन्न पुग्छ, तब चाहिँ यसलाई बिल्कूलै गैर कम्युनिष्ट प्रवृत्तिको रुपमा पनि बुझ्नु पर्ने हुन्छ ।

**ढोँग** : भन्नलाई द्वन्दवाद मान्छु भन्ने तर आलोचनादेखि डराउने !

**कुरुची** : चाकडीवादी रुची !

**कायरता** : आलोचनादेखि भाग्ने । हाकाहाकी बोल्न, लेख्न, प्रतिवाद गर्न डराउने । भिन्न मत पढ्यो, सुन्यो भने कार्यकर्ता बिग्रन्छ भन्ने डरछेरुवा प्रवृत्ति !

**कमजोर अडान** : आफ्नो अडानलाई यत्ति कमजोर राख्ने र ठान्ने कि, कुनै सानो भिन्न मत पढ्न नपाई आफ्नै कार्यकर्ता अन्तै जाला भन्ने ठानेर उसलाई मनोवैज्ञानिक रुपले 'बाकसवन्दी' गराउने प्रयत्न समेत गर्ने ।

'अब त मूल्यांकनबारे पुनर्विचार गर्नु पर्छ' भनी अप्रत्यक्ष रुपमा 'मूल्यांकन' नपढौं भन्नु वा फलानाको अखबार म पढ्दिनँ भन्नु वा फलानाको आमसभामा नजाऊ भन्नु वा आफूलाई 'जयजय' भन्ने कार्यकर्ता वा अखबारलाई मात्र काखी च्याप्नु र अरुको निन्दा वा उपेक्षा गर्नु आदिलाई देख्दा यस्तो प्रश्न पनि गर्न सकिन्छ- कतै यो हाम्रो आन्दोलनमा हाम्रो समाजबाट प्रवेश गरेको 'भजनियाँ संस्कृति' त हैन ?

भगवान वा गुरुहरु आफ्नो प्रशंसा मात्र गराउन चाहन्छन्, प्रशंसा मात्र भएको देख्न चाहन्छन् र 'भक्त'हरुलाई 'भजन' गराउँछन् । भक्तहरु 'जय जय !' भनेर भजन गर्छन्, प्रशसा र स्तुति गर्छन् ।

जसले जति बढी भजन गऱ्यो, त्यही भक्त 'महान' ठहरिने यो 'भजनियाँ संस्कृति' मा आलोचनाको 'अ' लाई पनि मण्डपबाट गलहत्याए निकालिन्छ ।

'भजनीया संस्कृति' र द्वन्दात्मक भौतिकवादको बीच गोरु बेचेको साइनु पनि नहुनु पर्ने हैन र ?

❑





-शरद पौडेलको
रचना र संगीत-
जनमुखी गीतहरूको
संगालो
**विकल्प**
अब बजारमा
उपलब्ध छ !

काठमाडौंमा पाइने मुख्य ठाउँहरु
◆ प्रगति पुस्तक पसल, डिल्लीबजार उकालो
❑ कावेली कुना, पुतलीसडक
◆ पाठ्य सामग्री पसल, जामे मस्जिद, घण्टाघर (रत्नपार्क)
उपत्यका बाहिर: अधिकांश पत्रपत्रिका पसलहरु

आत्मनिर्भर विकास मञ्च
पो. ब. नं. ७७३१, काठमाडौं ।
फोन: ३३१०२६




हिन्दूहरूको महान चाड दशैं र तिहारको शुभ उपलक्ष्यमा समस्त कृषक, उद्यमी एवं शुभेच्छुक महानुभावहरूमा मंगलमय शुभकामना व्यक्त गर्दछौं । साथै, यस बैंकले कृषक वर्गको हितलाई ध्यानमा राखी लागु गरेको 'सुधार कार्यक्रम- २०५४' अन्तर्गत निम्नानुसार व्यवस्था गरिएको हुँदा सोबाट लाभान्वित हुनु हुन सम्बन्धित सबैलाई जानकारी गराउँदछौं ।

❑ मासिक रूपमा ब्याज बुझाएमा बुझाएको ब्याज रकममा १० प्रतिशत छूट दिइने व्यवस्था गरिएको छ ।
❑ भाखा नाघेको सम्पूर्ण साँवा ब्याज बुझाएमा बुझाएको ब्यांजमा बढी छूट पाउने व्यवस्था गरिएको छ ।
❑ भाखा नाघेको सम्पूर्ण साँवा ब्याज बुझाउन नसक्नेहरूका लागि आंशिक रकम बुझाएमा पनि छूट दिई बाँकी रहेको ऋणको भुक्तानी कार्यक्रम संशोधन हुने व्यवस्था गरिएको छ ।
❑ लगानीमा बाँकी रहेको ऋणमा साधारण, मध्यम वा अधिकतम ब्याजदर लाग्ने सम्बन्धमा कृषक/उद्यमीमा नै निर्भर रहने व्यवस्था छ ।
❑ ग्राहक सुरक्षण कोषको व्यवस्थाबाट कृषक/उद्यमीलाई आफ्नो गाउँघरमै बैंकिङ सुविधा प्राप्त हुने र उक्त कोषमा जम्मा गरेको रकममा समेत बैंकले १० प्रतिशत ब्याज दिने व्यवस्था गरेको छ ।
❑ २०५५ साल साउन १ गतेदेखि व्यक्तिगत ऋणको ब्याजदरमा १ प्रतिशत घटाइएको छ ।

**कृषि विकास बैंक**
परिवार ।

# जोसे सारामागो !

## यस वर्षका नोबेल साहित्य पुरस्कार विजेता



*गरीबी र अभावकै कारणले उनले किशोरकालमै स्कूल छोड्नु परेको थियो । स्कूल छाडेपछि कार मेकानिक भएर....*

सन् १९९८ को नोबेल पुरस्कार विजेताहरु सबैको नाम घोषणा भइसकेको छ । यो घोषणा संगसंगै साहित्यका नोबेल पुरस्कार विजेताको नाम भने अचेल निकै चर्चामा छ । चिकित्साशास्त्र, भौतिकशास्त्र, रसायनशास्त्र, अर्थशास्त्र, साहित्य र शान्तिका लागि योगदान पुऱ्याउने व्यक्तित्वहरुलाई दिइने यो पुरस्कारका विजेताहरुमध्ये यस वर्ष साहित्यमा पुरस्कार जित्ने जोसे सारामागो अहिले निकै चर्चित भइरहेका छन् ।

पोर्चुगलका प्रसिद्ध सहित्यकार तथा उपन्यासकार जोसे सारामागो यति धेरै चर्चित हुनुमा दुईवटा पक्षले भूमिका खेलेको देखिन्छ । एउटा पक्ष हो, उनको तीखो कलमबाट अभिव्यक्त भएका साहित्यिक रचनाहरु स्वयं । अर्को पक्ष हो, उनको संघर्षशील कम्युनिष्ट जीवनका आरोह-अवरोहहरु !

जोसे सारामागो नोबेल पुरस्कार पाउने प्रथम पोर्चुगिज साहित्यकार हुन् । आफ्ना प्रिय साहित्यकार सारामागोले नोबेल पुरस्कार पाएपछि पोर्चुगलका जनताले हर्ष बढाइँ गरेका छन् । पोर्चुगलका राष्ट्रपति जोर्गे साम्पियोले यस्तो खुशीको अवसरमा आफ्नो देशका गौरब सारामागोलाई बधाइ दिँदै भनेका छन्- 'यो पुरस्कारले पोर्चुगिज संस्कृतिलाई विश्वव्यापी मान्यता प्रदान गरेको छ ।'

### म मेरो देशसंग पनि अत्यन्त खुशी छु ।

पोर्चुगिज भाषा, साहित्य र संस्कृतिलाई विश्वव्यापी रुपमा प्रचार गर्न सहयोग पुऱ्याउने साहित्यकार सारामागोले आफू नोबेल साहित्य पुरस्कार विजेता भएको खबर पहिलो पटक असोज २२ गते फ्रान्कफर्ट विमानस्थलमा पाएका थिए । फ्रान्कफर्ट पुस्तक महोत्सवमा सहभागी भएर कानारी टापुस्थित आफ्नो घरतिर प्लेनबाट उड्ने तयारी गरिहँदा उनले यो सुखद् खबर पाएका थिए । यो सुखद् खबर अप्रत्याशित ढंगले पाएपछि उनी आफ्नो घर जानुको सट्टा फेरि एक पटक फ्राकफर्ट पुस्तक महोत्सव भइरहेकै ठाउँमा फर्केर गए । त्यहाँ उनलाई हर्षोल्लसका साथ धूमधामसंग स्वागत गरियो । त्यस खुशीको अवसरमा उनले भनेका थिए- 'म व्यक्तिगत रुपमा ज्यादै खुशी छु । र, म मेरो देशसंग पनि अत्यन्त खुशी छु ।'

पछि पत्रकार सम्मेलनमा उनले आफ्नो उद्गार यसरी प्रकट गरेका थिए- 'यो पुरस्कार पाउनका लागि पोर्चुगिज भाषाले सय वर्ष कुर्नु पऱ्यो । हामीले आफ्नो भाषालाई बचाइराख्ने हो भने मलजल दिने, स्याहार संभार गर्ने काम निरन्तर गरिरहनु पर्दछ, अन्यथा, हाम्रो भाषा संग्रहालयमा थन्किन पनि बेर छैन । लेखकहरुले आफ्नो भाषालाई संरक्षण गर्ने काममा महत्वपूर्ण भूमिका खेल्न सक्छन् र यससंगै काम कुरो गर्न सक्छन् !'

'कम्युनिष्ट साहित्यकार'का रुपमा परिचित मागोले नोबेल पुरस्कार पाएकोमा पोर्चुगलका कम्युनिष्टहरु र पोर्चुगिज कम्युनिष्ट पार्टी (PCP) पनि निकै खुशी देखिन्छ । PCP का एक नेता कार्लोस कार्भाल्होले 'आफ्नो पार्टीका सदस्य जोसे सारामागो नोबेल पुरस्कार विजयी हुनु भनेको आफ्नो पार्टीका लागि इज्जत र कीर्तिको कुरो हो' भनेका छन् । उनी भन्छन्- 'हाम्रो पार्टीका सदस्यको हैसियतले सारामागोले सामाजिक परिवर्तनका लागि भइरहेका संघर्षहरुमा र हाम्रो विचार निर्माणमा महान् योगदानहरु दिनुभएको छ ।'

### संघर्षशील कम्युनिष्ट जीवनका आरोह-अवरोहहरू

पोर्चुगलको कम्युनिष्ट आन्दोलनका आरोह-अवरोहहरुका बीच हुर्केका सारामागोको जीवन पनि निकै उतारचढावपूर्ण देखिन्छ । आजभन्दा ७५ वर्ष अगाडि पोर्चुगलको ग्रामीण श्रमिक वर्गीय परिवारमा उनको जन्म भएको थियो । काम गरीखाने वर्गमा जन्मेका सारामागोले आफ्नो जीवनमा निकै कटु अनुभवहरु संगालेका छन् । उनलाई गरीबीले कहिले पनि पीछा गर्न छोडेको देखिँदैन । गरीबी र अभावकै कारणले उनले पढ्ने लेख्ने किशोरकालमै स्कूल छोड्नु परेको थियो । स्कूल छाडेपछि कार मेकानिक भएर आफ्नो युवाकाल बिताएका सारामागोका लगि राजधानी लिस्वनका यी कटु अनुभवहरु विश्वविद्यालय जस्तै साबित भए ।


गरिबीले जस्तै, लेखक बन्ने सपनाले पनि उनलाई कहिले पनि डोऱ्याउन छोडेन । उनले सानैदेखि नै लेखक बन्ने सपना देख्न थालेका थिए । यो सपनाले उनलाई स्कूले जीवनकालमा र स्कूलबाट बाहिरिएपछि पनि छोडेन । स्कूले जीवनदेखि साहित्य रचना गर्न थालेका सारामागोले कार मेकानिकको युवा कालमा आफ्नो लेखनलाई तिखार्न थाले ।

यही सिलसिलामा उनले २५ वर्षको उमेरमा आफ्नो एउटा सानो उपन्यास प्रकाशित गरेरै छाडे । पछि गएर उनले लिस्वन पब्लिसिंग कम्पनीमा काम पनि गरे । उनको समाज परिवर्तनसंग सम्बन्धित रचनाहरु शासकहरुले पचाउन सकेनन् । त्यसमाथि पोर्चुगलमा एकजना तानाशाह सत्तारुढ भइरहेको स्थितिमा समाज परिवर्तनमुखी साहित्य कहाँ हुर्कन पाउने संभावना हुन्थ्यो र ?

पोर्चुगलका तानाशाह अन्तोनियो सालाजारको कठोर र निरंकुश शासनले जीवनको हरेक फाँटमा दमनकारी कार्यशैली अपनाउन थालेपछि सारामागोका सिर्जनाहरुमाथि ठूलो धक्का लाग्यो । सालाजारको निरंकुश शासनले वामपन्थी र प्रगतिशील शक्तिहरुमाथि दमन गर्न थालेपछि सारामागोका सिर्जनाहरुले पनि सेन्सरशीपको कठोर कँढितारयुक्त बारहरु नाघ्नु पऱ्यो । यसले समग्रमा सारामागो लगायतका अधिकांश साहित्यकारहरुमाथि हतोत्साहको वातावरण बनाउने र जेल नेलको यातनाको वातावरण बनाउने काम गऱ्यो ।

यस्तो दमनकारी स्थिति सन् १९७४ सम्म यथावत रहयो । सालाजारको तानाशाही शासनका विरुद्ध सारामागो लगायतका लेखक, कलाकार, श्रमजीवी र सम्पूर्ण प्रजातन्त्रप्रेमीहरुको संघर्षले १९७४ मा केही हदसम्म सफलता प्राप्त गऱ्यो ।

## कम्युनिष्ट समर्थक साहित्यकार !



सालाजारको निरंकुश शासनका विरुद्ध वामपन्थी झुकाव भएका सैनिक अधिकारी र सैनिकहरुको सफल विद्रोह र जनसंघर्षलाई १९७४ को 'अप्रिल क्रान्ति' भनिन्छ । १९७४ को 'अप्रिल क्रान्ति' ले सारामागोका कलमहरुमाथि लागिरहेको बन्देज र सेन्सरशीपको नेललाई टुक्रा टुक्रा पारिदियो । उनले आफ्नो धारिला-तीखा कलमलाई सशक्त हतियारको रुपमा प्रयोग गर्न थाले र जनसंघर्षलाई अभिव्यक्त गर्न थाले । उनी १९६९ देखि पोर्चुगीज कम्युनिष्ट पार्टीका सदस्य भई जनसंघर्षहरुमा होमिएका थिए । १९७४ को 'अप्रिल क्रान्ति' पछि उनले १८ महिनासम्म लिस्बनको वामपन्थी अखबार Diario de Noticias का सम्पादकको रुपमा काम गरे ।

अप्रिल क्रान्तिद्वारा सत्तारुढ भएका वामपन्थी सैनिकहरु नोभेम्बर १९७५ मा दक्षिणपन्थी सैनिकहरु र पूँजीवादीहरुबाट पराजित भएपछि सारामागोलाई त्यस अखबारबाट जबर्जस्ती हटाइयो । त्यसपछि शुरु भएको वामपन्थविरोधी तूफानले उनलाई केही समयका लागि सिर्जनशील कलमबाट वञ्चित गर्‍यो । त्यसबेला उनी फ्रान्सिसी पाठ्यक्रमहरु पोर्चुगिज भाषामा अनुवाद गर्दै, भित्र भित्रै आफ्नो कलम चलाउँदै गुजारा गर्न थाले । व्यक्तिगत रुपमा उनी त्यसबेला पनि पोर्चुगिज कम्युनिष्ट पार्टीको कार्यकर्ताका रुपमा क्रियाशील थिए ।

> 'हाम्रो पार्टीका सदस्यको हैसियतले सारामागोले सामाजिक परिवर्तनका लागि भइरहेका संघर्षहरूमा र हाम्रो विचार निर्माणमा महान् योगदानहरू दिनुभएको छ ।'

## सहित्यमा प्रख्याति

१९७० को दशकको उथलपुथलपूर्ण समयमा उनले पत्रकारिता छाडेर उपन्यास लेखनलाई तेज पारे । उनले १९७७ मा Manual of Painting and Calligraphy, १९७८ मा Quari Objects र १९८० मा Raised From the Floor नामक उपन्यास लेखेर प्रकाशित गर्न लगाए । तर उनको १९८२ मा प्रकाशित Memorial do convento अर्थात् Baltasar and Blimunda नामक उपन्यासले उनलाई अन्तर्राष्ट्रिय रुपमा प्रसिद्ध बनायो । इतिहासमा भएका मानवीय दुःख-कष्ट र पीडाका घटनाहरुलाई लाक्षणिक ढंगले, महाकाव्यको शैलीले लिखित यस उपन्यासका बारेमा नोबेल पुरस्कार दिने स्वीडिश एकेडेमीले भनेको छ- 'यो किताब हरेक हिसाबले धनी, बहुमुखी गुणले सम्पन्न छ । यसका साथसाथै यो ऐतिहासिक, सामाजिक र व्यक्तिगत दृष्टिले पनि अति नै धेरै महत्तायुक्त छ ।'

त्यसपछि उनले उन्नाइसौं शताब्दीका कवि फर्नाण्डो पेसोआको सम्मानमा १९८४ मा अर्को एउटा चर्चित उपन्यास The year of the Death of Ricardo Reis लेखे । १९८६ मा The Gospel According to Jesus Christ नामक तीखो व्यंग्यको किताब लेखे । यसमा देउताले सोझो मानिस जेससलाई एउटा धर्म सिर्जना गर्न दुरुपयोग गरेको, र त्यही धर्मले हिंसा र असहिष्णुता जन्माएको तथ्य व्यंग्यपूर्वक प्रस्तुत गरिएको थियो । यो किताबमा देउताको निन्दा गरिएको अरोप लागेपछि यो किताब निकै विवादास्पद र चर्चित पनि भयो । यही किताब १९९२ को यूरोपीय साहित्यिक पुरस्कारका लागि हुने प्रतिस्पर्धामा पठाउन लिस्बनका जुरीले छनौट गर्दा पोर्चुगलको सोशल डेमोक्रेटिक पार्टीको सरकारले देश निन्दाको आरोप लगाई भीटो प्रयोग गर्‍यो र यो प्रतिस्पर्धामा सहभागी हुनबाट वञ्चित गर्‍यो ।

यस घटनापछि सारामागो सोशल डेमोक्रेटिक पार्टीको असहष्णितापूर्ण व्यवहार देखेर निकै हतोत्साहित भए । यही व्यवहारका विरुद्ध उनले लिस्बनस्थित आफ्नो सानो र भीडभाडयुक्त फ्ल्याट छाडेर जाने निर्णय गरे । अनि उनी क्यानारी टापुमा करीब एकान्तावासको जीवन बिताउँदै उनले लेखनकर्मलाई जारी राखे ।

१९७९ मा उनले लेखेको The History of the Siege of Lisbon नामक किताबको समीक्षा गर्दै न्यूयोर्क टाइम्स बुकरिभ्यूमा उडमण्ड ह्वाइटरले नोबेल पुरस्कारहरुका लागि सारामागो जतिको सबल सिर्जनशील दावेदार अरु कोही नभएको घोषणा सगर्व गरेका थिए । नभन्दै सारामागोले यस वर्षको नोबेल साहित्य पुरस्कार जितिछाडेका छन् ।

सारामागो नोबेल साहित्य पुरस्कार पाउने चौथो यूरोपीय साहित्यकार भएका छन् । उनीभन्दा अगाडि १९९७ मा इटलीका दारियो फोले, १९९६ मा पोल्याण्डका विस्लावा शिम्बोर्स्का र सन् १९९५ मा आयरल्याण्डका सिमस हिनीले यो पुरस्कार पाइसकेका छन् ।

उनलाई नोबेल पुरस्कार विजेता घोषणा गर्दै स्विडिश एकेडेमीले घोषणा गरेको छ- 'सारामागोले आफ्नो जीवन्त कल्पनाको माध्यमबाट संसारको सत्य तथ्य उद्घाटन गर्ने काममा सफलता हासिल गरेको कारणले उनलाई यो पुरस्कार दिइएको हो ।'

अलान रिडिङ अनुसार उनको लेखन शैली ल्याटिन अमेरिकामा बगिरहेको तिलस्मी यथार्थवाद (Magical realism) बाट प्रभावित देखिन्छ । उनले मूल रुपमा अलौकिक कुराहरु, लाक्षणिक रुपकहरु र विश्वास एवं आस्थासंग सम्बन्धित कथाहरुमा काम गरेका छन्, जसलाई वर्तमान स्थितिसंग जोडेर प्रश्न उठाउन सक्नुमा उनको खुबी झल्किन्छ । उनले राजनीतिक घटनाहरुलाई नारावाजी शैलीमा साहित्य लेखेको उदाहरण देखिँदैन । बरु राजनीतिक र ऐतिहासिक घटनाहरुमा देखिएका नकारात्मक प्रवृत्तिहरुलाई व्यंग्यात्मक शैलीमा अभिव्यक्त गर्ने कार्यमा पनि उनले आफ्नो सिद्धहस्तता कायम गरेको देखिन्छ ।

उनले उपन्यासहरु मात्रै होइनन्, कविताहरु, लेखहरु, नाटकहरु पनि लेखिरहेका छन्, जर्नलहरु प्रकाशित गरिरहेका छन् । १० वटा उपन्यासहरु लेखिसकेका सारामागोका किताबहरु ३० वटा भाषाहरुमा अनुवाद भइसकेका छन् । मूल रुपमा उनका किताबहरु पोर्चुगल लगायत ब्राजिल, स्पेन, इटली र जर्मनीमा बेसी पढिन्छन् ।

## कम्युनिष्ट साहित्यकार पनि नोबेल पुरस्कार विजयी ?

लियो टाल्स्टाय जस्ता मानवतावादी साहित्यकारलाई समेत पुरस्कार नदिने स्वीडिश एकेडेमीले सारामागो जस्ता कम्युनिष्ट पार्टीका घोषित सदस्यलाई कसरी नोबेल पुरस्कार दिइयो होला ? - यो सवाल सबैको मनमा आश्चर्यजनक ढंगले उठ्न सक्छ ।

वास्तवमा, कम्युनिष्ट पार्टीका घोषित सदस्यहरुलाई नोबेल पुरस्कार दिइएको यो पहिलो पटक होइन । यसभन्दाअघि चिलीका प्रख्यात वामपन्थी कवि तथा चिलीको कम्युनिष्ट पार्टीबाट राष्ट्रपतिको उम्मेदवार भएका पाब्लो नेरुदालाई धेरै समयअघि नै यो पुरस्कार दिइसकेको देखिन्छ । गत वर्षका विजेता इटलीका दारियो फो पनि विगतमा इटलीको कम्युनिष्ट पार्टीका सदस्य थिए र हाल पनि उनी कम्युनिष्ट रिफाउण्डेशन पार्टीका सदस्यका रुपमा क्रियाशील छन् ।

१९७१ मा अर्थशास्त्रमा नोबेल पुरस्कार जित्ने प्रो. पल स्यामुइल्सनले यसबारेमा व्यक्त गरेको विचार यहाँ उल्लेखनीय देखिन्छ- 'वास्तविकता के हो भने, यस पटकको साहित्यसम्बन्धी नोबेल पुरस्कार पोर्चुगिज कम्युनिष्टको पोल्टामा जानुको अर्थ नोबेल पुरस्कार दिने संस्थाले कम्युनिज्मलाई समर्थन गरेको ठहरिन्न ।'

जे होस्, १९९७ र १९९८ को नोबेल साहित्य पुरस्कार इटली र पोर्चुगलका कम्युनिष्ट साहित्यकारहरुले पाएका छन् । यो पुरस्कारले यी कम्युनिष्ट साहित्यकारहरुको लेखन कर्मको गुरुत्वको संकेत पनि गरेको छ ।

❑ राजेन्द्र महर्जन



आजभन्दा ८१ वर्षअघि नोभेम्बर महिनामै रुसमा यस्तो क्रान्तिको आँधी-बेरी आएथ्यो, जसले सिंगै विश्व हल्लाएथ्यो । अहिले फेरि विश्वभरिका पूँजीपतिहरु त्राहीमाम भएका छन् र भन्न थालेका छन्- रुस पुनः क्रान्तिको लागि परिपक्व भएको छ ।

बहुसंख्यक रुसी जनताको जिन्दगी बाँचीनसक्नुको भएको छ । नोभेम्बर क्रान्ति अगाडि रुसमा जस्तो दर्दनाक अभावग्रसत जिन्दगी त्यहाँका गरीखाने जनताको थियो, अहिले ठीक त्यस्तै स्थिति त्यहाँ खडा भएको छ ।

करोडौं मजदूरहरुले महिनौंदेखि क्षेप्यास्त्र भएको रुस जस्तो मुलुकको लागि यो अत्यन्त भयावह संकटको लक्षण हो ।

ठीक यति बेलै येल्तसीन सरकारले वित्तीय संकटकै कारण देखाएर अगस्त १७ का दिन एउटा अप्रत्याशित निर्णय गऱ्यो- रुसी मुद्रा रुवलको करिव ३४ प्रतिशतले अवमूल्यन गर्ने । यसका तीन दिनअघि मात्रै राष्ट्रपति येल्तसीनले सार्वजनिक वाचा गरेका थिए- रुवलको अवमूल्यन गरिने छैन भनेर ।

अकस्मात अवमूल्यनको यो घोषणा रुसी जनताको निम्ति स्वच्छ नील आकाशबाट चट्याङ बज्रे सरह भयो । यसबाट सरकारको विश्वसनीयता त

# रूस फेरि क्रान्तिको आँधीबेरीतिर !

◆ श्याम श्रेष्ठ

◆ वर्तमान रूसको भयावह स्थितिको चित्र

❑ कसरी रूसमा ऋणदाताहरू पनि तर्सिन थालेका छन् ?

◆ *मुट्ठीभर धनाढ्यहरूको इशारामा कसरी सरकार चल्दैछ ?*

❑ *रूस टुक्रिने सम्भावना पनि बढ्दैछ !*







फोटोहरू: रुसी भाषाको 'न्यूजवीक'

मे दिवसको सन्दर्भमा मजदूरहरू वर्तमान स्थितिको विरोधमा र समाजवादको स्थापनाको मागमा प्रदर्शन गर्दै । यी मजदूरहरूमा सोभियतसंघ स्थापना कालका मजदूरहरू पनि रहेका छन् *(सबैभन्दा माथि)* । 'हाम्रो पितृ उद्योगलाई लोप हुन नदिऔं' र 'सोभियतसंघ फर्काऊ' भन्ने आशयको प्ले कार्ड बोक्दै रूसमा जनताले निकालेको विरोध जुलुस *(बीचमा)* । मे दिवसमा निराश एक मजदूर *(सबैभन्दा तल)*

आफ्नो मासिक तलब पाउन सकिरहेका छैनन् । शिक्षक, कर्मचारी, वैज्ञानिक, र यतिसम्म कि, सेनाका जवानहरुले समेत आफ्नो पारिश्रमिकको मुख महिनौंदेखि हेरेका छैनन् । सरकारको ढुकुटीमा जम्मा सवा आठ अरब डलर मात्रै विदेशी मुद्रा बाँकी रहेको छ । तर येल्तसीनको सरकारले मजदूरहरुलाई चुक्ता गर्न बाँकी तलबको थैली मात्रै दश अरब डलरको छ । सेनाको बक्यौता तलब मात्रै १६ अरब रुवल छ । त्यसमाथि थप, सरकारले खूद तिर्न बाँकी विदेशी ऋण मात्रै १२० अरब डलर पुगेको छ, जसको वर्षेनी चुक्ता गर्नुपर्ने सावाँ ब्याजको रकम मात्रै ७ अरब डलर हुन्छ । रुसी सरकारको वित्तीय संकट यसरी सम्हाली नसक्नुको भएको छ । मजदूरको ज्याला तिरौं, विदेशी साहूहरुले कठालो समात्छन् । विदेशी साहूकारहरुलाई खुशी पारौं, भोका मजदूरहरुले हडताल गरेर देशै ठप्प पार्छन् ।

उता, तलब नपाएका सैनिकहरुले आफूसित रहेको हातहतियार, यूनीफर्म, यतिसम्म कि, टैंक र हवाईजहाज समेत कौडीको भाउमा बेचेर खान थालेका छन् । हज्जारौं आणविक हातहतियार र पुरापूर स्वाहा भयो नै, येल्तसीनको सात वर्षे शासन कालका जम्माजम्मी दुईटा उपलब्धि- 'स्थिर रुवल र न्यून मुद्रास्फिति दर' पनि एकै झड्कामा स्वाहा भयो ।

मुद्रा अवमूल्यनले गर्दा बजार भाउ दुई तिहाइले बढ्यो । आफ्नो अधिकांश दैनिक आवश्यकताको वस्तु आयातबाट धान्न थालेका रुसीहरुको निम्ति आयातीत सामान छोई नसक्नुको भयो र आयात ४५ प्रतिशतले घट्यो । रुवलप्रति जनताको भरोसा रहेन । रुसीहरुले बैंकहरुमा रुवलमा रहेको बचत झिक्दै डलर खरीद गर्ने गर्न लागे । प्रतिक्रियामा वाणिज्य बैंकहरुले बचतबाट पैसा झिक्न दिन बन्द गरे । मुद्रा अवमूल्यनको क्रम बढ्दै जाँदा यही अगस्तमा प्रति डलर ६ रुवल रहेको विनिमय दर अक्टोबरमा पुग्दा १७ रुबल भयो र यसरी बचत खातामा रहेको रुसी जनताको पैसाको मूल्य हेर्दाहेर्दै तीन गुणा घटेर खोस्टो बरोबर भयो ।

एकातिर महिनौंदेखि तलब रोक्का, अर्कोतिर दुई तिहाई दरमा महँगी वृद्धि, त्यसमाथि थप, बैंकहरुमा रहेको थोरै बचत पनि झिक्न नपाउनु र मूल्यहीन

हुनु- यी तीनै कुरा एकै ठाउँमा जोडिँदा रुसी जनताको जीवन कस्तो दर्दनाक र अभावग्रस्त भयो होला ? सजिलै अनुमान गर्न सकिन्छ ।

जतिखेर सोभियतसघ जीवित थियो र समाजवाद ढलिसकेको थिएन, रुसीहरुको गोजीभरि पैसा हुन्थ्यो, तर बजारमा उपभोग्य सामान पर्याप्त हुँदैनथ्यो, त्यसैले यसको लागि लामो क्यूमा बस्नु पर्थ्यो । अहिले स्थिति बिलकुलै उल्टिएको छ । बजारमा आयातीत सामान टन्न छ, क्यू लाग्नु पर्दैन, तर रुसीहरुको गोजीमा किन्ने पैसा नै छैन । यस्तो देखिन्छ- रुसमा ७ वर्ष लामो पूँजीवादी बजार अर्थतन्त्रको अभ्यासले नाफाखोर व्यापारीमा रुपान्तरित मुठ्ठीभर नोकरशाहहरुलाई मात्र रातारात अरबपतिमा बदल्यो, तर बहुसंख्यक रुसी जनतालाई यसले मगन्ते हरिकंगाल सिवाय केही बनाएन । रुसको पूँजीवादी प्रजातन्त्र केही पहुँचवाल ठगहरुको सानो गिरोहले देशलाई टट्टीटाट पारेर आफू अरबपति बन्न गरेका तमाम हरकतहरुलाई छोपछाप गर्ने सुन्दर मखमली ढकोसला सिवाय केही भएन ।

संसद भवनमाथि ट्यांकको गोली वर्षाएर, ससद भवनभित्र शान्तिपूर्ण विरोध गरिरहेका रुसी सांसदहरुको छातीमा मेशीनगन दागेर अमेरिकी निर्देशनमा जबर्जस्ती लादिएको 'निर्यातीत पूँजीवाद' एक दशक नबित्दै रुसमा नराम्ररी फेल खाएको छ । न यसले देशको प्रगति गरेको छ, न जनताका आधारभूत समस्या नै हल गरेको छ । यसले सिंगो रुसलाई लगातार रसातलतिर मात्रै धकेलिरहेको छ । नत्र सारा स्रोत साधनले सम्पन्न रुस एक दशक नबित्दै कसरी टाट पल्टन्छ ?

लण्डनबाट प्रकाशित हुने प्रसिद्ध पूँजीवादी पत्रिका The Economist ले आफ्नो अक्टोबर २४, १९९८ को अंकमा सोभियत संघ ढलेपछिको रुसको आर्थिक स्थितिबारे यस्तो सटीक मूल्यांकन गरेको छ- .... सोभियत संघबको अन्तयता उत्पादन ४० प्रतिशतले घटेको छ । रोजगारी सिर्फ एक चौथाईले घट्न गएको छ- अर्थात् उत्पादनभन्दा निकै कम । सन् १९९७ मा लगानी गरिएको रकम १९९० मा लगानी गरिएको रकमभन्दा एक चौथाई भन्दा पनि थोरै छ ।' (हेर्नुहोस् पृष्ठ ६५)

बजार अर्थतन्त्रले रुसलाई उँभो लगेछ कि उँधो, यो मूल्यांकनले निकै स्पष्ट पारेको छ । सातै वर्षमा देशको समग्र आर्थिक उत्पादनमा ४०-४० प्रतिशत गिरावट आउनु भनेको सामान्य कुरो होइन । १९९० मा रुसमा जति रकम लगानी गर्न रुसी सरकार सक्षम थियो, त्यसको तुलनामा १९९७ मा एक चौथाईभन्दा पनि कम थैली मात्र लगानी गर्न सक्षम हुनु भनेको आर्थिक हिसाबले एउटा राज्य चार चौथाईमा तीन चौथाई गरीब भइसक्नु हो । त्यस्तै, रोजगारी एक चौथाइ घट्नु भनेको १०० रोजगारी दिन सक्ने राज्य अब ७५ रोजगारी मात्र दिन सक्ने हुनु हो । यो पनि चर्को आर्थिक गिरावटको संकेत हो ।

खुला बजार अर्थतन्त्रले रुसमा ल्याएको यो आर्थिक गिरावटले विश्व महाशक्ति रुसलाई निकै चाँडै र एक दशक पनि नबित्दै फाटेका लुगा र भोको पेटको देशमा बदलेको छ । रुस समाजवादी कालमा यस्तो हरिकंगाल कहिल्यै थिएन ।

अमेरिकाबाट प्रकाशित हुने Forbes नामक प्रसिद्ध पूँजीवादी पत्रिकाले यही सेप्टेम्बर ७ को अंकमा यस सम्बन्धमा छर्लङ्ग पार्ने एउटा महतवपूर्ण लेख प्रकाशित गरेको छ- 'The last days of Boris Yelstin' अर्थात् 'बोरिस येल्स्तीनका अन्तिम दिनहरु' । त्यो लेखमा भनिएको छ- 'रुसको सम्पन्नता तपाई मस्कोमा जे देख्नु हुन्छ, त्यसबाट आँक्न सक्नु हुन्न । राजधानीबाट एक शय माइल बाहिर, प्रान्तीय केन्द्रबाट ५० माइल मात्र उता जानु भयो भने त्यहाँ तपाईले भोक भेट्न हुनेछ र जनताले त्यहाँ झुत्रो पारेको लुगा लाइरहेको देख्नु हुनेछ । केही ठूलो शहरको सापेक्ष सम्पन्नताभन्दा फाटेका लुगा र रोटी एवं आलुको भोजन आज रुसको निम्ति बढी प्रतिनिधिमूलक कुरो भएको छ ।'

Forbes त केसम्म पनि भन्छ भने- आज रुस अर्को क्रान्तिको लागि पाकेर बसेको छ । कमजोर र पूरै कुहेको वर्तमान सरकार आउन त प्रजातान्त्रिक उपायबाटै सत्तामा आएको हो, तर यो अरु सबैथोक छ, प्रजातान्त्रिक छैन ।' (हेर्नुहोस् पृष्ठ १४५ र १४६)



बाँच्नका लागि केही नपाएर च्याउ बेचिरहेका रूसका बूढा पेन्सनवाल

*फोटो: द इकोनोमिस्ट*

**रूसी सांसदहरूको छातीमा मेशीनगन दागेर अमेरिकी निर्देशनमा जबर्जस्ती लादिएको 'निर्यातीत पूँजीवाद' रूसमा नराम्ररी फेल खाएको छ ।**

## कता सुक्यो त्यत्रो लगानी ?

रुसमा पश्चिमेली पूँजीवादी विश्वले कम लगानी खन्याएको होइन । अन्तर्राष्ट्रिय मुद्रा कोषले मात्र त्यहाँ ५० अरब डलरको ऋण लगानी गरिसकेको छ । बेलायतले मात्र त्यहाँ ३ अरब पाउण्ड प्रत्यक्ष लगानी गरिसकेको छ र ऊ अझ अमेरिकापछिको दोस्रो ठूलो प्रत्यक्ष लगानीकर्ता हो । जर्मनीको मात्र त्यहाँ अरबौं डलरको लगानी छ । लण्डनबाट प्रकाशित हुने The observes पत्रिकाको यही ३० अगस्तको प्रकाशन अनुसार, निजी क्षेत्र र सरकारी क्षेत्रको ऋण एकैसाथ मिलाउने हो भने, रुसको कूल विदेशी ऋण मात्रै १९४ अरब डलर पुगेको छ ।

तर रुस भने, आफ्ना मजदूर र सेनाको समेत तलब महिनौसम्म खवाउन नसक्ने गरी कंगाल भएको छ . The Observer का अनुसार, ब्रिटिश फर्महरुको मात्रै र त्यो पनि ब्रिटिश पेट्रोलियम, क्याड्ब्युरी, यूनीलिभर कम्पनीको औद्योगिक लगानी मात्रै त्यहाँ एक अर्ब पाउण्ड डुबेको छ । त्यस्तै, जर्मनीको Deutsche Bank ले मात्रै रुसको लगानीमा यसपाला एक अरब डलर घाटा व्यहोर्नु परेको जनाएको छ । स्विट्जरल्याण्डको क्रेडिट सुइस्से नामक लगानी बैंकले मात्रै ४० करोड डलर घाटामा गएको घोषणा हालै गरेको छ ।

व्यक्तिगत रुपमा सबभन्दा ज्यादा लगानी डुबाउने व्यक्ति जर्ज सोरोस् भएका छन् । उनी विश्वप्रसिद्ध फाटकाबाज हुन् र उनको मात्रै रुसमा २ अरब डलर डुबेको छ ।

धेरैको लगानी स्वाहा भएको छ ।

*डुब्न लागेको रूसी जहाजमा समुद्रमा खस्ने लागेको राष्ट्रपति येल्स्तीन*




*साभार: द इकोनोमिस्ट*

# के रूस अब एकताबद्ध रहीरहला ?

**रूसी महासंघको केन्द्र अहिले जस्तै मूर्खशासित, ज्यादै कमजोर र आर्थिक हिसाबले टट्टीटाट भइरहने हो भने रूस एक भइरहने संभावना निकै कम छ ।**

अमेरिकी परराष्ट्र नीतिको घोषित लक्ष्य छ : विश्वमा अर्को कुनै राष्ट्रलाई महाशक्तिका रूपमा निक्लन नदिने । त्यस्ता महाशक्तिका रूपमा तुरुन्त निक्लन सक्ने राष्ट्र हो- रूस । रूसको समस्या भनेको मुख्यतः नेतृत्वको समस्या हो । मूलतः आफ्नो गोडामा उभिएर राष्ट्रको विकास खोज्ने प्रतिबद्धता र स्पष्टता भएको नेतृत्वको समस्या हो । सक्षम क्रान्तिकारी नेतृत्वको अभावमा जनता पर्याप्त मात्रामा जागृत र सगठित नहुनुको समस्या हो । नत्र रूस आफ्नो क्षेत्रफल, जनसख्या, सास्कृतिक र शैक्षिक विकासको स्तर, प्राकृतिक र आर्थिक स्रोत, विकासका पूर्वाधार, सेना र हातहतियार सबै हिसाबले तुरुन्तै विश्व महाशक्ति बन्ने सभावना राख्छ । त्यसैले, रूसलाई पुनः कुनै पनि हालतमा महाशक्ति राष्ट्र बन्न नदिने घोषित रणनीतिक लक्ष्य राखेको छ- सयुक्त राज्य अमेरिकाले । रूसलाई आर्थिक राजनैतिक र सैनिक हिसाबले तहसनहस पार्ने काम त्यही रणनीति अन्तर्गत नै हुँदैछ । चेक राष्ट्रपति भाक्लाभ हाभेलले खुलस्त नै भनेका छन्- 'हाम्रो निम्ति स्वस्थ सोभियत सघ हुनुभन्दा बिरामी रूस हुनु बेसी जाती छ' । हाभेलको यो धारणा वास्तवमा सम्पूर्ण पश्चिमेली जगत्को प्रतिनिधि धारणा हो ।

रूसलाई महाशक्तिका रूपमा उदय हुन नदिने अर्को चाल पनि चालिँदैछ । त्यो हो- सोभियत सघलाई जस्तै रूसलाई टुक्रा-टुक्रामा विभाजत हुन दिने । त्यसका निम्ति हर सभव भूमिका खेल्ने ।

रूसी महासघसित प्रान्त प्रान्तमा पठाउने अनुदान पैसा नै भएन भने त्यो रूसको विघटनको लागि कारक तत्व बन्न सक्छ भन्ने पश्चिमाहरूको सोच देखिन्छ । अहिले रूसमा यही परिघटना देखा पर्दैछ ।

रूसमा कुल ८९ प्रान्त मध्ये अहिले एक दर्जन जति त्यस्ता प्रान्तहरू देखा परेका छन् जसले केन्द्रबाट प्राप्त गर्ने अनुदानभन्दा ज्यादा केन्द्रमा बेसी कर राजस्व पठाउँछन् । यिनीहरूले अहिले अर्थतन्त्रको मामलामा बेसी स्वायत्तताको माग गर्न थालेका छन् । केही त केन्द्रसित कुनै पूछताछ नै नगरेर सिधै बाह्य पूँजीवादी ससारसित सम्बन्ध गाँस्न शुरू गरेका छन् । यो सम्बन्ध अरू ज्यादा अघि बढ्यो भने के हुन्छ, सहजै अनुमान गर्न सकिन्छ ।

गरीब प्रान्तहरूमा पनि केन्द्रको पकड कमजोर भएको देखा पर्दैछ । प्रान्तहरूसित केन्द्रको सम्बन्धको एउटा मुख्य पुल हो- सघीय अनुदान । अहिले केन्द्र टाट पल्टेको छ । ऊसित प्रान्तलाई दिनलाई मात्र हैन, सेनाको तलब खाउनलाई समेत पैसा छैन । त्यसैले यस्ता प्रान्तहरूमा समेत विद्रोहको स्वर गुन्जिदैछ ।

कालिनग्रादले आफ्नो क्षेत्रमा केन्द्रको सहमति बिना आफ्नै खुशीले इमर्जेन्सी लागु गरेको छ । खानेकुरा र इन्धन तुरुन्त सकिएला र त्यसको हाहाकार मच्चिएला भन्ने भयले उसले यस्तो गरेको बताउँदैछ । तर, उसले केन्द्रमा पठाउनु पर्ने सम्पूर्ण पैसा पठाउन बन्द गर्ने घोषणा समेत गरेको छ ।

रूसको सुदूर पूर्वको साखलिन प्रान्तले ठीक त्यस्तै धम्की दिँदैछ । उसले अझ रूसबाट चाहिएको खण्डमा अलग हुने खालको भाषा पनि बोल्दैछ । यस्तो गरेको खण्डमा यो 'रूसको विघटनको प्रारम्भ' हुनेछ भन्ने उसको उद्घोष छ ।

प्रशान्त महासागरको तटीय क्षेत्र-प्रिमोर्स्की क्राइले त वर्षौदेखि केन्द्रको निर्देशन मान्नै छोडेको छ । रूसको सुदूर दक्षिणी भाग, ककेससको किनारास्थित क्षेत्रले केन्द्रसित बाझाबाझ नै गर्न थालेको छ । त्यहाँको दागेस्तान प्रान्त नागरिक विद्रोहको सघारमा देखिन्छ ।

उरल्सको दक्षिण पूर्वी भाग स्थित खकास्सिया प्रान्तका गभर्नर अलेक्सी ल्यावेदले अब केन्द्रलाई एक कौडी पैसा नपठाउने घोषणा गरेका छन् । उनले येल्स्तीनलाई 'रूसको हिटलर' बताएका छन् । पूर्वी साइबेरियाली गणतन्त्र साखा सुन र हीराको लागि नामूद छ । त्यस प्रान्तले अब केन्द्रलाई एक टुक्रो सुन र हीरा पनि नदिने घोषणा गरेको छ ।

पश्चिमी साइबेरियाको ओम्स्क प्रान्तका गभर्नरले आफ्नो प्रान्तको खाद्यान्न अन्य प्रान्तमा निर्यात गर्न रोक्ने निधो गरेको बताएका छन् । भोल्गा नदीको छेवैमा स्थित सारातोभ प्रान्तका गभर्नरले आफ्नो प्रान्तमा छुट्टै कुपन चलाउने कुरा गरेका छन्, जुन मुद्रा सरह हुनेछ ।

त्यसैले, रूसी महासघको केन्द्र अहिले जस्तै मूर्खशासित, ज्यादै कमजोर र आर्थिक हिसाबले टट्टीटाट भइरहने हो भने, राष्ट्रिय एकताको भावना जगाउने योसित ठोस कार्यक्रम र नीति नहुने हो भने, रूस एक भइरहने सभावना निकै कम छ । थुप्रै प्रान्तहरू चेचेन्या जस्तै रक्तपातपूर्ण विद्रोहमा उत्रने सभावना छ । पश्चिमाहरू यही दिशामा काम गर्दैछन् । ❑

रुसी राज्य र जनता दुवै महाकंगाल भएका छन् । आखिर मोटायो को त ? कहाँ सुक्यो त त्यत्रो विशाल लगानी ? कसरी यति छोटो अवधिमा नै रुसी राज्य जनता यति ज्यादा गरीब भए ?

रुसमा गएको सात वर्षमा खालि एउटै वर्ग मात्रै बंगुर झैं मोटाएको देखिएको छ। ती हुन्- उच्च पदस्थ ठग नोकरशाहहरु र उनका पहुँचवाल आफन्तजनहरु, जो अहिले रुसका नयाँ महाधनाढ्य विजिनेशम्यानमा रुपान्तरित भएका छन् । यिनलाई भुइँफुट्टा नवधनाढ्य वर्ग भने पनि हुन्छ । गएको पाँच सात वर्षमै यिनीहरु रुबल-लखपतिबाट डलर-अरबपतिमा बदलिएका छन् ।

भयो के भने, रुस दैनिक आवश्यकताका वस्तुहरुको उत्पादन र विश्वव्यापी बिक्रीमा टिकेको देश थिएन । यो मुख्यतः तेल, ग्याँस, हीरा, काठ, अल्कोहल, आल्मुनियम, सुन जस्ता वस्तु, प्राकृतिक स्रोतहरु र कच्चा पदार्थको निर्यातमा टिकेको देश थियो । राज्यको अत्याधिक राजस्व यिनै वस्तुहरुको बिक्री र निर्यातबाट प्राप्त हुन्थ्यो । १९९१ मा सोभियत संघ ढल्नेबित्तिकै अन्तर्राष्ट्रिय मुद्रा कोषले यी वस्तुहरुको उत्पादन र कारोबार गर्ने कम्पनीहरुलाई तुरुन्त निजीकरण गर्न दवाब दियो । रुसी राष्ट्र-राज्यलाई सकेसम्म ज्यादा कमजोर पार्न त्यसको मुख्य आयस्रोत नै स्वाहा पारिदिनु जरुरी थियो । त्यही स्वार्थवश मुद्रा कोषले यस्तो दवाब दिएको थियो । आत्मघाती येल्तसीन र उसको भाट शासक मण्डलीले मुद्रा कोषको यो जालसाजीपूर्ण सुझावलाई चूपचाप मान्यो र सन् १९९२ देखि नै तथाकथित निजीकरण अभियान शुरु गऱ्यो । रुसका सबैभन्दा ठूला र सबैभन्दा ज्यादा नाफा र राजस्वदायक कम्पनीहरु सबै निजीकरण गरिए ।

तर यो 'निजीकरण' पनि पारदर्शी ढंगले गरिएन । निजीकरणको लागि उचित मूल्यमा पारदर्शी प्रतिस्पर्धा र खुल्ला बोलकबोल गराइएन । राज्यको एकाधिकार भइरहेको वस्तु व्यक्तिलाई दिँदा उसको ती वस्तुको कारोबारमा व्यक्तिगत एकाधिकार नहुने प्रणाली स्थापना गर्नतर्फ पनि ध्यान पुऱ्याइएन । येल्स्तीन मण्डलीले मनपरी ढंगले एउटा सानो पहुँचलवाला जत्थालाई राज्यको अधीनमा रहेका बहुमूल्य महत्वपूर्ण कम्पनीहरु सुम्पियो ।

पुरानो सोभियत राज्यको आर्थिक डँडाल्नुको रुपमा रहेका सबैभन्दा बहुमूल्य सम्पत्तिहरु र नाफादायक कम्पनीहरु निजीकरणका नाममा कौडीको मोलमा तिनै पहुँचवाल ठग नोकरशाह र उनका आफन्तहरुले रातारात हडपे । राज्यलाई यसबाट केही पनि लाभ हासिल भएन । रुसका एकजना अर्थविद् र प्राज्ञ डा. भ्लादीमीर किभिन्टका अनुसार, येल्स्तीनको तथाकथित निजीकरणबाट मात्रै यी विजिनेसम्यानमा बदलिएका नोकरशाहहरुले र उनका आफन्तजनहरुले करिब १५० अरब डलरको सम्पत्ति मुफ्तमा हात पारे ।

रुसका एकजना भूतपूर्व व्यापारमन्त्री ओलेग ड्यावीडोभका अनुसार, सोभियत संघको विघटनताक रुसमा आल्मुनियमको भाउ प्रति टन ५०० डलर हुँदा विश्व बजारमा २००० डलर थियो । रुसमा तेलको भाउ टनको ४० डलर हुँदा विश्व बजारमा ११० डलर थियो । त्यसैले यी र यस्ता वस्तुको निर्यातबाट उनीहरुले मालामाल नाफा कमाएर रातारात करोडपति-अरबपति बने । राज्यसित यी कम्पनीहरु भइरहेको हुँदो हो त त्यो नाफा राज्यले कमाउँथ्यो । ती कम्पनीले राज्यलाई राजस्व पनि तिर्थे । फलस्वरुप, रुसी राज्य कुनै पनि हालतमा टाट पल्टदैनथ्यो । सम्पन्न राज्यले मजदूरको ज्याला पनि तिर्न सक्थ्यो, सेनाको तलब पनि । सोभियत कालमा भोड्काको निर्यातबाट मात्रै सोभियत राज्यको राजश्वको २३ प्रतिशत भाग प्राप्त हुन्थ्यो । तर रुसमा भयो के भने, रुसको राज्यको प्रमुख आयस्रोत सबै निजीकरणका नाममा निजी क्षेत्रका भुँइफुट्टा पहुँचवाल पूँजीपतिहरुका हातमा पऱ्यो । यिनले निर्यातबाट विदेशी मुद्रामा कमाएको अपार नाफा र आय रुसमा हुल्दै हुलेनन्, स्वीट्जरल्याण्ड र फ्रान्सका बैंकहरुमा जम्मा गरे । अर्कोतिर यिनीहरुले निर्यात प्रवर्द्धनका नाममा राज्यलाई तिर्नुपर्ने कर पनि तिरेनन् । आफ्नो पहुँचको तागतबाट यिनीहरुले सकेसम्म कर छले ।

असलमा, यी मेहेनत गरीखाने राष्ट्रिय उद्योगपति नै थिएनन् । यी राष्ट्रिय उद्योगपतिभन्दा ज्यादा नाफाखोर र अवसरवादी व्यापारी थिए । नाफाखोर अवसरवादी व्यापारीलाई रुसी राज्य र

जनता डुबोस् कि बचोस्- के मतलब ? यिनले आर्जित नाफा र पूँजी देशभित्रै भित्र्याएनन् र उद्योग व्यवसायमा लगानी गरेनन् । त्यसैले, रुसमा अन्तर्राष्ट्रिय व्यापारबाट आर्जित नाफाबाट पूँजी निर्माण नै भएन् । रुसी राज्य आफ्नो पुरानो सबैजसो मुख्य आयस्रोतबाट र सम्पत्तिबाट वंचित हुनु र नयाँ स्रोत र कर पनि कतैबाट नउठ्नु ! यस्तो भएपछि यो टाट नपल्टे के हुन्छ ? यथार्थमा राज्य यति चाँडै टाट पल्टिनुको मूल्यमा नै नव धनाढ्यहरु यति चाँडै अरबपति भएका हुन् ।

यी मुठ्ठीभर नवधनाढ्यहरुले डा किभिन्टका अनुसार, आफ्नो सम्पत्ति फ्रान्सस्थित रिभेयिराको क्यान्नेस र नाइसमा जम्मा गरेका छन् । पोहोर रुसमा जब सर्वत्र गरीबी फैलिरहेको थियो, भूमध्य सागरका यी दुई पर्यटक शहरहरु एक लाख रुसी पर्यटकले भरिभराउ थिए । ( पर्यटकको यो संख्या सन् १९९४ को तुलनामा तीन दोब्बर थियो) । यी पर्यटकहरुसित खल्तीमा यति ज्यादा नगद टनाटन थियो कि, प्रत्येक खर्चिला सामान भएका पसलहरुले आफ्नो पसलको भित्तामा फ्रेञ्च फ्र्यांक र रुबलको विनीमय दर रुसी र फ्रेञ्च भाषामा टाँस्नु परेको थियो ।

रुसमा अहिले धेरैजसो महत्वपूर्ण नीति निर्णय यिनै पौने एक दर्जन जति नव अरबपतिहरुले गर्ने गरेका छन । कसलाई राष्ट्रपतिमा ल्याउने, कसलाई प्रधानमन्त्री र मन्त्री बनाउने, कुन फर्मलाई निजीकरण गर्ने, कसका थाप्लामा मकै भुट्ने- यी सबै निर्णयहरु यिनै मुठ्ठीभर नवधनाढ्यहरुले गरिरहेछन् । लण्डन टाइम्सका अनुसार, यी नवधनाढ्यहरुको सानो गिरोहले रुसको कुल अर्थतन्त्रको ५० प्रतिशत हिस्सामाथि नियन्त्रण कायम गरेका छन् । रुसका सबैभन्दा ठूला वाणिज्य बैंकहरु, औद्योगिक समूहहरु, संचार माध्यमहरु, कच्चा पदार्थहरु, व्यापारिक फर्महरु- सबै यी पौने दर्जन नव धनाढ्यहरुको कब्जामा छ । तिनै नव धनाढ्य मध्ये



पग्लेर सिद्धिँदैछ रूस र येल्स्तीन यसरी

*चित्र: द इकोनोमिस्ट*

संचार टाइकून बोरिस बेरेजोभ्स्की र बैंक टाइकून भ्लादीमीर गुसिन्स्कीको पैसा र संचार माध्यमको बलमा नै राष्ट्रपति येल्स्तीनले सन् १९९६ मा राष्ट्रपतिको चुनाव जितेका थिए । (हेर्नुहोस् लण्डन टाइम्स, २३ अगस्त १९९८, पृष्ठ १४ ) । यहाँ प्रयुक्त टाइकूनको अर्थ हो- शक्तिशाली र प्रभावशाली व्यवसायी ।

जति सक्दो विदेशी लगानी देशभित्र भित्र्याएपछि रातारात देशको विकास हुन्छ भन्ठान्ने नेपाली राजनीतिज्ञहरुको लागि रुसको यो उदाहरण अनुहारमा तीन लोप्पासरह भएको छ । आन्तरिक संस्थागत क्षमताको विकासबिना अन्धाधुन्ध विदेशी लगानी भित्र्याउँदा खालि ठग नोकरशाहहरु मात्र-बंगुर झैं मोटाउँछन् र देश चाहिं अनिकालग्रस्त सोमालियाको नरकंकाल बालक झैं दब्लाउँछ भन्ने तथ्य रुसको अनुभवले छर्लंगै देखाएको छ ।

अहिले रुसको पूँजीवाद फेल खाएको होइन, खालि मुठ्ठीभर भ्रष्ट र ठग नोकरशाहहरुले गर्दा रुसमा भएको विदेशी लगानी अन्यत्र चुहिएको हो भनेर सबैजसो पूँजीवादी संचार माध्यमहरु एक स्वरले कराउँदैछन् ।

यो प्रचार सरासर गलत हो । रुसमा मात्र होइन, सबै तेस्रो विश्वमा साम्राज्यवादी मुलुकहरु एउटै रणनीति त अप्नाइरहेछन्: उनीहरु त्यहाँका उच्च पदस्थ ठग नोकरशाहहरुलाई र राजनेताहरुलाई बेस्सरी पोस्छन्, सुंगुर झैं मोटाउन दिन्छन्, तर राज्य र देशलाई चाहिं हरिकंगाल बनाउँछन् । किनकि, राज्य र देश हरिकंगाल हुँदा मात्रै त्यो कमजोर हुँन्छ र त्यो वित्तीय पूँजीका लागि सदा सर्वदा आफूप्रति निर्भर रहिरहन्छ । त्यहाँको बहुमूल्य स्रोतहरु कौडीको भाउमा आफ्नो हात लाग्छ । र, त्यहाँ श्रम पनि अति सस्तो बन्छ । तसर्थ, रुसमा अहिले जे भइरहेछ, त्यो प्रायश: साम्राज्यवादी राष्ट्रहरुले खोजेअनुसार भइरहेछ । त्यहाँ उद्योगै गर्न खोज्नेहरुको केही पूँजी लगानी अवश्य डुबेको छ, तर केही पूँजी त त्यहाँ जानाजान डुबाइएको देखिन्छ ।

## रूसमा औद्योगिक लगानी नै किन डुब्यो त ?

यसको उत्तर चाहिं जर्ज फ्रिड्म्यान नामक एकजना पूँजीवादी अर्थविद्ले सेप्टेम्बर ११, १९९८ को International Herald Tribune को एउटा लेखमा राम्ररी व्याख्या गरेका छन् । उनले भनेका छन् :

"यो पैसाको कुरा होइन । समस्या के हो भने, रुसमा पैसा पूँजीमा रुपान्तरित हुँदैन । सबै लगानीहरु अदक्षता र चोरीको संयुक्ततामार्फत् निराशाजनक ढंगबाट बित्थामा खर्च भएर सकिन्छ ।"

'पैसा पूँजीमा परिणत हुनका लागि, लगानी फष्टाउनका लागि, संस्थाहरु अस्तित्वमा हुनुपर्छ । जसले संझौताहरुको कानूनसम्मत र पूर्व घोषणा गर्न सकिने ढंगले कार्यान्वयन गर्ने कुराको ग्यारेन्टी गर्छ, एउटा ठाउँबाट अर्को ठाउँमा माल सामानको भरपर्दो ढुवानीको सुनिश्चितता हुनुपर्छ, आर्थिक प्रतिस्पर्धामा सरकारको तटस्थता आदि हुनुपर्छ । यी मध्ये कुनै पनि कुरा रुसमा छैन ।'

फ्रिडम्यानको भनाइबाट के सार निक्लन्छ भने, रुसमा पूँजीवाद त जबर्जस्ती लादियो, तर त्यहाँ पूँजीवाद विकासका पूवार्धारहरु नै विद्यमान थिएनन् ।

केही पूँजीवादी संचार माध्यमले रुसको पूँजीवादलाई पूँजीवादी 'बैंकबिनाको पूँजीवाद' भनेका छन् । बैंक वास्तविक अर्थको पूँजीवादी बैंक हुन त्यसले बहुसंख्यक जनताको बचतलाई आफ्नो हातमा खिँच्न सक्नु पर्छ । त्यसबाट जम्मा भएको पूँजीलाई उद्योग व्यवसायमा लगानी गर्न सक्नु पर्छ र

**रूसमा जनताको दुई तिहाई बचत रुसी बैंकमा होइन, या त विदेशमा जम्मा गरिन्छ, या ओछेनमुनि घुसारिन्छ ।**

त्यसबाट नाफा आर्जन गरेर झन् ज्यादा थप पूँजीको निमार्ण गर्नु पर्दछ ।

रुसमा जनताको दुई तिहाई बचत रुसी बैंकमा होइन, या त विदेशमा जम्मा गरिन्छ, या ओछेनमुनि घुसारिन्छ । र, बैंकहरुले मूलत: लगानीकर्ताको भूमिका नै खेल्दैनन् । उनीहरु या त विदेशी मुद्राको सट्टेबाजी गरेर या सरकारी वण्डको किनबेच गरेर नाफा आर्जन गर्छन् ।

बैंकबिनाको पूँजीवाद भन्नु पनि सारमा पूँजीवादी पूर्वाधारबिनाको पूँजीवाद नै हो ।

रुसमा के भयो भने, जुन जुन उद्योग व्यवसायको भरमा राज्यको राजस्वको मूल ढुकुटी टिकेको हो, तीमध्ये धेरैजसो सबैभन्दा नाफादायक र राजस्वदायक फर्महरुलाई विश्व बैंक र अन्तर्राष्ट्रिय

## रुसः पोहोर र अहिले कति बदलियो ?

| | अहिले | पोहोर |
|---|---|---|
| ० वार्षिक कुल गार्हस्थ्य उत्पादन वृद्धि दर | -९.९% | १.१ % |
| ० वार्षिक औद्योगिक उत्पादन वृद्धि दर | -१४.५ % | २.३ % |
| ० वार्षिक उपभोक्ता मूल्य वृद्धि दर | +५२.२ % | |
| १२.९% (अक्टोबरमा) | | |
| ० विदेशी मुद्रा सचिती | ८.२ अरब डलर | १९.६ अरब डलर |
| ० व्यापार सन्तुलन | +९.९ अरब डलर | २५.१ अरब डलर |
| सेप्टेम्बरमा | | |
| ० एक डलर बराबर रूसी रूबल अक्टोबर २८ मा | १६.२७ रूबल | ५.८९ रूबल |
| ० छोटो अवधिको ऋणको ब्याज दर | ६० प्रतिशत | २१ प्रतिशत |

स्रोत: *The Economist, London*

## रुसका नव महाधनाढ्यहरु

| नाम | समूह | सरोकार क्षेत्र |
| --- | --- | --- |
| ◆ बोरीस बेरोजोभ्स्की | लोगोभाज | तेल, मिडिया, गाडी, एयरलाइन |
| ◆ ओलेग गारखोभ | - | बैंक, उर्जा, कच्चा पदार्थ, मिडिया |
| ◆ भेगित अलेक्पेरोब | ल्यूकआयल | तेल |
| ◆ रेम भ्याकीरेभ | ग्याजप्रोम | प्राकृतिक ग्याँस, बैंक, पत्रिका/टिभी |
| ◆ भ्लादीमीर गुसीन्स्की | मोस्ट | बैंक, मेडिया, रियल स्टेट |
| ◆ भ्लादीमीर पोटानीन | ओनेक्सीन बैंक | बैंक, तेल, मेडिया, धातु व्यवसाय |
| ◆ मिखाइल फ्रिडम्यान | अल्फा | तेल, बैंक, सिमेण्ट |
| ◆ मिखाइल खोदोर्कोभ्स्की | मेनाटेप | तेल, बैंक, खाद्य, रसायनहरु, मिडिया |
| ◆ इओसेफ कोब्जोन | मोस्कोभीट | उपभोग्य वस्तुहरु, मनोरंजन, रियल स्टेट |
| ◆ भ्लादीमीर ब्रिण्टसेलोभ | फेरेइन | ओखती, अल्कोहल |
| ◆ अलेक्ज्याण्डर स्मोलेन्स्की | SBS-एग्रो | कृषि |

*स्रोत: The Economist, September 12, 1998 र Forbes, September 7, 1998*

मुद्रा कोषको दवाबमा निजीकरण गरियो । त्यसैले यसबाट आउने नाफा र राजस्व जति जम्मै व्यक्तिगत खल्तीमा गयो । तर यसको विकल्पमा नयाँ कर तिर्ने औद्योगिक जग भने खडा गरिएन । अल्कोहल, हीरा, टिम्बर र विशेषत: तेल र ग्याँसको निर्यातको भरमा रुसी राज्य टिकिरहेको थियो र रुबल स्थिर भइरहेको थियो । तर विश्व बजारमा तेलको भाउ यसपालि निकै घट्यो । पोहोर १९ डलर प्रति ब्यारेलमा बिकिरहेको रुसी तेल यस वर्ष १२-१३ डलर प्रति ब्यारेलमा झर्‍यो । यिनै सब कुराहरुको कुल जोडले गर्दा रुसी राज्यको आम्दानीको बहुसंख्यक स्रोत सुक्यो र राज्य लगभग टाट पल्टियो ।

रुस, जम्मामा, टाट पल्टनु पर्ने हालतको देश नै होइन । यो विश्वमा सबभन्दा ज्यादा प्राकृतिक स्रोत भएको देश हो । विश्वको कुल तेल भण्डारको ५ प्रतिशत तेल यही एउटा देशमा छ । विश्वको कुल प्राकृतिक ग्याँस भण्डारको एकतिहाई यसैसित छ । योसित विशाल सुन र हीराको भण्डार छ । दक्ष जनशक्ति, बाटो, विजुली, कच्चा पदार्थ लगायत विकासका सारा पूर्वाधारहरु विकसित भइसकेको अति विकसित देश हो यो । रुसको समस्या बिल्कुलै मानव निर्मित समस्या हो । अझ स्पष्ट भाषामा भन्ने हो भने, रुसको वर्तमान संकट साम्राज्यवाद र रुसका भाट शासक निर्मित संकट हो ।

यसलाई मुद्रा कोषनिर्मित संकट भन्यो भने अझ सटिक होला कि ?

विश्व बैंक र मुद्रा कोषको सल्लाह अनुसार चल्दा जे हुन्छ- देशको भलो हुन्छ भन्नेहरुको निम्ति रुसको उदाहरण एउटा कसिलो झापड भएको छ । यी साम्राज्यवादी संस्थाहरु खासमा कसैका पनि आपदका साथी होइनन्, यी आफ्नो नाफा र स्वार्थका साथी हुन् भन्ने कुरा रुसको टाट पल्टाइले छर्लंगै देखाएको छ । रुस वास्तवमा उनीहरुकै निर्देशन अनुसार चल्दा नै आजको दुर्दशामा पुगेको हो । महाशक्ति रुसलाई र यसको बलवान राज्यलाई यसको मुख्य आयस्रोतबाट वंचित गरेर बेहद कमजोर पार्ने साम्राज्यवादी योजनाअन्तर्गत नै रुस आज यो दुर्दशामा पुगेको हो ।

### भयावह अनिकालको संभावना

रुसमा मानवनिर्मित पैसाको अनिकालले त अहिले हाहाहकार मच्चाइरहेकै छ । त्यसमाथि थप, यसपालि प्रकृतिनिर्मित खाद्यान्नको अनिकालले समेत रुसलाई घाँटी इ्याक्न लागिरहेछ ।

रुसले अहिले आफ्नो खाद्यान्नको आवश्यकतामध्ये ६० प्रतिशत आयातद्वारा पूर्ति गरिरहेछ । तर अगस्त महिनाको रुबलको अवमूल्यनले खाद्यान्न आयातलाई सर्वसाधारण जनताको पहुँचभन्दा बाहिर पुऱ्याइरहेको छ ।

आपदमाथि विपद, यही वर्ष रुसको गहुँ बाली गएको ४० वर्षमध्ये सबैभन्दा ज्यादा खराब भएको छ । यसै साल फेरि आलुका खेतहरुमा प्लेग लागेर आलु खेती भसक्कै बिग्रेको छ । स्मरणीय छ, रुसमा आलु नै त्यस्तो टिकाउ खाना हो, जुन खाएर रुसीहरु खराब भन्दा खराब हिउँद पनि गुज्रान गर्थे ।

त्यसैले, रुसमा यस वर्ष खाद्यान्नको भयावह अनिकाल अवश्यंभावी देखिन्छ । त्यसमाथि हिउँदको चीसो थपिँदैछ र हिउँदमा रुसमा केही फल्नु असंभव हुन्छ । यो अनिकालले रुसको विशाल उत्तरी क्षेत्रलाई हाहाकारमा पार्ने देखिन्छ, तर विडम्बना, रुसको दुई तिहाइ भूभाग यही उत्तरी क्षेत्रमा पर्दछ । हमेशा हिउँ र तुषारोले ढाकिने यो क्षेत्रमा सवा करोड जनसंख्या बाहिरबाट पठाइने खानेकुराको आधारमा मात्रै जिउँछन् । भयावह अनिकालले सबभन्दा ज्यादा उनीहरुलाई नै गाँज्ने पक्का छ ।

रुसमा राज्यले मजदूरीको तलब समेत दिन छोडेकोले रुसका ५६ प्रतिशत वयस्क मानिसहरु आफ्नो खानेकुराको केही भाग एक चोक्टो जमीनमा आफैंले उमारेर खाइरहेछन् । खानी मजदूर र आणविक वैज्ञानिकहरु समेतले यही उपायबाट आफ्नो जीवन धानिरहेछन् । तर त्यसमा पनि आलुमा लाग्ने प्लेग रोग लागेपछि र गहुँ बाली बिग्रेपछि उनीहरुले के गर्ने ? के अब हामीले कोइला खाने ? एकजना खानी मजदूर रुसी सरकारलाई औंल्याएर प्रश्न गर्छन् ।




भोक, मुद्रास्फिति, बेरोजगारीमाथि बसिरहेका रूसी प्रधानमन्त्री प्रिमाकोभ

*चित्र: द इकोनोमिस्ट*

**आपदमाथि विपद, रूसमा यस वर्ष खाद्यान्नको भयावह अनिकाल अवश्यंभावी देखिन्छ ।**

आणविक भट्टीका वैज्ञानिकहरु, प्राविधिकहरु जीवन धान्न ससानो खेतीपातमा जुट्नु परेकाले उनीहरुलाई आणविक भट्टीमा होशपूर्वक ध्यान दिन नै मुश्किल परेको बताइरहेछन् । सरकारलाई उनीहरुको चेतावनी छ- रुसमा कुनै पनि क्षण चेर्नोबिलको जस्तो दुर्घटना पुनः दोहोरिन सक्छ । 'एउटा भोको आणविक श्रमिक अर्को चेर्नोबिल दुर्घटनाको प्रतीक्षामा छ'- भर्खरै अक्टोबर ७ मा भएको विरोध प्रदर्शनमा एउटा प्लेकार्डमा यस्तो लेखिएको थियो ।

रुसको यो भयावह अनिकालले हिउँद लागेपछि कस्तो रौद्र रुप धारण गर्ने हो, अहिले केही भन्न सकिन्न । यो निश्चित छ- मानव निर्मित अनिकाल र प्रकृति निर्मित अनिकाल मिलेर रुसी जनताको जीवनलाई हिउँदमा बाँचिनसक्नुको बनाउनेछ ।

कुनै विकल्प भएन भने, रुसमा लाखौं मानिस यसपालि भोकभोकै मर्नेछन्, विशेषतः उत्तरी क्षेत्रमा यो मृत्युले जनताको विद्रोहको भावनामा डढेलो सल्काउने काम गर्नेछ ।

रुसी सरकार अहिले यूरोपेली समुदाय र अमेरिकासित खाद्यान्न सहायता मागेर यो भयावह अनिकाल टार्ने प्रयत्न गर्दैछ । अहिल्यै केही भन्न सकिन्न, यो सहायता कति पुग्दो गरी आउनेछ र यसले कति मात्रामा ज्यानमारा अनिकाल टार्नेछ ।

### नेतृत्वको संकट

अहिले राष्ट्रपति येल्स्तीन रुसका बुँख्याचा राष्ट्रपति जस्ता मात्र भएका छन् । उनी न राम्ररी आफ्नो कुरा बोल्न सक्छन्, न सोच्न सक्छन् र न कुनै निर्णय दिन सक्छन् । खालि पश्चिमी संचार माध्यमले मात्र उनलाई जबर्जस्ती प्रचारमा ब्यूँताइराखेको छ, अरु सबैको लागि उनी जिउँदो सीनो भइसकेका छन् ।

भर्खरै अक्टोबर ११ को दिन उज्वेकिस्तानमा जाँदा तासकन्द विमानस्थलमा उनी गार्ड अफ अनरको निरीक्षण गर्दै थिए, उनको शिर अकस्मात छातीतर्फ ढल्कियो, र उनी बेहोश भए ।



रूसका एकजना सम्भावित राष्ट्रपति
**गेन्नाडी जुगानोभ**

उज्बेक राष्ट्रपतिले उनलाई नथामेको भए उनी भुईँमा नराम्ररी पछारिन्थे ।

अहिले यथार्थमा रुस हाँकिरहेका छन्- प्रधानमन्त्री येभ्गेनी प्रिमाकोभले । रुसको शक्तिशाली टाइकून गिरोहले येल्तीनलाई अब सत्ताबाट हटाउने निधो गरिसकेको कुरा लण्डन टाइम्सले बताएको छ ।

## तर येल्स्तीनपछि को ?

अहिले सारा पश्चिमेली संचार माध्यमहरु हाल क्रास्तोयार्क्स प्रान्तका गभर्नर भूतपूर्व जनरल अलेक्ज्याण्डर ल्यानेद र मस्कोका मेयर यूरी लुज्कोभलाई रुसको संभावित राष्ट्रपतिका रुपमा प्रचार गर्दैछन् । केहीले प्रधानमन्त्री प्रिमाकोभको नाम पनि हाइलाइटमा ल्याउन लागेका छन् । रुसको पूँजीवादी खेमाको नेतृत्वको संकट यिनै तीनमध्ये एकबाट टारिने संभावना व्यापक छ । यी तीनमध्ये पनि सबभन्दा ज्यादा विज्ञापन गभर्नर ल्यावेदको भइरहेको छ ।

यी तीनमध्ये कोही राष्ट्रपति भए पनि रुसको वर्तमान सुल्झाईनसक्नुको भयावह आर्थिक संकट टार्न मुश्किल छ । अब पुरानै किसिमले निजीकरण र उदारीकरणबाट विदेशी सहायता र लगानी ओइर्‍याएर, रुस चलाउनु संभव नै छैन । किनकि, अब रुसमा थप नगद सहायता गर्न र लगानी गर्न सम्पूर्ण पश्चिमा जगत त्राहीमाम छ । कोही तयार छैन ।

यूरोपेली समुदायले त रुसमा अब विज्ञ सल्लाहकारसम्म पठाइदिने, एक कौडी पैसा नदिने निर्णय गरिसकेको छ र अरु पनि त्यसै भन्दैछन् । मुद्रा कोषले गएको जुलाई महिनामा रुसलाई दिने भनेर घोषित गरिसकेको २२.६ अरब डलरको बचाउ धनराशीसमेत हालै आएर रोक्का गर्ने घोषणा गरेको छ ।

सम्पूर्ण पश्चिमेली विश्व अहिले रुसलाई 'पूँजीवादी पूर्वाधार खडा गर, अरु ज्यादा उदारवादी सुधार र निजीकरण गर, रुसको सम्पूर्ण बैंकिङ्ग व्यवसाय तिमीहरु चलाउन जान्दैनौ, हामीलाई छोडी देऊ' भनेर दवाब दिरहेछ । रुसी राज्य अहिले पूरै विलखबन्दमा परेको छ । उनीहरुले भने अनुसार गरौं, रुस झन् सम्पूर्ण रुपमा टाट पल्टेर तहसनहस हुन्छ, उनीहरुले भने अनुसार नगरौं, एक कौडी दिन कोही तयार छैन !

> **रूसमा अहिले मजदूर आन्दोलनको लर्को लागेको छ । तलब नपाएका शिक्षक र वैज्ञानिकहरू पनि लाखौंको संख्यामा मजदूरहरूसँगै कुममा कुम जोडिरहेछन् ।**

क्षणिक समस्या टार्न रुसले केही समय अरबौंको थैलीमा रहेको विदेशी ऋणको सावाँ ब्याज दिन रोक्का गर्ने घोषणा गरेको छ । तुरुन्तै करिब २० अरब रुबल बरोबरको नोट छाप्ने र मजदूर र सेनाको वेतन थोरै भए पनि चुक्ता गर्ने उसले घोषणा गरेको छ । राज्यको आयको स्रोत हुन सक्ने अल्कोहलको उत्पादनलाई राष्ट्रियकरण गर्ने घोषणा पनि उसले गरेको छ ।

पश्चिमा जगत्ले यी सबै निर्णयको सख्त विरोध गरेको छ । यसरी अहिले रुसको राष्ट्रिय स्वार्थ र पश्चिमा जगत्को स्वार्थमा ठाडो बाझो परेको देखिएको छ ।

अरबौं रुबल छाप्ने निर्णयले रुसमा मुद्रास्फिति वा महंगी अरु धेरै चर्को रुपमा बढाउने निश्चित छ । यसले जनताको गरीबी र सही नसक्नुको जिन्दगी अरु ज्यादा बढाउनेछ ।

१५ करोड जनसंख्या भएको मुलुक रुसमा अहिले ९ प्रतिशत मानिस पूर्ण रुपमा बेरोजगार छन् । रुबलको अवमूल्यनले रुसमा थुप्रै उद्योग व्यवसायहरु डुबेका छन् र लाखौं मानिसहरु मस्कोमा मात्रै बेरोजगार भएका छन् । असह्य भोक छ, गरीबी छ, अभाव छ तर रोजगारी छैन, किन्ने पैसा छैन, पैसा आउने सबै बाटाहरु बन्द छन् । त्यसमाथि अनिकाल लाग्दैछ ।

रुसमा अहिले मजदूर आन्दोलनको लर्को लागेको छ । तलब नपाएका शिक्षक र वैज्ञानिकहरु पनि लाखौंको संख्यामा मजदूरहरुसँगै कुममा कुम जोडिरहेछन् ।

गएको अप्रिलको दोस्रो हप्तामा मात्रै रुसको स्वतन्त्र ट्रेड यूनीयनहरुको महासंघ (FITUR) को आव्हानमा आठ लाख मजदूरहरु हड्ताल र विरोध प्रदर्शनमा उत्रे । रुसका ९६६ वटा शहरहरुमा उनीहरुले सशक्त ज्याली र औजारबन्द कार्यक्रम गरे । तिर्न बाँकी दशौं अरब डलरको मजदूर ज्यालाको भुक्तानी नै मजदूर आन्दोलनको मुख्य माग थियो ।

यही मे महिनाको दोस्रो हप्तामा मात्रै रुसका महिनौंदेखिका भोका लाखौं खानी मजदूरहरुले ट्रान्स साइबेरियन रेल्वे लाइन नै पूरै काटीदिएर रुसलाई ठप्प पारे । दश दिनसम्ममा उनीहरुले भर्कुता-मस्को रेल्वे लाइन र उत्तरी ककेसस रेल्वे लाइन पनि ठप्प पारिदिए । हडतालले गर्दा कतिपय क्षेत्रमा त इमर्जेन्सी समेत घोषणा गर्नु पर्‍यो । अन्तमा खानी मजदूरहरुको तिर्न बाँकी ६० करोड डलर बराबरको ज्याला हर कुनै तरहले राज्यले तिर्न नयाँ बील नै संसदमा ल्याउने बचन सरकारले दिएपछि मात्रै हडताली मजदूरहरु काममा फर्किए ।

यही गएको अक्टोबर ७ मा पनि पुनः दशौं लाख मजदूरहरु रुसव्यापी रुपमा सडकमा उत्रे । उनीहरुले मजदूरहरुको तिर्न बाँकी दशौं अरब डलरको थैली तुरुन्त चुक्ता गर्न, नभए मजदूर हडताल र आक्रोशको सामना गर्न चेतावनी दिएका छन् ।

रुसको मजदूर हडताल अहिलेसम्म राजनीतिक हडतालमा बदलिसकेको छैन, तथापि यो त्यही दिशातर्फ लम्कँदैछ । मुद्रा अवमूल्यनले जुन जनव्यापी पैसा र खानेकुराकै हाहाकारको स्थिति रुसमा पैदा गरेको छ, त्यसैले लाखौंको बेरोजगारी थप्दैछ । त्यसले रुसको जनआक्रोशमा गुणात्मक फड्को ल्याउने संभावना देखिँदैछ । अब रुसमा मजदुर, शिक्षक, र पेन्सनवालाहरु मात्र सडकमा आउने छैनन्, आम जन साधारण पनि सडकमा आउन बाध्य हुनेछन् । 'मर्न परे पछि किन खुट्टा तानेर नमर्ने ?' यो भावना खानै नपाएका, लाउनै नपाएका करोडौं रुसीहरुमा जागृत हुनु स्वाभाविक छ ।



रूसका एकजना सम्भावित राष्ट्रपति
**युरी लुज्कोभ**

यसरी रुस तीव्र गतिले क्रान्तिको आँधीबेहरीतर्फ लम्किँदैछ । क्रान्तिसिवाय अर्को कुनै बाटोबाट रुसको वर्तमान आर्थिक सामाजिक संकटको गाँठो फुक्न संभव छैन । विगतमा नोभेम्बर क्रान्तिअघि रुसमा जस्तो क्रान्तिकारी वस्तुगत हालत सिर्जना भइरहेको थियो, ठीक त्यस्तै हालत अहिले सिर्जना भइरहेछ ।

तर रुसको यतिखेरको अन्तर्विरोध के हो भने, त्यहाँ अहिले क. लेनिनको बोल्शेविक पार्टी जस्तो वस्तुवादी, गतिशील र सुस्पष्ट क्रान्तिको खाका भएको जुझारु कम्युनिष्ट पार्टी मैदानमा देखिन्न । कम्युनिष्ट नामको पार्टी त त्यहाँ देखिन्छ, र संसदमा सबैभन्दा ठूलो पार्टीको रुपमा ज्युगानोभको पार्टी छ । तर यो पार्टी सुधारवादले ग्रस्त देखिन्छ । अरु साना क्रान्तिकारी पार्टीहरु पनि त्यहाँ अस्तित्वमा देखिन्छन् । जस्तै, निना ऐन्द्रिएभाको पार्टी । तर यो पार्टीमा वस्तुपरकता र गतिशीलताभन्दा ज्यादा उग्रवामपन्थी संकीर्ण चिन्तन हावी भइरहेको प्रतीत हुन्छ ।

त्यसैले, सुधारवाद र उग्रवादबाट मुक्त, लेनिनको जस्तो सक्षम पार्टीको विकास रुसको निम्ति यतिखेरको सबैभन्दा जरुरतको विषय भएको छ ।

योग्य र सक्षम नेतृत्वको अभावमा रुसको क्रान्तिको आँधीबेहरी सारै ध्वंशात्मक, दिशाविहीन र खर्चिलो त हुने होइन ? क्रान्तिकारी नेतृत्वको अभावको समस्या हल नहुने हो भने, रुसमा वर्तमान भयावह आर्थिक-राजनीतिक संकटबाट नाजीवादको त उदय हुने होइन, जर्मनीमा दोस्रो विश्वयुद्ध अघि उदय भएजस्तो ?

अहिले विश्वभरि यही चिन्ता व्याप्त छ । हामी कामना गर्छौं- रुसमा यस्तो कदापि नहोस् ! ❑

## रूस- एक चिनारी

- क्षेत्रफल: १ करोड ७० लाख वर्ग किलोमिटर
- जनसंख्या: १४.९६ करोड
- साक्षरता दर: ९९:५ प्रतिशत
- बेरोजगार जनसंख्या: ९ प्रतिशत
- शहरी जनसंख्या: ७६ प्रतिशत
- कुल गार्हस्थ उत्पादन (PPP): ६४३ अरब डलर
- प्रति व्यक्ति कुल गार्हस्थ उत्पादन ( PPP): ४३५५ डलर
- तिर्न बाँकी खुद विदेशी ऋण: १२० अरब डलर
- जनसंख्या प्रति टेलिफोन: ५.९
- सरदर आयु अपेक्षा: ६८ वर्ष
- राज्यको अधीनमा रहेका उद्योगहरु: २ प्रतिशत

*स्रोत: Asia Week र The Economist का विभिन्न अंकहरु*

# पाठकको कुरो

## डा. अरूणा उप्रेती भन्नु हुन्छ

मूल्यांकन पूर्णांक ६० पढ्ने मौका पाएँ। सूडानको भूखभरीको कथा अत्यन्त खोजमूलक ढंगबाट लेखिएको छ। लेखक बधाइका पात्र हुनुहुन्छ। नून-चिनी-पानीको बारेमा अन्तक्रिया निकै राम्रो लाग्यो। यो अन्तर्क्रिया गर्दा केही उपभोक्ताहरुको विचार पनि समावेश गर्न पाएको भए अझ राम्रो हुन्थ्यो।

*'जीवनजल' को मूल्य* उपभोक्ताहरुले महँगो ठान्छन् कि ठान्दैनन् ? नेपाली 'जीवनजल' र बाहिरबाट आउने ORS एउटै हो वा बाहिरबाट आउने बढी राम्रो भन्ने विचार उपभोक्ताहरुको छ भन्ने कुरा पनि समावेश गर्न पाए राम्रो हुन्थ्यो।

एनरोनको बारेका विचारहरु अत्यन्त सटीक छन्। मूल्यांकनले प्राइवेट अस्पताल र नर्सिङ होमहरुमा भइरहेका ठगी, नचाहिने ठाउँमा पनि बिरामीहरुलाई अनेक थरिका test गर्न लगाउने, जस्तै MRI, ECG, CT-SCAN,- त्यस्तै महिलाहरुको स्वास्थ्य सम्बन्धमा पनि भविष्यमा लेखहरु निक्लनेछन् भन्ने आशा राख्दछु।

-डा. अरुणा उप्रेती

## 'जनादेश' र 'बुधवार' बारे

चन्द्रदेव नेपालीको 'सन्दर्भ-रजनिस र मोहनविक्रम सिंह' भन्ने लेखमा जे कुरा लेखिएको छ, त्यो सत्यको नजिक छ र द्वन्दात्मक भौतिकवादीहरुले कुनै मूर्त चिजलाई हेरेर त्यसमाथि विश्लेषण गर्नु पर्छ, हचुवा अधिभूतवादी दृष्टिकोणले होइन। त्यसकारण, जसरी ओशोले आफ्नो गलत धर्मको नामले समाजमा युवाहरुलाई दिग्भ्रमित पारेको छ, त्यसको समयमै रोकथाम गर्न नसके, पछि समाजलाई गलत दिशाबाट मुक्त गर्न सम्भव छैन।

तर, जुन गलत चिजको निन्दा गर्नुको सट्टा आफूलाई सच्चा मार्क्सवादी-लेनिनवादी-माओवादी हुँ भनी जनयुद्ध हाँकिरहेको पार्टीको नजिक मानिने पत्रिका र 'मूल धार' सम्झने एमाले नजिकको पत्रिकाले अधिभूतवादी दृष्टिकोणले व्यक्तिको विरोध गर्नुमा उनीहरुभित्र कति इमान्दारिता रहेछ तथा 'जनादेश' र 'बुधवार'बीच कति मित्रता रहेछ र कुन किसिमले एउटै चिजलाई विश्लेषण गर्दा रहेछन् त ? भन्ने कुरा स्पष्ट हुन्छ। यसरी मूल्यांकनद्वारा गलतलाई खबरदारी र सहीलाई प्रोत्साहन दिइयोस्।

-रामनाथ शर्मा
हैदराबाद, पटानचेरु (भारत)

## पारदर्शी आवरणकथा

मूल्यांकन, पूर्णांक ५९ समयै हेर्ने मौका पाएँ। यसमा भारतीय अतिक्रमणलाई पारदर्शी ढंगले आवरणकथामै राखिएको पाएँ, जसमा 'कालापानी, किन र कसरी भारतले सीमा मिचेको छ' भन्ने लेख साथै भारतीय ज्यादती कालापानीमा भन्ने लेख ज्यादै मार्मिक लाग्यो, जसमा सचित्र व्याख्या गर्नु हुने लेखक महोदयहरुमा आभार व्यक्त गर्दछु। देशभक्त चिन्तकहरुबाट अरु पनि यस्तै लेखको अपेक्षा राख्छु। मूल्यांकनको पृष्ठ बढाएर खेलकूदलाई पनि स्थान दिए अझ राम्रो हुने थियो।

**गजेन याख्या, स्याबुन गाविस ४, कुसुवा पब्लिक लाइब्रेरी अफ कुसुवा, संखुवासभा**

## के एमालेहरू मूल्यांकन पढ्दैनन् र ?

५९ औं अंकको आवरण कथाले नेपाली जनतालाई आफ्नो देशको सीमाबारे परिचित गराउन सफल भएको छ। लुम्सालीज्यूको कालापानी मार्चको स्थलगत रिपोर्ट सन्सनीपूर्ण र रोचक छ। माले विद्यार्थीहरुको राष्ट्रभक्ति महान् छ र उनीहरुले पश्चिमका विकट ठाउँमा रहने जनताहरुलाई राष्ट्रभक्ति आन्दोलनको नजिक ल्याए। मार्चको नै निउँ पारेर भारतले ६०० मिटर भूमि पुन: अतिक्रमण गर्‍यो। आगामी दिनमा कुनै चरम राष्ट्रवादी (झिरीनो-भस्कीपन्थी)हरुले बुटवलको उत्तरी डाँडाबाट नौतनवातिर छेप्यास्त्र हिर्काउने आयोजना गरेर भारतले बुटवलसम्म काँढेतार लगायो भने पनि उनीहरुको गतिविधिलाई पनि उपलब्धीपूर्ण नै मान्ने कि ?

कुनै पनि संस्था वा व्यक्तिले व्यक्त नै नगरेको कुरा वा प्रसंग बंग्याएर उक्त संस्था वा व्यक्तिको प्रतिष्ठामा आघात पुग्ने सामाग्री प्रकाशित गर्नुलाई पत्रकारिता भनिन्छ भनेर विभिन्न पत्रिकामा पढ्न पाइन्छ। नेकपा एमालेले उसका कार्यकर्ता, सदस्य एवं समर्थकहरुलाई मूल्यांकन नपढ्नु भनेर उसका कुन चाहिं दस्तावेज प्रचार सामाग्रीद्वारा सर्कुलर गरेको छ वा कुनै नेताद्वारा त्यस्तो निर्देशन भएको छ ? मूल्यांकनसंग प्रमाण होला ! नभए त्यस्ता सामाग्रीले मूल्यांकनमा स्थान कसरी पाएँ ! ५९ औं अंकसम्म आइपुगेको मूल्यांकन विस्तारै आफ्नो प्रतिबद्धताबाट पछि हटेर कुनै एक पार्टीतिर मात्र सम्बन्धित हुन पुग्ने जस्तो आभास दिन थालेको छ। नीति संस्कृतिमा लेखकले आम नेपालीहरुमा रहेको मुख्य कमजोरी औंल्याउनु भएको छ र हामीले समयको मूल्यांकन गर्न नसक्दा आज पछाडिनु परेको छ। नून-चिनी पानी र जीवनजलको प्रयोगबारे सही निर्क्योल सर्वसाधारणमा पुर्‍याउने मूल्यांकनको विचार अत्यन्त जनप्रिय छ। यसको सही जानकारी गाउँ गाउँमा पुगेमा हज्जारौं शिशुहरुले जीवन गुमाउनु पर्ने छैन। क्लीन्टनको चीन भ्रमण बारेको लेखले चिनियाँ नेतृत्वलाई कसरी अमेरिकीहरुले कुटनीतिक तरिकाले पछारे भन्ने छर्लंग पारेको छ भने यो भ्रमणले अन्य समाजवादी मुलुकहरुलाई पनि पूँजीवादीहरुलाई आफ्नो मुलुकमा भ्रमण गराउँदा उनीहरुका सबै चाहना पूरा गर्ने हो भने समाजमा कसरी मन्द विष फैलाउन सक्छन् भन्ने उदाहरण दिएको छ। अन्त्यमा, मूल्यांकनले एमालेले गरेको गल्तीलाई जनसमक्ष ल्याओस्, ल्याइरहेको पनि छ। तर पूर्वाग्रही चाहिँ नबनोस् र एमाले कार्यकर्ता मूल्यांकन पढ्छन् पढ्दैनन् स्वयंले सर्वेक्षण गरोस्।

**-इन्द्र पौडेलपदमपुर-१, सोहपुर, चितवन, हाल : चेन्नै**

## अन्तर्क्रिया छापियोस्

गत ५५ अंकदेखि म यस पत्रिकाको नियमित पाठक बनेको छु। अंक ६० भाद्र १५ गते नै हात लाग्यो। सुडानको दारुणिक कथा पढ्न पाइयो। सुडानको आन्तरिक हालत त्यस्तो भएकै बेला अमेरिकाले छेप्यास्त्र प्रहार गरेर, उसलाई सहायता गर्नुपर्नेमा उल्टो नांगो आक्रमण गरेको थाहा पाइयो।

पत्रिकाहरुमध्ये सबैभन्दा स्तरीय र वामपन्थी पत्रिकाको रुपमा म यो मूल्यांकनलाई चिन्दछु। तर गएका केही अंकको तुलनामा यसका सामग्रीहरुको स्तरीयता अली खस्केको महसुस गरी एउटा इमान्दार पाठकले दिन सक्ने निम्न सुझावहरु दिन चाहन्छु।

◆ विश्व कम्युनिष्ट आन्दोलनको बारेमा विस्तृत कुराहरु लेखियोस्। स्तम्भ मात्रै राखेर भएन। अहिले विश्वमा समाजवादी व्यवस्था भएका देशहरु कुन कुन छन् र ती देशमा के कस्ता गतिविधि भइरहेछ ? क्युबामा समाजवादी व्यवस्था कसरी अगाडि बढिरहेछ र कम्बोडियामा हाल के भइरहेछ ? अधिकांश पाठक जान्न उत्सुक छन्। आगामी अंकमा छापियोस्।

◆ अन्तर्क्रिया स्तम्भमा गतांकमा पनि छापिएको नुन-चिनी-पानी कै बारेमा छापिएछ। यसरी सधैं एउटै विषयमा अन्तर्त्रि,या छापिनु भन्दा सैद्धान्तिक विषयहरुमा अन्तर्क्रिया छापिनु पर्‍यो नत्र यो पत्रिका नाम मात्रको विचार अन्तर्क्रियामुखी बन्न जानेछ। आगामी अंकमा नेकपा एमाले फूटको सैद्धान्तिक कारण के हो ? यसबारेमा अन्तर्क्रिया छापियोस्।

◆ नीति/संस्कृति स्तम्भमा समाजका अन्धविश्वास, कुरीति, कुसंस्कार माथि दर्बिलो झटारो हानियोस्। हल्का, फूल्का विषयलाई लिएर अन्तर्क्रिया गर्ने, लेखहरु छाप्ने गर्नाले पत्रिकाको स्तरीयता नै घट्न जाने हुँदा त्यसो नगरीयोस्।

◆ मूल्यांकनलाई पनि भ्याट (?) लाग्यो कि क्या हो ? नत्र किन मूल्य बृद्धि ? मूल्य ठीक छ, मूल्य बृद्धि नगरियोस्। यदि गरिन्छ नै भने पेज बढाइयोस्।

अन्य स्तमभहरु ठीकै छन्, पढ्नयोग्य नै छन्।

**-दुर्गा सिटौला, दमक न.पा.-१६**

## माओवादीबारेको लेख

मूल्यांकन पूर्णांक ५८ मा के दमनले देशको समस्या समाधान हुन्छ ? पढें। वास्तवमा सत्ता हाक्ने र सत्ता ताक्ने जुन सुकै राजनैतिक दलको पनि सत्तामा समान हक लागे जस्तै देशको जल्दोबल्दो समस्याको सही समधान गर्ने कर्तव्य पनि हुन आउँछ। अहिले समस्याको जड नै थाहा नपाई वर्तमान सरकारले आँखा चिम्लेर अन्धाधुन्द गोली चलाउँदा प्रतिपक्ष पनि चूप लागेर बस्ने समय छैन र माओवादीहरुको पनि आफ्नो शक्तिलाई संचित गरी सही सदुपयोगमा नै भलाई हुने देखिन्छ भन्ने लेख उपयोगी छ। आजको स्थितिमा नेपाली मजदूर र तिनका समस्या बारेको लेखमा वर्तमान नेपाली मजदूरहरुको वास्तविक अवस्था र यथार्थ चित्रणका साथै मजदूरहरु चुसिने तरिकाहरुको बारेमा प्रष्ट्याएकोले सो साह्रै समसामयिक एवं सान्दर्भिक लाग्यो।

**-राम सहारा राई**
**होम्ताङ-३ भोजपुर**

## इतिहासले माफी दिनेछैन

ढिलै भए पनि अंक ६० अध्ययन गर्ने सुअवसर पाएँ। यसमा सुडानमा भयंकर अनिकालको वास्तविक कारण स्पष्ट्याउनु भएको छ, लेखकको अथक परिश्रमलाइ मान्नै पर्छ। भोकमरी समस्याले ग्रस्त सुडानीहरुको मार्मिक दृश्यले मुटु नै एकपटक चसक्क भयो।

त्यसै गरी, घटना र प्रवृत्तिमा क्लिन्टन र लेविन्स्कीको यौन काण्डसम्बन्धी सामाग्रीहरुले विश्व साम्राज्यवादको नाइकेको कालो चेहरा नेपाली जनतासामु प्रष्ट भएको छ। अमेरिकाको प्रतिकृयावादी अदालतले उसलाई सजाय नदिए तापनि विश्व जनअदालत र इतिहासले माफी दिने छैन। त्यसैगरी नीति संस्कृतिमा चन्द्रदेव नेपालीको विचार वास्तविकता र सत्यता छ। कथित वाम पार्टी समर्थक पित पत्रिकाले त्यो वास्तविकता बुझ्ने प्रयास गरुन्।

अन्तमा शोषित पीडित, मेहनतकश, न्यायप्रेमी नेपाली जनताहरुको मुक्तिकामी आन्दोलनलाई सहयोग पुग्ने सामाग्रीहरु सहित प्रत्येक नेपालीको घर दैलोमा पुग्न सकोस् र मुक्तिको दिन नजिकियोस् भन्ने आशा राख्दछु।

**-गोबिन्द श्रेष्ठ, मद्रासबाट**


## प्रवासी नेपालीबारे

तपाईको पत्रिकाको लोकप्रियता भारत प्रवासमा आएर रोजीरोटीको खोजीमा लागेका देशभक्त नेपाली नागरिकहरुको बीचमा पनि फैलिएको छ। धेरै नेपालीहरुले यसको वार्षिक ग्राहक भएर पत्रिका पढ्ने गरेका छन्। तपाईहरुको सामाग्री उन्नत छ।

भारतमा रहेका संगठनहरुको साथ साथै प्रवासी नेपालीहरुका समस्याहरु अनुसन्धानात्मक रुपमा प्रकाशित गर्ने गरेमा नेपाली जनताहरुमा पनि प्रवासी नेपालीहरुको समस्याहरु, उनीहरुको असल पक्ष र खराब पक्ष सबलाई छर्लंग पार्न सकिने थियो।

**-रामप्रसाद पराजुली एन.एस.रोड २१, मियाँवाली नगर, नईदिल्ली ११००४१, (भारत)**

# Kathmandu Maida Mills Pvt. Ltd.
## AN AUTOMATIC FLOUR MILL




KMM

You have a deal. A fair deal. Best quality flour and atta.
From our modern and automatic plant.
For you and for all your needs.
Quality flour for bakeries and confectioneries.
Hygenic Atta for breads.
All suited to your needs
Give your flair a name.
The name of

***KATHMANDU MAIDA MILLS PVT. LTD.***

**Balaju Industrial District, Balaju**
**P.O. Box 351 Kathmandu Nepal**
Phone No. 350221, 350285

---

**शुभ विजयादशमी**
**तथा शुभ दीपावलीको**
**उपलक्ष्यमा बाग्लुङ्ग**
**जिल्लावासीहरु तथा**
**समस्त देशवासीहरुमा**
**हार्दिक शुभकामना !**

सभापति,
# लिलाबहादुर थापा
**तथा जि.वि.स. परिवार, बाग्लुङ्ग**

---

**विजयादशमी**
**तथा दीपावलीको उपलक्ष्यमा**
**बाग्लुङ्ग नगरवासीहरु तथा**
**समस्त देशवासीहरुमा**
**हार्दिक शुभकामना !**



मेयर
# ऋषिराम शर्मा
तथा बाग्लुङ्ग
नगरपालिका, बाग्लुङ्ग

ल.पु.जि.प्र.का. द.नं. ९९/०४९/५०   म.क्षे.हु.द.नं. १२/०५१/५२

